# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्व मानचित्रमा ०.०३% र एशिया महादेशमा ०.३% भू-भाग नेपालले ओगटेको छ । क्षेत्रफलको हिसावले १,४७,१८१ वर्ग किलोमिटर रहेको छ । क्षेत्रफलमा सानो भए तापनि नेपाल भौगोलिक विविधता, जैविक विविधता र सामाजिक, सांस्कृतिक विविधताले भरिपूर्ण छ । भौगोलिक दृष्टिकोणले सानो मुलुक नेपालमा विभिन्न जातजाति, भाषाभाषी, धार्मिक र सांस्कृतिक हिसाबले अनेकता रहेपनि भावना, विचार र सद्भावमा एकता रहेको पाइन्छ । राष्ट्र निर्माता पृथ्वीनारायण शाहका अनुसार "नेपाल चार जात छत्तिस वर्णको साझा फूलवारी हो" जसरी एउटा फूलवारीमा विभिन्न रंगीविरङ्गी फूलहरू फूलेर वगैंचाको शोभा बढाउनको साथै सुगन्धित बनाएका हुन्छन् त्यसरी नै नेपालमा विभिन्न जातजाति जस्तै वाहुन, क्षत्री, नेवार, गुरुङ, मगर, राई, लिम्वु आदि जातजातिको वसोवासले अनेकतामा एकता रहेको आभास हुन्छ । त्यस्ता जाति मध्येको एक हो नेवार जाति (राजभण्डारी, २०७२) ।

सामाजिक-सांस्कृतिक विविधताको विशेषता भन्नु नै जात, धर्म, जनजातियता, भाषा र संस्कृतिमा आएको विविधता हो । नेपालको कूल जनसङ्ख्या २६४९४५०४ रहेको छ जो १२५ वटा जातजातिमा बाँडिएका छन् (जनगणना, २०६८) । जसमध्ये नेवारको जनसङ्ख्या १३२१९३३ रहेको छ । जुन कुल जनसङ्ख्याको ५ प्रतिशत  हुन आउँछ । तीमध्ये ५७ वटा समूहहरूलाई "आदिबासी जनजाति" भनिन्छ । नेपाली समाज बहुजातीय, बहुभाषिक, बहुधार्मिक विविध रीतिरिवाज, संस्कार र संस्कृतिले भरिपूर्ण रहेको, मानिस सामाजिक प्राणी भएको र समाज बिना मानिसको कुनै अस्तित्व नभएको हुनाले "गुठी" संस्थाले केही मानवीय झुण्डहरूलाई एकतामा बाध्नुको साथै एक अर्का बीच सहयोग र सद्भावका कार्यहरू पारम्परिक रुपबाट नै गरिदैआएको पाइन्छ ।

भौगोलिक दृष्टिकोणले सानो हाम्रो मुलुक नेपाल चार जात छत्तिस वर्णको साझा फूलबारीको रुपमा रहेको छ । जातजाति, धर्म, भाषा, संस्कृति, आदिका हिसाबले अनेकतामा

एकता यहाँको विशेषता हो । फूलका थुँगा थुँगा गाँसेर बनाइएको एउटा मालाले जसरी सुन्दरता झल्काउँछ त्यसरी नै त्यहाँका ब्राह्मण, क्षेत्री, नेवार, मगर, राई, लिम्बु आदि जातजातिले देशको सुन्दरता बढाएका छन् । वि.सं. २०६८ को गणना अनुसार नेपालमा जम्मा १२५ जात/जाति रहेका छन् । ती मध्ये नेवार पनि एक हो । बन्द व्यापार र कला कौशलतामा विशेष दख्खल भएको यो जाति भित्र पनि थुप्रै तहका उपजातिहरू विद्यमान रहेका छन् । यी उपजातिहरूको आफ्नै इतिहास, सामाजिक मर्यादाक्रम, संस्कृतिको उपस्थिति रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) ।

नेपाल एक बहुजातीय (मंगोल, किराँत, खस, आर्य आदि) बहुभाषी (भोट, बर्मेली अष्ट्रो एशियाली, द्रविड आदि) बहुसांस्कृतिक समाजको संगमस्थल हो । सानो देशभित्र भएका यी बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, बहुजातीय मानव समाजहरू बीचमा मौलाएको अनेकतामा एकता नेपालीका विशेषताको रुपमा विश्व सामु नै नेपाललाई परिचित गर्ने एक सशक्त माध्यमका रुपमा उभिएको छ (खड्का, २०५५) ।

नेपालको प्राचिन जाति वा वंशका मानिसहरूबारे अध्ययन गर्दा नेपाल उपत्यकामा सर्वप्रथम गोपालवंशीहरूको शासन रहेको कुरा बुझिन्छ । गाई पाल्ने गोपालहरू पछि भैँसी पाल्ने महिषपाल वंशको शासन चलेको कुरा इतिहासमा देखिन्छ । तीन जना महिषपाल शासकहरू मध्ये अन्तिम राजा भुवन सिंहलाई हराई किँराती सरदार यलम्बर नै नेपालको प्रथम किँराती राजाका रुपमा स्थापित भए । जम्मा ३२ जना किँरातीहरूले नेपाल उपत्यकामा शासन गरेको कुरा इतिहासले बताउँदा यही किँराती जीतका हाँगाहरूको विकासको क्रममा नेवार जाति पनि एक हाँगाको रुपमा विकसित भएको कुरा बुझिन्छ । पछि भारतबाट शरणार्थीका रुपमा आएका लिच्छिविहरूले किँराती अन्तिम राजा गस्तीलाई पराजित गरेपछि नेपालमा लिच्छवी शासनको सूर्योदय भएको बुझिन्छ (शर्मा, २०३९) ।

नेवार काठमाडौं उपत्यकाको सबैभन्दा पुरानो बासिन्दा हुन् । यिनीहरू संस्कृतिका धनी जाति मानिन्छन् । उनीहरूले आफ्नो समुदायमा अन्य समुदायको भन्दा छुट्टै खालको सांस्कृतिक तथा रीतिरिवाजका कार्यहरू सम्पादन गर्दै आएको पाइन्छ । लिच्छवी र किँरातीहरूको लामो सामाजिक अन्तरक्रिया पछि नेवार जनजातिको उत्पत्ति भएको उल्लेख छ । यिनिहरू तिब्बती वर्मन भाषिक समूहभित्र पर्दछन् । नेवार एउटा जाति भन्दा वृहत विभाजन हो । जस अन्तर्गत विभिन्न उपजातिहरू संलग्न रहेका छन् । जयस्थिति मल्लले

नेवारी समाजको पुनर्गठन गरी जातीय विभाजन गरेपछि यस जातिमा सामाजिक विभेदहरू देखिन थालेका थिए । अधिराज्यका शहरी केन्द्रमा यिनीहरूको धेरै घनत्वको बसोबास छ । यिनीहरूको मुख्य पेशा व्यापार नै हो तापनि ज्यापुहरू खेती किसानीमा नै सिमित छन् । उच्च ब्राह्मणदेखि अछुतसम्मका जातिगत समूह नेवार समुदायमा पाइन्छ । थर अनुसारको कार्य विभाजन यिनिहरूमा छ । नेवारहरू हिन्दु तथा बौद्ध धर्म मान्ने पनि गर्दछन् । केहीले हिन्दु र केहीले बौद्ध माने पनि दुवै धर्मप्रति आस्था राख्दछन् (बिष्ट, २०३०) ।

नेवारलाई एउटै समूहमा राख्ने प्रयास गरेपनि यस समुदायभित्र विभिन्न उपजाति र धर्मावलम्वीहरू छन् । ब्राह्मण, क्षेत्री, वैश्य  र शुद्रमा नेवारहरू स्तरीकृत छन् । उदाहरणका लागि बौद्धमार्गी नेवारकोमा गुभाजुले र हिन्दुमार्गी नेवारकोमा ढेभाजुले पुरोहितको काम गर्दछन् । क्षेत्री अन्तर्गत प्रधान, श्रेष्ठ, राजभण्डारी पर्दछन् भने वैश्यमा ज्यापुहरू अनि शुद्रमा कसाई पोडेलाई राखिएको छ । गुठी  नेवार समुदायमा  अति महत्वपूर्ण सङ्गठित संस्था हो ।  यसले विभिन्न कार्यमा महत्वपूर्ण  भूमिका खेल्ने गर्दछ । नेवार समुदायको धार्मिक, सामाजिक तथा आर्थिक संस्था हो । थकाली जातिको ''ढिकुटी'' गुरुङ जातिको ''रोधी'' भए जस्तै नेवार जातिको "गुठी" हुन्छ । "गुठी "भन्ने शब्द संस्कृतिको "गोष्ठी" बाट अपभ्रम्श भई बनेको हो । संस्कृत भाषामा गोष्ठीको अर्थ सभा सम्मेलन, भेला वा परिषद भन्ने बुझिन्छ । समयको अन्तरालमा गोष्ठी भन्दा भन्दै गुठी हुन गएको हो । सामूहिक उत्तरदायित्व वहन गर्ने कार्यमा विभिन्न गोष्ठीबाट समाजमा सन्तोषजनक योगदान दिन सकेको कारणले गोष्ठीकै अपभ्रंस रुप गुठी पाइन्छ । मानिस समाज विना अलग भएर बाँच्न सक्दैन । त्यसैले सहयोग र सद्भावना सबै पक्षबाट कायम रहनुपर्छ भन्ने भावनाको प्रतिक नै गुठी हो (टण्डन, २०५२) ।

नेपालमा गुठीको व्यवस्थाबारे खोजमूलक अध्ययन अनुसन्धान गर्ने गोविन्द टण्डन गुठीको परिभाषा दिदै लेख्छन् : "गुठी शब्दले धार्मिक लैङ्गिक कामलाई प्रत्यक्ष रुपमा बुझाउँछ भने परोक्ष रुपमा ती कार्यहरू गर्न राखिएको जग्गा वा रुपैयाँलाई बुझाउँछ" (टण्डन, २०५३: ११) ।

परम्परादेखि नै पितृसत्तात्मक मूल्य मान्यतामा आधारित रहेको नेवारी संस्था गुठीले सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक व्यवस्थालाई सन्तुलनमा राख्ने काम गर्दछ (Nepali, 1965) । जुन ईशापूर्व पाँचौ शताब्दीबाट नै गुठी व्यवस्था अस्तित्वमा रहेको

पाइन्छ । जो केही सामाजिक मूल्य मान्यतालाई आत्मसाथ गर्दै आफ्नो सम्पूर्ण गुठीयारहरूलाई अनुशासनमा बाँध्ने काम गर्दछ । गुठीको मुख्य मान्छे वा नेतृत्वकर्ता भनेको "नायो" वा "थकाली" हुन्छ । जसको निर्णयलाई सबै गुठीयारले समर्थन गर्दछन् भने जसको आदेशलाई सम्पूर्ण गुठीयारले मान्दछन् । गुठीमा नीति नियम बनाउनमा थकालीको मुख्य भूमिका हुन्छ । गुठी भनेको एक सामाजिक सङ्गठन हो जो नेवार समुदायको अभिन्न अङ्ग बनेको छ । यसले समाजमा सामाजिक सद्भाव कायम गर्न महत्वपूर्ण भूमिका खेलेको छ जस्तैः- सामाजिक, आर्थिक, धार्मिक मनोरञ्जनात्मक आदि । समाजमा यसको यस्तै कार्यहरू देखेर मानिसहरू गुठीमा आवद्ध हुन लालयित देखिन्छन् । मानिसहरूलाई कसरी सामाजिक बन्ने भन्ने कुरा गुठीले सिकाउँछ । मानिसको सामाजिकीकरण प्रक्रियामा गुठीको महत्वपूर्ण भूमिका हुन्छ । मानिसलाई सामाजिक जिम्मेवारी बहन गर्न सिकाउने नै गुठी हो । गुठीले आर्थिक कार्य पनि गर्दछ । आफ्ना सदस्यहरूलाई ऋण सुविधा उपलब्ध गराउने गर्दछ । गुठीले एकातिर मनोरञ्जनात्मक कार्यमा गीत सङ्गीत सम्बन्धी कार्यक्रम र वनभोजजस्ता कार्यक्रमहरू आयोजना गरी मनोरञ्जन प्रदान गर्दछ भने अर्कोतिर गुठीयार बीचमा सहकार्य र सद्भाव जगाउँछ जसले गर्दा उनीहरू बीचमा "हामी" को भावनाको विकास हुन्छ ।

धर्म र संस्कृतिको साथै लोक कल्याणकारी भावनाको जगेर्ना गर्दै समाजलाई सन्तोषजनक योगदान पुऱ्याउदै आइरहेको कारणले नै गुठीको महत्व बढ्दै आइरहेको छ । नेपाली समाज धर्मप्रति आस्थावान् भएकाले गुठी व्यवस्था भूमि व्यवस्थाको उपजको रुपमा देखापर्दै आइरहेको छ । परम्परागत रुपमा गुठी नगद वा जिन्सीको रुपमा राखिदै आए तापनि नगदको अभावको कारणले भूमि नै गुठीको रुपमा राखिदै आएको पाइन्छ । गुठीको इतिहासलाई हेर्दा वि.स. ५२१ मा लिच्छवी राजा मानदेवले प्रथम चाँगुनारायणको अभिलेखमा पहिला गुठी शब्दको उल्लेख गरेको पाइन्छ । त्यसकारण लिच्छवीकालमा गुठी व्यवस्था प्रौढ रुपमा पुगिसकेका थियो भन्न सकिन्छ (बज्राचार्य, २०३०) ।

चाहे हिन्दु होस् या बौद्ध नेवारहरूको आ-आफ्नै गुठी हुन्छ । गुठीले नै उनीहरूलाई अनुशासनमा बाध्छ । गुठी संस्था नेवार समुदायमा बाहेक अरु समुदायमा कम मात्रामा पाइन्छ । गुठी संस्थाबाट कुनै पनि नेवारले आफूलाई अलग राख्ने काम गर्न सक्दैनन् । नेवार समुदायबाट सञ्चालित गुठीको पनि धेरै प्रकारहरू छन् । ती मध्ये प्रमुख तिन गुठी यस प्रकार छन् ।

१. देवाली गुठी

२. साना गुठी

३. सीं गुठी

साना गुठी र सीं गुठीको काम मृत्यु संस्कारसँग भएतापनि तिनका बेग्ला बेग्लै प्रकारको काम र उत्तरदायित्व हुन्छ। सीं गुठीले शव डढाउने र दाह संस्कार गराउने काम गर्दछ भने साना गुठीले शव डढाउन आवश्यक सहयोग गर्ने र घाटसम्मसँगै गएर अरु आवश्यक सहयोग गर्ने गर्दछ। साना गुठीले त्यस्तै अप्ठ्यारो नपारी शव उठाउने र दाह संस्कार गर्ने वा गराउने काम गर्दैन। यसबाट भन्न सकिन्छ कि साना गुठीले आफू त्यसमा नमुछिकन प्रवन्धकको मात्र काम गर्दछ (शर्मा, २०३९)।

मानिस सामाजिक प्राणी भएको र समाजविना मानिसको कुनै अस्तित्व नभएको हुनाले 'गुठी' संस्थाले केही मानवीय झुण्डहरूलाई एकतामा बाँध्नुका साथै एक अर्का बीच सहयोग र सद्भाव कायम गर्दछ। नेवारी जनजीवनमा प्रकार्यात्मक एकता झल्काई महत्वपूर्ण अङ्गको रुपमा कार्य गरेको पाइन्छ। परम्परा देखि नै समाजमा आइपर्ने वा आवश्यक भएका कार्यहरू सबै मिलि सङ्गठित भई गर्नुपर्ने पाठ गुठी व्यवस्थाले सिकाउँदै आएको छ। यसैले नेवार समुदायमा गुठीको प्रकार्य, मानव बीचको सम्बन्ध, गुठी व्यवस्थापन आदिमा आधारित रही यस अध्ययन कार्य गरिएको छ।

## गुठीको परिभाषा

कुनै पनि देशको उन्नति र विकासमा त्यस देशको अवस्थिति र भौगौलिक बनोटले महत्वपूर्ण प्रभाव पारेको हुन्छ। नेपाल भौगौलिक हिसाबले अति सानो मुलुकका रुपमा चिनिन्छ। यहाँको जीविकोपार्जनको मुख्य आधार कृषि हो। तर अधिकांश नेवार जातिहरू व्यापार-व्यवसायको हिसाबले अगाडि देखिन्छन् र यिनीहरू विभिन्न शहर र बजार क्षेत्रमा छरिएर रहेको पाइन्छ। जहाँ जता रहे तापनि गुठीमा आवद्ध हुनुपर्ने नेवारहरूको प्रचलन र बाध्यता हो।

सर्वप्रथम गुठीका सम्बन्धमा विभिन्न विद्वानहरूले दिएको परिभाषालाई समावेश गर्नु सान्दर्भिक देखिन्छ। जसमध्ये प्रसिद्ध इतिहासकार तथा लेखक धनबज्र बज्राचार्यका भनाइअनुसार स्थानीय प्रशासन सम्बन्धी, जनहितसम्बन्धी काम कुरा मिलाउन जसरी प्रत्येक

गाम पच्चाली (पञ्चायत) खडा गरिएका थिए, त्यसै गरी धार्मिक र शिक्षा स्वास्थ्य आदि लैङ्गिक काम कुरा मिलाउन त्यस बेलामा गोष्ठीहरू खडा गरिएका थिए । आवश्यक कुरा मिलेर गर्ने भावना नै गोष्ठी प्रथाको आधार हो । गोष्ठी शब्दबाटै गुठी शब्द बनेको हो ( बज्राचार्य, २०३०) ।

यसरी हेर्दा देव-देवालयको गुठी र नेवारी गुठीको बीचमा केही भिन्नता पाइन्छ । देव-देवालयको गुठी भन्नाले खाली धार्मिक प्रयोजन अर्थात् मन्दिर र पूजापाठका लागि छुट्याएको नगद, पैसा जग्गा आदि बुझिन्छ भने नेवारी समाजको गुठी भन्नाले धार्मिक सांस्कृतिक कियाकलापको साथसाथै नेवारी जातिमा जातीय एकता कायम गर्न र एक आपसमा प्रकार्यात्मक सम्बन्ध कायम गर्न अनि आफ्नो छुट्टै विशिष्ट सांस्कृतिक कार्यहरू र मर्दापर्दा सहयोग गर्ने हिसाबले स्थापना भएको गुठी भन्ने बुझिन्छ । नेवारी गुठी एउटा विशिष्ट समुदायमा आधारित गुठी हो भने अन्य देव-देवालय सम्बन्धी गुठी सम्पूर्ण समाजको सामूहिक गुठी हो ।

कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं १६ मा नेवारहरूको बसोबास रहेको छ । लामाचौरका नेवारहरूको पुर्खाको बारेमा अध्ययन गर्दा लक्ष्मी नरसिंह श्रेष्ठ र वृन्द नरसिंह श्रेष्ठ भक्तपुरको भादगाउँबाट लामाचौरमा आएर बसोबास गरेको भन्ने पाइन्छ (स्मारिका, २०६०) । कास्की जिल्लामा अन्य स्थानमा बस्ने नेवारी समुदायहरू आफ्नो भाषा, संस्कृति, रीतिरिवाजलाई जगेर्ना गर्दै आएका पाइएतापनि लामाचौर निवासी नेवार समुदायहरू भने गैर नेवारी समुदाय बीच सामिप्यता र अल्पसंख्यामा रहेका हुँदा उनीहरूको प्राचीन भाषा, संस्कृति लोप हुँदै धरापमा पुगेको देखिन्छ । आफ्नो भाषा, संस्कृतीको जगेर्ना गर्ने हेतुले वि.सं. २०६९ जेष्ठ १ गते लामाचौर नेवाःखल गुठी नामक संस्था खोली गुठीको माध्यमबाट आफ्ना प्राचीन सभ्यताहरूको उजागर गर्न तर्फ उन्मुख रहेको पाइन्छ । प्रस्तुत शोध अध्ययन गुठी व्यवस्थापनको जानकारी लिने, गुठीको महत्व र भूमिका विश्लेषण गर्ने उद्देश्य लिई "नेवार समुदायमा गुठी व्यवस्थापन पोखरा महानगरपालिका वडा नं. १६ लामाचौरको एक अध्ययन" शीर्षक राखी शोध अध्ययन गरिएको हो ।

## १.२ समस्याको कथन

समाजशास्त्रीय अर्थमा एक निश्चित नियम र कार्यप्रणालीको सम्बन्धको आधारमा बन्ने मानवहरूको समूहलाई नै समाज भनिन्छ । समाज बन्नका लागि समाजका सदस्यहरू बीच आपसी सम्बन्ध हुनु आवश्यक छ किनभने जबसम्म समाजका एवम् सदस्यको अर्को सदस्यप्रति पारस्परिक चिनजान, अन्तरक्रिया नभएसम्म त्यसलाई समाज निर्माण भएको भन्न सकिदैन । त्यसैले समाज भनेको सामाजिक सम्बन्धको जालो हो । जसरी समय गतिशिल हुन्छ त्यसरी नै समाज पनि गतिशिल हुन्छ । शिकारी संकलित समाजबाट आधुनिक समाजसम्म आइपुग्दा मानिसहरू बीचको आपसी सम्बन्ध अन्तरकिया धेरै परिवर्तन आएको भान हुन थालेको छ ।

आजको २१ औं शताब्दीको युगमा मानिसहरू परस्पर सम्बन्ध सहयोगको भावनाबाट धेरै टाढिएका छन् र व्यक्तिवादी एवम् स्वार्थी बनेका छन् । अहिलेको समयमा मानिसले आफ्नो बारेमा मात्र सोच्ने गरेको पाइन्छ  र ऊ असामाजिक बन्दै गएको छ । यस्तो व्यक्तिबादी, प्रतिस्पर्धी र असमान समाजमा पनि नेवार समुदायमा गुठी विद्यमान रहेको छ ।

सामाजिकीकरण प्रकृयामा गुठीको भूमिका, सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिक पक्षमा कस्तो प्रभाव पार्दछ । गुठीका सदस्यहरूको बिचमा कस्तो कियाकलाप रहनेछ आदि विविध विषयमा अध्ययन गर्नु नै प्रमुख समस्याको रुपमा रहेको छ । यस अध्ययनमार्फत् नयाँ पिँढीलाई नेवारी गुठीको वास्तविक पहिचान र आर्थिक सामाजिक महत्वबारे जानकारी हुनसक्छ । साथै यसले भविष्यको लागि यस्ता गुठीसङ्गठनले अझ सङ्गठित रुप दिने कार्यमा निरन्तरताको लागि जोड दिइएको छ ।

पूर्व शोध अध्ययनहरूको पुनरावलोकन गरी विश्लेषण गर्दा नेवार समुदायमा गुठी संस्था, गुठीको व्यवस्थापन, गुठीयार सदस्यहरूको परिवारहरू बीचको सम्बन्धको विश्लेषण जस्ता विषयहरूको मात्र उठान गरिएको पाइएता पनि शोध अध्ययन क्षेत्रका नेवारी समुदायहरू आफ्ना भाषिक, जातीगत, रीतिरिवाज, धार्मिक, संस्कारहरूप्रति विलुप्त भई गैर संस्कृतिहरूप्रति संस्कृतिकरण हुँदै आएका र हालको वि.सं. २०६३ सालको राजनैतिक परिवर्तन पश्चात् गणतान्त्रीक संघीय व्यवस्थाले जातीय पहिचान हुनुपर्छ भन्ने भावना अनुरुप वि.सं. २०६९ जेठ महिनामा गुठी संस्था खोले पश्चात् ६ वर्षको अन्तरालमा उनीहरूले के कसरी आफ्ना जातीय संस्कारहरूलाई अवलम्बन गरेका छन् भन्ने हेतुले

प्रस्तुत शोध अध्ययन नेवार समुदायमा गुठी व्यवस्थापनको बारेमा जानकारी लिने, नेवार समुदायमा गुठीको महत्व र भूमिकाको विश्लेषण गर्ने, उद्देश्य लिई शोध अध्ययन गरिएको छ । यस शोध अध्ययनका समस्याहरू निम्नानुसार छन् :

- नेवार समुदायको गुठी व्यवस्थापन कसरी भएको छ ?
- नेवार समुदायमा गुठीको महत्व एवम् भूमिका कस्तो छ ?

जस्ता समस्याको समाधान गर्नका लागि आवश्यक भएकाले यस शोधअध्ययन गर्न खोजिएको हो ।

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनको सामान्य उद्देश्य नेवार समुदायमा सञ्चालित गुठी व्यवस्थापनको जानकारी लिनु रहेको छ भने विशिष्ट उद्देश्यहरू निम्नानुसार छन् ।

- नेवार समुदायमा गुठी व्यवस्थापनको बारेमा जानकारी लिने ।
- नेवार समुदायमा गुठीको महत्व र भूमिकाको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

गुठीसंगठनमा गुठीयारहरूबिचमा उत्तरदायित्व बहन गर्ने कार्यमा दिन प्रतिदिन फिक्कापन बढिरहेको छ । आधुनिक युवाजगत्ले पुर्खाहरूले गरे जस्तै गरी संवेदनशील भएर साङ्गठनिक कियाकलापलाई निरन्तरता दिने हुन् कि होइनन् भन्ने विषयमा प्रश्नचिन्ह खडा भएको छ । आधुनिक युवाजगत्का परिवर्तित व्यवहारले गुठीसंगठनलाई कतै गुठी सिद्धान्त र मर्मअनुरुप डोऱ्याउन नसक्ने त होइन ? भन्ने स्थिति देखापरेकाले यसबारेमा बेलैमा सजग गराउन यस अध्ययनले मदत गर्नेछ । हुन त  समयले फड्को मार्दै जाँदा मानिस सधैँ यथास्थितिमा सीमित रहिरहनु ठिक होइन तापनि संगठनले सामाजिक संरचनालाई जीवन्तता दिन्छ भने त्यसलाई निरन्तरता दिने कार्य पनि सकारात्मक कार्य भएकाले यसतर्फ उत्प्रेरित गर्ने सबैलाई महत्वका साथ लिनु आवश्यक मानिन्छ । गुठीसंगठनले समुदायका गुठीयारहरू बीचमा एकता र सामिप्य कायम राख्दै सहकार्यको भावनाअनुसार मानविय ढङ्गले चल्न उत्प्रेरित गर्ने हुनाले आफ्नो समाजमा केही गर्नुपर्छ र सामाजिक, सांस्कृतिक कार्यमा एक इट्टा थप्नुपर्छ भनी दायित्व बोध गराउन पनि यस्ता अध्ययन

अनुसन्धानको महत्व हुन जान्छ । अन्यथा विशिष्ट संस्कृतिका धनी नेवारहरूको मौलिक संस्कृति विलय हुँदै जाने क्रममा काठमाडौं उपत्यकामा मात्र सीमित हुन पनि सक्छ । नेवारहरूको विशिष्ट संस्कृति अन्य जातिहरूको प्रभावले गर्दा दिनप्रतिदिन परिवर्तनको दिशामा उन्मुख छ । यस अध्ययनले प्रचलित पद्धतिअनुसार गुठी संगठनको अवस्था र महत्वलाई झल्काएको छ । जुन भविष्यको निम्ति अपरिहार्य छ । गुठी संगठनको व्यवस्थापनमा विगत र वर्तमानमा भएको परिवर्तनका बारे यस अध्ययनबाट विशेष रुपमा थाहा पाउन सकिन्छ ।

यस अध्ययनले पो.म.न.पा. वडा नं. - १६ का विभिन्न टोलमा अन्य जातिहरूसँग मिश्रित रुपमा बसोबास गर्ने नेवार समुदायको अवस्थालाई समेत प्रतिनिधित्व गर्ने महत्वपूर्ण र सामाजिक एकता गर्नमा निकै उपयोगी हुँदाहुँदै पनि आधुनिकता र बाध्य सांस्कृतिक परिवर्तनले गुठी व्यवस्थापनमा केही निष्क्रियता ल्याउने हो कि भन्ने शङ्का जन्माएको छ जसले गर्दा गुठीको प्रकृति, नीति नियम बारेमा भविष्यमा थाहा नहुन सक्छ । त्यसकारण पनि यो अध्ययन क्षेत्रको गुठीको अध्ययनले भविष्यमा एउटा महत्वपूर्ण आधार प्रदान गरेको छ ।

## १.५ अध्ययनको सीमा

अनुसन्धान वा अध्ययनको उद्देश्य प्रकृति र समयको कारण निश्चित दायराभित्र राखी अध्ययन गर्नुपर्ने देखिन्छ । सामाजिक संगठनको अध्ययनको सार्थकतालाई त्यसको सीमाले निर्धारण गर्ने गर्दछ । पोखरा महानगरपालिका वडा नं. १६ का नेवार समुदायका मानिसहरूबाट निर्मित लामाचौर नेवाः खल गुठीलाई यसको अध्ययन क्षेत्र बनाइएको छ । यो अध्ययन उक्त टोलका गुठीको अवस्थामा मात्र सीमित रहेको छ । त्यसैले यस गुठीको अध्ययनले अन्य ठाउँको गुठी र नेवार समुदायको प्रतिनिधित्व नगर्न पनि सक्दछ ।

## १.६ संगठनात्मक ढाँचा

यस अध्ययनलाई छ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा सम्बन्धित शोध अध्ययनको परिचय दिइएको छ । दोस्रो अध्यायमा शोध अध्ययनलाई प्रष्ट्याउनको निमित्त पूर्व अध्ययन अनुसन्धान समावेश गरिएको छ । शोध अध्ययन कहाँ गर्ने, कसरी गर्ने, कुन

अनुसन्धान पद्धति अपनाउने भन्ने जानकारी तेस्रो अध्यायमा दिइएको छ । त्यस्तैगरी चौथो अध्यायमा नेवार समुदायमा गुठीको कार्य र व्यवस्थापन र अध्याय पाँचमा नेवार समुदायमा गुठीको महत्व र भूमिकालाई प्रष्ट्याउन तथ्याङ्कको तालिकीकरण गरी व्याख्या एवम् विश्लेषण गरिएको छ । अन्त्यमा अध्याय छमा समग्र शोध अध्ययनको सारांश, निष्कर्ष एवम् मुख्य उपलब्धीहरूका आधारमा सम्बन्धित पक्षलाई सुझाव दिइएको छ ।

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक समीक्षा

### संरचनात्मक प्रकार्यवाद अवधारणात्मक प्रारुप

संरचनात्मक प्रकार्यात्मक सम्बन्धमा ऐतिहासिककाल देखि नै ब्राह्मण खसहरु तथा किराँत नेवारहरुको समिश्रणको रुपमा नेपाली समाज विकसित हुँदै गएको छ । जुन समाजलाई समिश्रणात्मक एकत्वका रुपमा विश्लेषण गर्न सकिन्छ । त्यस्तैगरी परम्परागत रुपमा नेपाली समाज सामाजिक सहमतिका आधारमा चलेको, भाषका माध्यमबाट नेपाली समाज एकिकृत हुँदै गएको उल्लेख गरिएको पाइन्छ । लेभी स्ट्रासले व्याख्या गरे जस्तै 'सामाजिक एकिकरणात्मक' तत्वका रुपमा भाषाको भूमिकालाई समायोजन गराउन खोजे जस्तो देखिन्छ । नेपाली समाजलाई एउटा संरचना मानी यस भित्रका जातजाति, धर्म, संस्कार, परम्परा आदिलाई संरचनात्मक आधारभूत तत्व मान्दै तिनीहरु बिचको सम्बन्धलाई देखाउन खोजेको पाइन्छ (विष्ट, २०३०) ।

Durkheim ले सामाजिक, घटना, व्यवहार चाहना आदि सबै व्यक्तिका उपज नभई सामाजिक व्यवस्थाका उपज ठानेका छन् । यसै सन्दर्भमा आत्महत्याका उदाहरण दिंदै त्यसका लागि सामाजिक तत्वहरुको प्रभावलाई महत्व पूर्ण ठान्दछन् । यसैगरी उनका अनुसार प्रत्येक व्यवहार र क्रियाकलापको उद्देश्य सामाजिक आवश्यकता परिपूर्ति गर्नु नै हो जसबाटै व्यक्तिहरुका आवश्यकता परिपूर्ति भएका हुन्छन् । समाजका विभिन्न तत्वहरुमध्ये कुनै एक तत्वको नकारात्मक वा सकरात्मक प्रभाव परेमा समाजलाई खासै ठूलो असर पार्दैन तर समाजका सबै तत्वका नकारात्मक वा सकारात्मक प्रभाव पार्छ (Durkheim, 1858-1917) । त्यस्तैगरी गुठीले नेवार समुदायका प्रत्येक तत्वहरुलाई एकिकृत गरी दुर्खिमको प्रचलित सिद्धान्त Mechanisam Solidarity को जस्तो भूमिका निभाएको पाइन्छ ।

संरचनात्मक प्रकार्यात्मक सैद्धान्तिक दृष्ट्रिकोण अर्न्तगत रहेर समाज संस्कृतिको व्याख्या र विश्लेष्ण गर्दा व्यक्तिगत क्रियाकलाप र व्यवहारलाई जोड दिइदैन । सामाजिक सिङ्गो प्रवृत्तिलाई जोड दिइन्छ । समाजमा मानिसका सामाजिक, आर्थिक, शैक्षिक, मनोवैज्ञानिक आवश्यकता परिपुर्ति गर्नका लागि सिङ्गो सामाजिक प्रवृत्तिलाई जोड दिइन्छ । सामाजमा मानिसका सामाजिक, आर्थिक, शैक्षिक, मनोवैज्ञानिक आवश्यकता परिपूर्ति गर्नका लागि सिङ्गो सामाजिक व्यवस्थाले नै प्रभाव पारेको हुन्छ । अर्थात् व्यक्तिका व्यवहार र क्रियाकलापहरु सामाजिक व्यवस्थाबाट निर्देशित हुन्छन् ।

आर.के.मर्टनले विकास गरेको प्रकार्यात्मक एकताको मान्यता तथा टाल्कोट पार्सनको सामाजिक संरचनाको अवधारणाको प्रयोग जस्तै नेवारी समुदायलाई एउटा संरचना मान्ने हो भने गुठीले नेवारी समुदाय भित्रका विभिन्न जातजाति, धर्मसंस्कारहरुलाई एकै ठाउँमा समेटेको देखाइएको छ । जसमा गुठीको प्रकट कार्य सामाजिक कार्यहरुको परिपूर्ति गर्नु हो भने लुप्त कार्यमा सामाजिक मुल्य मान्यताको प्रयोगको सन्दर्भलाई जनाउँछ । प्रकार्यात्मक अपरिहार्यता र प्रकट कार्यहरूको मान्यता अनुरुप नै नेवार समुदायलाई लिन सकिन्छ । नेवारी समुदायमा गुठी संगठनमा प्रवेश गर्नुपर्ने अनि यसको निरन्तरताका लागि सबै गुठीयारहरूले अनिवार्य रुपमा काम गर्नुपर्ने र प्रत्येक गुठीयारले सहकार्यात्मक भूमिका खेली सामाजिक सुव्यवस्था कायम गर्नु एक महत्वपूर्ण उदाहरण हो (Nepali, 1965)।

गुठीले प्रत्यक्ष रुपमा देखिने गरी सामाजिक सुव्यवस्था कायम गर्ने कार्य गरेको छ जसलाई गुठीको प्रकट कार्य भनिन्छ । जस्तैः गुठी एउटा संस्था हो । यसले गुठीयारहरूलाई भेला गराई आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता पूरा गराउँछ । प्रत्यक्ष रुपमा नेवारहरूको जन्म संस्कारदेखि दाहसंस्कारमा सहभागी हुने गर्दछ । नेवार समुदायमा गरिने प्रत्येक संस्कारहरूमा प्रत्यक्ष देखिने कार्यहरू गर्नु प्रकट कार्य हुन् भने नेवारहरू गुठीमा समावेश भएवापत् एकता कायम भएको महशुस हुनु, सांस्कृतिक सम्बन्ध बढ्नु, मानवीय सहायताको आभासबाट गुठीयारहरूमा मानसिक सन्तुष्टि मिल्नु आदि अप्रत्यक्ष कार्यहरू लुप्त कार्य अन्तर्गत पर्दछन् (श्रेष्ठ, २०६६) ।

मर्टन (Merton) का विचारमा मानवशास्त्रीहरुले प्राचीन समाजहरुको सामाजिक एकता, मेलमिलाप र एकत्वका बारेमा बढाइचढाइ गरेका थिए । मर्टन अझ अगाडि भन्दछन् यदि उक्त परिकल्पनामा सत्यता छ भने पनि मानवशास्त्रीहरुले साना, स्थिर र एकाग्र

समुदायहरुको क्षेत्र कार्य गर्दा पाएको हुनुपर्छ नत्र आधुनिक जटिल समाजहरु जुन प्रकार्यात्मक विशिष्टीकरण, संरचनात्मक फरकपना र युक्तिसङ्गत कर्मचारीतन्त्र जस्ता विशेषताहरु भएका छन् जसमा एकताको कुराले शंकास्पद महत्व राख्दछ । त्यसकारण प्रकार्यात्मक विश्लेषण गर्दा दुवै सकारात्मक र नकारात्मक परिणामहरुलाई केलाउनु पर्दछ र कुन तत्वले के ? र कसरी ? एकताका लागि योगदान गरेको छ भनेर निर्धारण गर्नुपर्ने मर्टनको पहिलो धारणा हो । सामाजिक संस्थाहरुले पनि खास समय र परिस्थितिमा समाजको कुनै वर्गका लागि हानिकारक परिणामहरु निम्त्याउन सक्छ । जस्तैः उदाहरणको लागि विश्वविद्यालय र प्राविधिक विद्यालय जुन विकासशील मुलुकमा स्थापित भएका छन् । तिनीहरुले धेरै मात्रामा तीब्र रुपले आफ्नो जनशक्तिको पैदा गर्न सक्छन् जसलाई उक्त देशको अर्थतन्त्रले समायोजन गर्न सक्दैन । त्यसले निराशाको बीज रोप्न सक्छ र जसले हिंसा र राजनीतिक अस्थिरता निम्ताउने गर्दछ (देवकोटा र ओझा, २०६७) ।

त्यस्तै प्रकट-अप्रकट कार्य हुन्छ भन्ने मान्यतामा आधारित रही अध्ययन गर्दा नेवारी जनजीवनमा गुठीले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा काम गरिरहेको हुन्छ भन्ने कुरालाई देखाउन सकिन्छ । प्रकट कार्यहरूमा गुठीमा गुठीयारहरूलाई सदस्यता प्रदान गरिनु, आर्थिक सहयोग र ऋण सहयोग प्रदान गर्नु, गुठीयारहरूको परिवारमा कसैको मृत्यु हुँदा दाहसंस्कारमा प्रत्यक्ष सहभागी भई सहयोग गर्ने र उक्त घरका क्रिया कर्ममा सहभागी हुने व्यक्तिहरूलाई पँधेरा वा खोलामा गई आवश्यक सहयोग र सामानहरू उपलब्ध गराउनु आदि पर्दछन् । त्यस्तैगरी अप्रकट कार्य अन्तर्गत गुठीयार सदस्यहरूबीचमा मानवीय सहायताको विनिमयद्वारा भावनात्मक एकता कायम गर्नु, उनीहरूको विभिन्न सांस्कृतिक कियाकलापद्वारा सांस्कृतिक सम्बन्धको वृद्धि हुनु, संस्कारहरूको पालना गर्दै जाने काममा संस्कारगत भावनाको वृद्धि हुनु र गुठीको वार्षिक भेलामा समाहित भई भोजभतेर गर्दा अनि विभिन्न सरसहयोगबाट मानसिक सन्तुष्ट मिल्नु आदि पर्दछन् (देवकोटा र ओझा, २०६७) ।

साझा हितका कार्यहरू एकजना व्यक्ति वा सरकारले मात्र दृष्टि पुऱ्याउन सम्भव नभएकोले गुठीको माध्यमबाट गरिएको थियो भन्ने कुरा लिच्छविकालमा उल्लेख छ । सामाजिक र ऐतिहासिक महत्वका गुठीहरू लिच्छवी कालदेखि नै प्रचलित थिए भन्ने कुरा कार्तिक शुक्ल द्वादशीको मेलामा हंसगृहको लोकपाल एवामीको मन्दिर वरिपरि बाटो बढारी सफा गर्ने

गरेको कुरा राजा नरेन्द्रदेवको अनन्त लिङ्गेश्वरको अभिलेखमा पनि उल्लेख छ (बज्राचार्य, २०३०) ।

नेवारलाई एउटै समूहमा राख्ने प्रयास गरेपनि यस जातिभित्र विभिन्न उपजाति र धर्मावलम्बीहरू छन् । ब्राह्मण, क्षेत्री, वैश्य र शुद्रमा नेवारहरू स्तरीकृत छ । उदाहरणका लागि वौद्धमार्गी नेवार समुदायमा गुभाजुले र हिन्दुमार्गी नेवार समुदायमा ढेभाजुले पुरोहितको काम गर्दछन् । क्षेत्री अन्तर्गत प्रधान, श्रेष्ठ, राजभण्डारी पर्दछन् भने वैश्यमा ज्यापुहरू अनि शुद्रमा कसाई पोडेलाई राखिएको छ । नेवार समुदायमा अति महत्वपूर्ण रुपमा संगठित संस्था हो गुठी । यसले विभिन्न कार्यमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । नेवार समुदायमा अति महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । नेवार समुदायको धार्मिक, सामाजिक तथा आर्थिक संस्था गुठी हो । थकाली जातिको "ढिकुटी" गुरुङ जातिको "रोधी" भए जस्तै नेवार जातिको "गुठी" हुन्छ । गुठी भन्ने शब्द संस्कृतको "गोष्ठि" बाट अपभ्रम्स भई बनेको हो । संस्कृत भाषामा गोष्ठीको अर्थ सभा सम्मेलन, भेला वा परिषद भन्ने बुझिन्छ । समयको अन्तरालमा गोष्ठी भन्दा भन्दै गुठी हुन गएको हो । सामूहिक उत्तरदायित्व बहन गर्ने हिसाबले गोष्ठी हुँदाहुँदै गोष्ठीबाट कार्यले समाजमा सन्तोषजनक योगदान दिन सकेको कारणले गुठीको स्थायित्व परम्परादेखि नै बढ्दै गइरहेको छ । मानिस समाजविना अलग भएर बाँच्न सक्दैन । त्यसैले सहयोग र सद्भावना सबै पक्षबाट कायम रहनुपर्छ भन्ने भावनाको प्रतिक नै गुठी हो (टण्डन,२०५२) ।

## २.२ अवधारणागत पृष्ठभूमि

यस भू–जगतमा अस्तित्वमा आएका कैयौं प्राणीहरूमध्ये मानिस विवेकशिल र सर्वश्रेष्ठ प्राणी हो । समाजमा मानिस आफ्नो क्षमताअनुसारको भूमिका निर्वाह गर्नुका साथै विकासका हरेक चरणहरूमा अग्रसर हुँदै आइरहेको पाइन्छ । मानिस सामाजिक प्राणी भएकाले मानिस र समाजका असिमित आवश्यकता र चाहनाहरू हुन्छन् । ती मध्ये प्रमुख चाहना सुखभोग वा आत्मसन्तुष्टि हो । आत्मसन्तुष्टिको लागि विचारको शुद्धता आवश्यकता पर्दछ । जसका लागि मानिसभित्र मानवीय भावना र लोककल्याणकारी भावनाको साथै सामाजिक, सांस्कृतिक र मनोरञ्जनात्मक भावनाको विकास हुनुपर्दछ । अनिमात्र मानिसको शारीरिक विकास भई देश विकासको निम्ती दक्ष र उत्पादनशील जनशक्ति उत्पादन हुन सक्दछ ।

मानव सभ्यताको विकाससँगसँगै मानव आफू अस्तित्वमा आउन लोककल्याणकारी भावनाबाट प्रेरित भई गुठी परम्पराको विकास भएको मान्न सकिन्छ । ऐतिहासिक कालदेखि नेपाली समाज हिन्दु धर्मशास्त्रको मनुस्मृतिमा आधारित छ । सोहीअनुसार धर्मबाट प्रभावित भई लोकोपकारी भावनाको विकासमा सामाजिक, धार्मिक र ऐतिहासिक रूपमा अगाडी बढिरहेको हो ।

नेवार तिब्बत बर्मेली (तिबेतोवर्मन) भाषिक परिवार अन्तर्गत नेवारी भाषा बोल्दछन् । यिनीहरू काठमाडौं उपत्यकाका बासिन्दा हुन् । दसौं शताब्दी पूर्व काठमाडौं उपत्यकाभित्र नेवारहरूको इतिहास नभेटिएको र त्यसपछि (दसौं शताब्दीपछि) भने उपत्यकामा उनीहरूको बसोबास भएको कुरा इतिहासमा उल्लेख छ (शर्मा, २०३९) ।

केही विद्वानहरूले “नेपाल” “नेपार” र “नेवार” लाई पर्यायवाची शब्द मानेका छन् । इङल्याण्डका निवासी इङ्ल्याण्ड र अफगानिस्तानका निवासी अफगानिस्तानी भएझैं नेपाल (काठमाण्डौ) का निवासी नेवार अथवा त्यसको संक्षिप्त रुप ‘नेवा’ हुनुमा कुनै शङ्का छैन । इतिहास शिरोमणि बाबुराम आचार्यका भनाइअनुसार प्राचीन कालमा नेपाललाई नेपार भनिन्थ्यो र त्यही शब्द अपभ्रंश भई नेपाल भएको हो । यसलाई प्रमाणित गर्ने वैज्ञानिक आधार फेला नपरे तापनि अर्को व्यक्ति सुनीतिकुमार चटर्जीले नेपाल र नेवार शब्द एकै हुन् भन्दै त्यसको पुष्टिमा भाषाको दृष्टिकोणमा ‘प’ र ‘ल’ को ठाउँमा ‘व’ र ‘ल’ उच्चारण गर्ने प्रवृत्ति अनुसार नेपाल शब्द अपभ्रंश भई नेवार शब्द हुन आएको हो भनेका छन् (शर्मा, २०३९ ) ।

नेवार काठमाडौं खाल्डोका सबैभन्दा पुराना बासिन्दा मानिन्छन् । नेवारहरूका आदिपूर्खा किराँत र लिच्छविहरू पनि विभिन्न समयमा विभिन्न दिशाबाट यहाँ आएका थिए । अनेक उत्पत्तिका भएपनि सबै मानिस कालान्तरमा नेवार भएर गए । नेवार भन्ने एउटा जात वा जाति होइन । यसभित्र धेरै जातका र धेरै दिशाबाट आएर मिसिएका मानिस छन् । कामका आधारमा नेवारहरूको जात बाँडफाँड भएको पाइन्छ । नेवारमध्ये खेतीको काम गर्ने ज्यापू, व्यापार गर्ने व्यापारी र सामाजिक तथा आर्थिक स्तरमा माथि ठहरिने क्षेत्री, बराबरका ६ थरी श्रेष्ठ तथा बाहुनहरू पनि छन् । तर भाषा रीति, चालचलनले गर्दा यी सबै जातलाई मिलाएर नेवार भन्ने गरिएको छ । नेवार भाषामा नेपाललाई नेपाः मात्र भनिन्छ । त्यस्तै नेवारलाई नेवाः मात्र भन्ने चलन छ । यो देश तथा यहाँ पहिले बस्ने मानिसको बीचमा

भएको घनिष्ट सम्बन्धका कारण यो नेपाः तथा नेवाः मिल्दोजुल्दो भएको हो भन्ने धेरै विद्वानहरूको भनाइ छ (बिष्ट, २०३०) ।

काठमाडौँका आदि पुर्खा किँरात लिच्छवीहरू मानिन्छन् । विभिन्न समयमा यहाँको विभिन्न विशेषताहरूले आकर्षित भएर यहाँ आएकाहरू सबै कालान्तरमा नेवार भएर गएको पाइन्छ । मङ्गोल र केही मात्रामा यहाँका अष्ट्रेलाईड आदिवासी सबै मिसिएका छन् भन्ने विश्वास गरिन्छ । त्यसैले नेवार र धेरै दिशाबाट आएका तर कालान्तरमा सबै नेवार भनिने एउटा जात वा जाति होइन । यसभित्र धेरै जातका र धेरै दिशाबाट आएका तर कालान्तरमा सबै नेवार भनिने गरेका मानिस छन् । त्यस्तै नेवारी भाषा पनि तिब्बत बर्मेली हो तापनि यसमा प्रशस्त मात्रामा भारोपेली भाषामध्येका संस्कृत र त्यसपछि नेपाली भाषाको प्रभाव परेको पाइन्छ । नेवार मध्ये खेतीको काम गर्ने ज्यापू, व्यापार-व्यवसाय र आर्थिक स्थितिमा उच्च ठहरिने क्षेत्री बराबरका श्रेष्ठ ६ थरी तथा बाहुनहरू पनि छन् । तर भाषा, रीतिरिवाज, चालचलन यी सबैलाई मिलाएर नेवार भन्ने गरिन्छ (विष्ट, २०३०) ।

नेपाल विविधताले भरिएको देश हो । यहाँ बहुधर्म, बहुजाति, बहुभाषा, भौगोलिक विविधता पाइन्छ । नेपालमा बसोबास गर्ने विभिन्न जात/जातिहरूमध्ये नेवार नेपालको आदिवासी मध्ये एक हो । थकाली जातिको “ढिकुटी” गुरुङ जातिको “रोधी” भए जस्तै नेवार जातिको “गुठी” रहेको छ । गुठी भनेको नेवार समुदायको त्यस्तो सामाजिक संस्था हो जसले उनीहरूको सामाजिक, आर्थिक व्यवस्थालाई सन्तुलनमा राख्ने काम गर्दछ । ईशापूर्व पाँचौ शताब्दीबाट नै गुठी व्यवस्था अस्तित्वमा रहेको पाइन्छ । वर्तमान अवस्थामा गुठी संस्थाहरू मृतक जस्ता देखिएका छन् र अस्तित्वमा भएकाहरू पनि खाली नाम मात्रको प्रतिनिधित्व गरेको जस्तो देखिन्छ (राजभण्डारी, २०७२) ।

गुठीको सामाजिक महत्वको रूपमा समाजमा सहयोगको आदानप्रदान, मानवकल्याण र सद्भावना कायम राख्न तथा सदाचार र सत्कार्यको विकासलाई लिन सकिन्छ । यसरी लोकहितको पवित्र धारणाले प्रेरित भएर समन्वय र सद्भाव कायम गर्न समाजमा गुठीको जन्म भएको हो । नेवारहरूले धार्मिक, सांस्कृतिक र सामाजिक रूपमा गुठीलाई सञ्चालन गरेको कारणले उनीहरूको जीवनमा गुठीको महत्व दिनप्रतिदिन बढ्दो छ । समाजमा आइपर्ने विभिन्न समस्या नीतिनियम निर्माणमा धर्मशास्त्रको आवश्यकता पर्ने र रीतिस्थिति र संस्कृतिको जर्गेना र निरन्तरताको निम्ति पनि गुठीको अपरिहार्यता नकार्न सकिँदैन ।

सभ्यताको बिकास सँगसँगै मानव अस्तित्वमा आउन लोककल्याणकारी भावनाको विकासबाट गुठी राख्ने परम्पराको विकास भएको मान्न सकिन्छ । ऐतिहासिक कालदेखि नेपाली समाज हिन्दु धर्मशास्त्रको मनुस्मृतिमा आधारित छ । सोही मनुस्मृतिमा आधारित नेपाली समाज धर्मबाट प्रभावित भई लोकोपकारी भावनाको विकासमा सामाजिक, धार्मिक र ऐतिहासिक रूपमा अगाडि बढ्दै आइरहेको छ । समाजमा आइपर्ने समस्या लगायत नीतिनियम निर्माणमा धर्मशास्त्रको महत्वपूर्ण भूमिका रहँदा पनि समाजको रीतिस्थिति र संस्कृतिको जगेर्ना गरी तिनीहरूलाई नियमितता र निरन्तरता दिन सजिलो पर्ने भएकाले नेवारी समुदायमा प्राचिन कालदेखी हालसम्म गुठी राख्ने प्रचलन बढेको पाइन्छ ।

## गुठी समितिको परिचय

गुठी समिति भनेको वास्तवमा गुठीका कार्यक्रमहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न र नीतिनियमलाई परिचालन गर्न भनी केही व्यक्तिहरूको छनोट हो । यसमा हाल १५ जना सदस्यहरू समावेश भएको पाइएको छ । जसको छनोट गुठीयारहरूको वार्षिक भेलामा सबैको छलफल र सहभागितामा गरिन्छ । यस समितिमा रहने सदस्यहरूको समयावधी २ वर्षसम्मको रहेको छ र आवश्यकता अनुसार निरन्तर रूपमा केही सदस्यहरूले पुनः काम गर्ने अवसर प्राप्त गरिरहेको पाइन्छ । यदि कथंकदाचित कुनै सदस्य रिक्त हुन गएमा गुठी समिति र केही जान्ने बुझ्ने व्यक्तिहरूको सल्लाह लिई आवश्यक भेग हेरी अर्को सदस्यलाई छनोट गर्न पनि सकिने व्यवस्था छ ।

### गुठीका प्रकार

नेवारी समुदायमा विभिन्न प्रकारका गुठीहरू प्रचलनमा रहेका पाइन्छ । ती गुठीहरू हुन्  नासःद्य गुठी, चौथी पूजा गुठी, होली पूजा गुठी, ससू पूजा गुठी, भीमसेन गुठी र देवाली गुठी आदि । यी गुठीहरूले विभिन्न कार्यहरूमा महत्व राख्दछन् अर्थात् विभिन्न विशिष्ट कार्यहरू सम्पन्न गर्न उपर्युक्त गुठीहरू बनेका हुन्छन् (श्रेष्ठ, २०६६) ।

## नास : द्य गुठी

यस नास : द्य गुठी विशेष गरी नेवार समुदायमा प्रचलित गुठी हो । यसले विभिन्न जात्रा, पर्वहरूमा युवा युवतीहरूलाई नाचगान र देवी देवताको पूजासम्बन्धी व्यवस्थापन गर्ने गर्दछ (श्रेष्ठ, २०६६) ।

## चौथी गुठी

यस प्रकारको गुठी नेवार समुदायमा चौथी पूजासम्बन्धी कार्यहरूको व्यवस्थापन र सञ्चालन गर्ने उद्देश्यले गठन गरिएको हुन्छ (श्रेष्ठ, २०६६) ।

## होली पूजा गुठी

फागुपूर्णिमाका बेलामा होलीलाई व्यवस्थित रूपमा मनाउन गठन भएको हुन्छ ।होली पर्व मनाउनलाई आवश्यक तौरतरिका र मार्ग निर्देशनका लागि यस गुठीले महत्वपूर्ण भूमिका निभाएको हुन्छ (श्रेष्ठ, २०६६) ।

## ससु पूजा गुठी (सरस्वती)

ससु पूजाको अर्थ सरस्वती पूजा हो । श्रीपञ्चमी वा बसन्तपञ्चमीको बेला सरस्वती पूजासम्बन्धी व्यवस्थापन र सञ्चालनका लागि यो गुठी बनेको हुन्छ (श्रेष्ठ, २०६६) ।

## भिमसेन गुठी

प्रत्येक नेवार समुदायमा एउटा भीमसेन गुठी हुन्छ । दशैं वा अन्य विभिन्न समयमा भीमसेन पूजा गरी आफ्नो सांस्कृतिक, धार्मिक कार्य सञ्चालन गर्ने परम्परा छ । भीमसेन पूजालाई व्यवस्थित र मर्यादित ढङ्गले सञ्चालन गर्न भीमसेन गुठी स्थापना गरिएको हुन्छ (श्रेष्ठ, २०६६) ।

## देवाली गुठी

यो गुठी नेवारहरूले पुर्ख्यौली वा वंशजको आधारमा सञ्चालन गरिएको गुठी हो । पुर्खाहरू एउटै वंशजका मानिसहरूद्धारा सञ्चालन गरिने गुठी भएकोले भौगोलिक रूपले टाढाटाढा भएका दाजुभाइहरू सबैजना आफ्नो पुर्ख्यौली थलामा जम्मा भई देवाली पूजामा सहभागी हुन्छन् । यो अन्य ब्राह्मण, क्षत्री आदि जातिमा कुलदेवताको पूजा भनेर चिनिन्छ । यस पूजामा हरेक घरबाट पूजा सामग्री अनिवार्य ल्याउनुपर्छ । यस पूजामा बोका, हाँसका अण्डा आदि अनिवार्य रूपमा ल्याउनुपर्दछ । पूजा सकिएपछि काटिएको बोकाको टाउकालाई विभिन्न भाग लगाइन्छ । जस्तै कान, जिब्रो, बंगारा आदिलाई टुक्रा पारी दाजुभाइहरूलाई रोलक्रम (जेठोबाठो र अन्य कान्छा उमेरका) लाई खान दिइन्छ । जसलाई सी खाने भनिएको पाइएको छ । देवाली पूजामा एउटै पूर्खा वा खलकका पुरुष सदस्यले विवाह गरी नयाँ दुलही भित्र्याएपछि त्यस वर्ष वा अनुकुल मिलाएर पछि पनि छुट्टै भाग भनेर बोका किनेर ल्याई देवालीमा पूजा गर्नुपर्दछ । अन्तरजातीय विवाह गरी कुनै केटाले दुलही ल्याएमा यस पुर्ख्यौली गुठी (कुलभित्र) उक्त नवबधुलाई समावेश नगरिने चलन पनि प्रशस्त मात्रामा पाइएको छ (श्रेष्ठ, २०६६) ।

## नेवाः खल गुठीमा पालेहरूको व्यवस्था

अध्ययन क्षेत्रको अध्ययन अनुसन्धानबाट गुठीमा पालेहरू अनिवार्य रुपमा छनोट गर्ने व्यवस्था रहेको पाइन्छ । हालसम्म यस गुठीमा ४ जना पालेहरू छान्ने व्यवस्था छ । पालेहरू छनोट गर्ने प्रक्रिया भने रोलकम अनुसार प्रत्येक वर्ष पालैपालो गरिन्छ । जसमा जेठो पाले, माहिलो पाले, साइलो पाले र कान्छो पाले भनेर स्थान दिने गरेको पनि गुठीको लिखित रजिष्टरबाट थाहा भएको छ । पालेको छनोट प्रक्रिया गुठीको वार्षिक भेलामा सम्पूर्ण गुठीयारहरूको उपस्थितिमा गुठी समितिले घोषणा गर्दछ । यसरी घोषणा गरेपछि पुजारी र ज्येष्ठ तथा मान्य व्यक्तिहरूले कमशः सबैलाई माला लगाएर बधाई दिएको पनि अवलोकनबाट थाहा भएको छ । पालेको समयावधि खासगरि एक वर्षको हुन्छ । पालेहरूले विशेष गरेर मर्दापर्दा गुठीयार सदस्यहरूलाई खबर गर्ने र आवश्यक सहयोगी भूमिका खेलेका हुन्छन् । उनीहरूले आफ्नो एक वर्षको कार्यकाल पूरा गरेपछि वार्षिक भेलामा ठूला ठूला सेलराटी र मिष्ठान्न भोजन तयार पार्नुपर्ने हुन्छ ।

चारजना पालेहरूका रोटीहरू र भोजनको भेलामा प्रदर्शन गरिन्छ  र सबैभन्दा ठूलो र राम्रो सेलरोटी भएको पालेलाई पुरस्कृत गर्ने प्रचलन पनि पाइएको छ । त्यहाँ संयुक्त रुपमा पूजा गरिएको एउटा बोका र राँगा आवश्यकताअनुसार (दुई वा बढी संख्यामा काटिन्छ मासुलाई दामासाही रुपमा भाग लगाई पकाएर भोजभतेर गरिन्छ । बोकाको मासुचाहिँ सबै त्यही पकाइन्छ भने राँगाको टाउँको मात्र पकाइन्छ र भाग लगाइन्छ । तर राँगाको टाउको बाहेक बाँकी मासु सम्पूर्ण घर परिवारलाई भाग लगाई काँचै घर पठाउने व्यवस्था मिलाइएको हुन्छ । पकाइएको मासु र चिउरा अनि पालेहरूले ल्याएको मिष्ठान भोजन जस्तैः सेलरोटी, तरकारी, अचार आदिलाई सम्पूर्ण घरपरिवारलाई बराबर रुपमा भाग लगाइन्छ र भोजको रुपमा खाइन्छ । अध्ययन क्षेत्रमा भएको अवलोकनमा मदिरा भने खान चाहनेले आ-आफ्नो घरबाट मगाएको पाइएको छ (राजभण्डारी, २०७२)  ।

## नेवार गुठीले गर्ने कामहरू

नेवार समुदायमा आधारित यस नेवाःखल गुठीले गुठीयार सदस्यका घरमा मानिस मर्दा दाहसंस्कारदेखि लिएर कियापुत्रीहरू नचोखिएसम्म लगातार १३ औं दिनसम्म नै आवश्यक सहयोग पुऱ्याइरहेको हुन्छ । दाहसंस्कारको बेलामा सम्पूर्ण पुरुष गुठीयारहरू उपस्थित भई मृतकलाई घरबाट घाटसम्म लैजान आवश्यक सम्पूर्ण कामहरू गर्दछ । त्यस्तै मृतकको घरमा १३ औं दिनसम्म कियाकर्म गर्ने व्यक्तिहरूलाई रातमा पहरा दिन गुठीयारहरूको पालो गरिन्छ  र बिहान कियाकर्म गर्ने व्यक्तिको लागि पँधेरो वा खोलामा गई सहयोग गर्ने काम पनि गरिन्छ । यस गुठीले मर्दापर्दामात्र होइन गुठीयारहरू लाई आर्थिक सहयोग पनि गरेको पाइन्छ । आर्थिक रुपमा ऋण सापटी चाहिँदा प्रत्येक गुठीयारहरूलाई ऋण चाहिए नचाहिएको बारेमा वार्षिक भेलामा सोधिन्छ र आवश्यक परेकाहरूलाई विनाधितो सस्तो व्याजदरमा ऋण वितरण गरिन्छ । यसले गुठीयारहरू अति नै कमजोर आर्थिक अवस्था भएका हुन् भने सबैको सरसल्लाहमा ऋण मिनाहा पनि गरेको पाइएको छ । यसैगरी यसले सामाजिक, सांस्कृतिक र धार्मिक क्षेत्रमा पनि विभिन्न कामहरू गरेको पाइएको छ । शुक्ला साहित्य प्रतिष्ठान, नव आदर्श सामुदायिक विकास समिति जस्ता संस्थालाई विभिन्न कार्यक्रम सञ्चालनार्थ आर्थिक सहयोग गर्दै आएको छ र धार्मिक सन्दर्भमा हेर्ने हो भने गुठीको मन्दिर निमार्णमा समेत सहयोग गरेको र शिवालय मन्दिरहरूमा पनि सहयोग गरेको पाइएको छ ।

### नेवारी जनजीवनमा गुठीको सामाजिक, धार्मिक र सांस्कृतिक महत्व

गुठीको सामाजिक महत्वको रूपमा समाजमा आदान प्रदान गरिने सहयोग कल्याण र सद्भावना कायम राख्न तथा सदाचार र सत्कार्यको विकासलाई लिन सकिन्छ । यसरी लोकहितको पवित्र धारणाले प्रेरित भएर समाजमा गुठी राखिएको पाइन्छ । धार्मिक लोकोपकारी कार्य सामाजिक रूपमा संचालन गर्नाले पनि गुठीको महत्वलाई दिनानुदिन बढवा दिएको पाइन्छ । समाजमा नाम अमर राख्न र फैलाउन प्रत्येक समाजले देशकाल परिस्थिती अनुकुल केही व्यवस्था गरेको हुन्छ ।

गुठी संस्था भनेको पितृसत्तात्मक हुन्छ जो कोहि सामाजिक मूल्य मान्यतालाई आत्मसाथ गर्दै आफ्ना सम्पूर्ण गुठीयारहरूलाई अनुशासनमा बाँध्ने काम गर्दछ । गुठीको मुख्य मान्छे वा नेतृत्वकर्ता भनेको “नायो” वा थकाली हुन्छ, जसको निर्णयलाई सबै गुठीयारले समर्थन जनाउँछन्, जसको आदेशलाई सम्पूर्ण गुठीयारले मान्दछन् । गुठीमा नीति नियम बनाउनमा थकालीको मुख्य भूमिका हुन्छ । गुठी भनेको एक सामाजिक सङ्गठन हो जो नेवार समुदायको अभिन्न क्षेत्र बनेको छ । यसले समाजमा सामाजिक सद्भाव कायम गर्न महत्वपूर्ण भूमिका खेलेको छ । यसले समाजमा विभिन्न कार्यहरू गर्दछ जस्तै सामाजिक, आर्थिक, धार्मिक, मनोरञ्जनात्मक आदि । समाजमा यसको यस्तो कार्यहरू देखेर मानिसहरू गुठीमा आवद्ध हुन लालयित देखिन्छन् । यसले मानिसहरूलाई कसरी सामाजिक बन्ने भन्ने कुरा सिकाउँछ । मानिसको सामाजिकीकरण प्रकियामा गुठीको महत्वपूर्ण भूमिका हुन्छ । मानिसलाई सामाजिक जिम्मेवारी बहन गर्न सिकाउने नै गुठी हो । गुठीले आर्थिक कार्य पनि गर्दछ । यसले आफ्ना सदस्यहरूलाई ऋण सुविधा उपलब्ध गराउने गर्दछ भने मनोरञ्जनात्मक कार्य जस्तै धार्मिक कार्यक्रम गीत संगीत सम्बन्धी कार्यक्रम र वनभोजजस्ता कार्यक्रमहरू आयोजना गरी एकातिर मनोरञ्जन प्रदान गर्दछ भने अर्कोतिर गुठीयारहरू बीचमा सहकार्य र सद्भाव जगाउँछ जसले उनीहरू बीचमा “हामी” को भावनाको विकास हुन्छ (राजभण्डारी, २०७२) ।

## २.३ व्यवहारिक अध्ययनको समीक्षा

नेपालमा गुठी परम्परा कसरी प्रचलनमा आयो भन्ने सम्बन्धमा समाजमा विभिन्न धारणाहरू विद्यमान रहेको पाइन्छ । कला, कौशल र संस्कृतिको दृष्टिले लिच्छवीकाललाई स्वर्णयुग

मानिन्छ । यिनै कलाकौशल र शैलीहरू मुख्यत मन्दिरहरूको साथै गुम्बा, विहार, भवन, दरवार, पाटी पौवा, धारो, चौतारो, बाटोघाटो आदिमा देखिने हुँदा समाजमा लोक परोपकारी कार्यमा बढी ध्यान दिइन्थ्यो । धर्म र संस्कृतिको रक्षा र स्थायित्वको लागि कार्यहरू हुन्थे भन्ने थाहा हुन्छ जसका प्रमाणका लागि शिलालेख, अभिलेख, ताम्रपत्र, वंशावली, डायरी आदि राखिन्थे (बज्राचार्य, २०३०) ।

"गुठी" भन्ने शब्द संस्कृत भाषाको "गोष्ठी" भन्ने शब्दबाट आएको हो । गोष्ठीको अर्थ मानिसहरू जम्मा हुने वा भेला हुने हुन्छ । गुठी भनेको एक सामाजिक संस्था हो र यो एक परम्परागत सांस्कृतिक अभ्यास पनि हो । सामान्य अर्थमा गुठी भनेको मानिसहरूको समूह हो जो साझा उद्देश्यको लागि एकत्रित हुन्छन् । गुठी संगठन धार्मिक मान्यताबाट प्रभावित छ त्यसैले यसले धर्मलाई महत्व दिन्छ  । मानिसका जीवनका धेरै संस्कारहरू (जन्मदेखि मृत्युसम्म) लाई निरन्तरता दिन, संस्कृतिलाई संरक्षण गर्न र विभिन्न धार्मिक पर्वहरू मनाउन गुठी गठन हुनुपर्ने मान्यता रहेको पाइन्छ (Bajracharya, 2008)।

सुरुवातमा राजामहाराजाहरूले निश्चित उद्देश्यका लागि जस्तै मठमन्दिरको सरसफाई, मन्दिरमा पूजाआजा आयोजना गर्नका लागि गुठी व्यवस्थाको स्थापना गरेको पाइन्छ । त्यस्तो गुठीलाई "राज गुठी" भनिन्थ्यो पछि सर्वसाधारण जनताले पनि निजी गुठी संगठन खोल्न थाले जसलाई "निजी गुठी" वा "दुनिया गुठी" भनिन्छ । यसको उद्देश्य चाहिँ सामाजिक र धार्मिक कार्य गर्नु गराउनु थियो (Regmi, 1976)।

गुठी संगठनहरू कामको प्रकृतिको आधारमा फरक-फरक भएपनि निजी गुठीहरूको उद्देश्य जे जस्तो भएपनि मुख्य भएपनि मुख्य कुरा चाहि एक पुस्ताबाट अर्को पुस्तामा परम्परा हस्तान्तरण गर्नु, सामाजिक संस्थालाई व्यवस्थित बनाउनु र समुदायका मानिसहरूलाई एकतामा बाड्नु हो । मानिसहरूमा "हामी" को भावना जागृत गराउनु धार्मिक कार्यमा विश्वास जगाउनु रहेको छ । नेवारी जीवनमा गुठीको यस्तै महत्वपूर्ण कार्यले गर्दा गुठीलाई नेवारी संस्कृतिको एक महत्वपूर्ण टुक्राको रुपमा लिइन्छ ।

"मानिस जन्मनुको अर्थ मर्नु हो र जन्मेपछि केही न केही नाम कमाउने काम गर्नुपर्दछ भन्ने धारणा नेपाली समाजमा हालसम्म पनि कायमै रहेको छ । समाजमा विभिन्न वर्गका मानिसहरू रहन्छन् । जसमा असहाय, दिन, दुःखीहरू, साधु सन्त, यात्री, तीर्थयात्रीको,

खानपान, बसोबास, सेवासुविधा दिन समाज र देशलाई भोक रोग, अशिक्षा, महामारी युद्धबाट बचाउन पनि गुठी राख्ने गरेको पाइन्छ । दिवङ्गत आफन्तहरूको सम्झनामा उनीहरूलाई स्वर्ग र मोक्ष प्राप्तीका साथै आफ्नो परिवारको दीर्घायुको कामना गरी रोगबाट छुटकारा पाउन कीर्ति राख्न पनि गुठी राखेको पाइन्छ । निर्माण गरिएका धारा, पाटी पौवा, पुल पुलेसा, मन्दिर आदिको संरक्षण र सर्म्वधन र दैनिक सेवाका लागि गाउँबस्ती, व्यक्ति, समुदाय, संघसंस्थालाई कार्यभार सुम्पी सञ्चालन गरिने चलन थियो (टण्डन, २०५३) ।

यसरी गुठी राख्ने परम्परा परलोक सुधार्न वा पुन जन्ममा सुख प्राप्त गर्न, फल पाउन प्रचलनमा आएको हो भन्न सकिन्छ । अर्थात् गुठीको उत्पति भूमिका विभिन्न स्वरुपबाट भएको हो । वास्तवमा भन्ने हो भने गुठीको उत्पत्ति कृषि प्रणालीको परम्परागत व्यवस्थापन र संगठनबाट भएको हो । भूमिकालाई कृषि योग्य र उर्वरा बनाई उब्जनी बढाउन बाँझो भूमि गुठी भूमिको रुपमा वितरण गरेको पाइन्छ । राजस्व वृद्धि गर्न पनि गुठीको उत्पत्ति भएको पाइन्छ । नेपाली समाजमा रहेको पुर्नजन्मप्रतिको विश्वास आगामी पिँढीको लागि समाजमा वंशको छाप कायम राख्ने हेतुले पनि गुठीको अस्तित्व हालसम्म पनि कायम रहेको हो भन्न सकिन्छ । प्रायजसो सीं गुठी र अन्य गुठीहरू नेवारी समुदायमा हालसम्म पनि प्रचलित छन् जसमा भूमि तथा सम्पत्ति हुँदैन । यो एकै खालको समुदायको संगठनमा प्रचलित हुन्छ । आफ्ना खलकभित्रको व्यक्तिको मृत्यु भएमा सबैजना जम्मा नभएसम्म दाहसंस्कार नगरिने भएकाले अन्तिम कार्य गर्न पनि गुठी राखिने कुरा थाहा हुन्छ । यही सीं गुठीको उत्पत्ति नेवार समुदायबाट भएको हुन सक्छ (पौड्याल, २०३६) ।

“मानिस मरिसकेपछि सीं गुठीलाई खबर गर्दछन् । साना गुठीका सदस्यहरू जम्मा हुन्छन् । मृतकलाई अन्त्येष्टिका लागि बाँससहित अन्य सामग्रीहरू गुठीयारले व्यवस्था गर्दछन् यस समयमा विवाहित छोरीको उपस्थितिको आवश्यक पर्दछ” (Nepali, 1965:128)।

“नेवारीहरूको गुठी भएझैँ अन्य जातिहरूमा पनि केही संगठनहरू पाइन्छन् । जसअन्तर्गत थकालीहरूको ढिकुटी र मुखिया प्रथाले गर्दा थकालीहरूले आर्थिक सफलता पाए । उनीहरूमा यस प्रथाले आत्मविश्वास र आत्ममर्यादाको सिर्जना भयो” (विष्ट, २०३०:३८) ।

“थारुहरूको कुलदेवतामा काली भगवती मैयाँ र गोरैया हुन्छन् । गाउँका सामूहिक देवतामा बहरम र भाइहार हुन्छन् । सबै गाउँले मिलेर चैत्र र भदौमा सामूहिक तवरले पूजा गर्ने चलन हुन्छ” (विष्ट, २०३०:४६) ।

“तामाङ जातिहरू मृत्युका वेला प्रत्येक गाउँघर र नातागोताले मृत्यु संस्कारमा आर्थिक तथा श्रमदान गर्दछन्  जसलाई घेवा भन्दछन् । घेवा कार्यमा श्रम दिएवापत त्यसको मूल्य (पैसा) लिदैनन् । त्यसलाई गुहार भनिन्छ । घेवा कार्यमा सेवा गर्न पाए वापत आफूलाई धर्मलाभ भएको सम्झन्छन्” (तामाङ, २०५१: १६५) ।

“गुरुङ जातिको चाख लाग्दो संस्था हो ‘रोधी’ यो केही १०-११ जना प्रौढहरूको निरिक्षण अन्तर्गत भएको केटा र केटीहरूको क्लव हो । केटीहरूलाई केही अनुभवी प्रौढ महिला र केटाहरूलाई सहयोग गर्न रोधी घरमा केही अनुभवी पुरुषहरू स्वेच्छिक रुपमा उपस्थिति हुन्छन् । जुन घरलाई रोधीघर भनिन्छ” (Bista, 2000:95)।

नेवार समाज वास्तवमा पितृसत्तात्मक समाज हो । गुठी संगठनमा महिलाहरूको एकदम न्युन भूमिका हुन्छ । महिलाहरू गुठीसँग त्यतिवेला आवद्ध हुन्छिन् । जतिबेला उनको परिवार गुठीमा आवद्ध हुन्छ नत्र भने कदापि महिलाहरू गुठी सदस्य हुँदैनन् । पुरुष मात्र गुठीको सदस्य हुन्छ । नेवार समुदायको सामाजिक संरचनालाई एकदम जटिल मानिन्छ । जात र उपजातको वर्गीकरणको कारणले गर्दा उनीहरू बीचमा परम्परागत पेशाको आधारमा उपजातीहरू (ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र) निर्माण भएको हुन्छ । नेवार जातिलाई उनीहरूको पेशाको आधारमा राजा जयस्थिति मल्लले ६४ वटा उपजातिमा बाँडेका थिए (Furer-Haimendorf, 1956) । हिन्दु धर्मले पनि जात व्यवस्थालाई समर्थन गरेको छ जसअनुसार हिन्दु धर्ममा चार जात रहेका छन् ब्राह्मण, क्षेत्री, वैश्य, शुद्ध (Prabhawananda, 1944) । ब्राह्मणलाई यो जगतको सृष्टिकर्ता भनिन्छ भने जाति व्यवस्थाको सृष्टि पनि ब्राह्मणले नै गरेको विश्वास गरिन्छ । ब्राहमणको मुखबाट ब्राह्मण, पाखुराबाट क्षेत्री, साप्राबाट वैश्य र पैतालाबाट शुद्रका उत्पत्ति भएको मानिन्छ । ब्रह्माले जातलाई श्रेणीगत तहमा विभाजन गरिदिए । ब्राह्मण सबभन्दा माथि, त्यसपछि क्षेत्री, वैश्य र शुद्रलाई राखिदिए (Shrestha, 2002)। यही जाति व्यवस्थालाई आधार मानेर नेवार समुदायलाई ६४ उपजातिमा विभाजन गरिएको छ । पेशाको आधारमा नेवार जाति व्यवस्थालाई हेर्दा पेशाको आधारमा यस्तो उदाहरण दिन सकिन्छ । बज्राचार्य भनेका वौद्धमार्गी पूजारी हुन् भने देउभाजु भनेको

हिन्दुमार्गी पूजारी हुन् । व्यापारीमा तुलाधार, कंसाकार जोशी (ज्योतिषी), शाक्य (सुनको काम गर्ने), मानन्धर (तेल पेल्ने), ज्यापू (किसान), नकर्मी (चामलको काम गर्ने), कपाली ( लुगा सिलाउने), व्यञ्जनकार (खाना बनाउने), खड्गी (मासु काट्ने) आदि यी जातिमध्ये केहीलाई अछुत जाति भनेर तल्लो तहमा राखिएको छ (Chattopadhyay, 1980)।

नेवार समुदायमा जन्म संस्कार बच्चा जन्मेको दिनबाट शुरु हुन्छ । पहिलो संस्कारलाई “व्याकेगु” भनिन्छ जसलाई चौथो/छैटौ/दशौं/एघारौ दिनमा सम्पन्न गरिन्छ । तर यो संस्कार सोमबार र बुधबारका दिन गर्नुहुँदैन । बच्चा जन्मेपछि नजिकका आफन्तहरूलाई सूतक परेको मानिन्छ त्यसैले यो संस्कार सूतकबाट चोख्याइनका लागि गरिन्छ । अर्को संस्कार भनेको बच्चाको नाम जुराउने “ना छुएगु” जसलाई नेपालीमा “न्वारन” भनिन्छ त्यो सम्पन्न गरिन्छ एघारौँ दिनमा  न्वारनको दिनमा पुरोहितले बच्चा जन्मेको मिति र समयको आधारमा ग्रहहरूको र सूर्यको आधारमा बच्चाको राशी र नाम जुराउने काम गर्दछ (Rajbhandari, 2008)।

यो दिनलाई आफ्ना आफन्तहरू बोलाई भेला गराई भोज भतेर गरी मनाइन्छ । बच्चाको जीवनमा अर्को महत्वपूर्ण संस्कार भनेको “अन्नप्राशन” हो जसलाई नेपालीमा “पास्नी” भनिन्छ । यदि बच्चा केटा जन्मिएमा सात महिनामा र केटी जन्मिएमा पाँच महिनामा यो संस्कार सम्पन्न गरिन्छ । यो संस्कारमा बच्चालाई भातमा गाईको दुध मिसाएर चाँदीको सिक्काले खुवाइन्छ (Rajbhandari, 2008) ।

नेवार समुदायमा बच्चा उमेरले पाँचदेखि एघार वर्ष पुगेको खण्डमा उसको विवाह गर्ने चलन छ । जसलाई “इंही” अथवा “बेल विवाह” भनिन्छ । यो संस्कार बच्चाको पहिलो रजस्वला हुनभन्दा अगाडि गरिन्छ र विजोर उमेर जस्तै पाँच, सात, नौ, एघार, वर्षमा गरिन्छ । यस विवाहमा दुलाहा मानिस नभएर बेल हुन्छ । बेललाई विष्णु भगवान्को प्रतिक मानिन्छ । नेवार समुदायमा एउटा यस्तो विश्वास रहेको छ की मानिस विश्वास गर्न योग्य नहुन सक्छ, । त्यसैले पहिलो विहे विश्वासिलो हुनुपर्दछ । अर्को विश्वास विहे बेलसँग गरिन्छ र बेल भनेको विष्णु भगवान्को प्रतिक भएकाले ऊ कहिल्यै पनि विधवा हुँदैन (Rajbhandari, 2008)।

वेल विवाह भइसकेपछि नेवार कन्याहरूले अर्को संस्कार पूरा गर्नुपर्ने हुन्छ जसलाई “बाऱ्हातकेत्र” भनिन्छ, जसलाई नेपालीमा “सूर्यदर्शन” भनिन्छ। जसमा कन्याहरूलाई एउटा अध्यारो कोठामा राखिन्छ जसलाई “गुफा” भनिन्छ । यस संस्कारमा बाह्र दिनसम्म कन्यालाई एउटै कोठामा राखिन्छ। यो संस्कार पनि रजस्वला हुनुभन्दा पहिला गरिन्छ। यो संस्कारको अवधिभर बाऱ्हा राखिएको केटीले विपरित लिङ्गीलाई हेर्नुहुँदैन । यो संस्कारको मूल उद्देश्य भनेको कन्यालाई यौवन अवस्था, किशोरवस्था र यौनशिक्षा सम्बन्धी ज्ञान दिनु रहेको छ (Dhangol, 2010)।

केटाहरूको सन्दर्भमा उनीहहरूको यौवनावस्थामा ब्रतबन्ध संस्कार सम्पन्न गरिन्छ। जसमा नाउले केटाको कपाल काट्छ त्योभन्दा अगाडि केटाको मामाले केटाको कपाल थोरै काटी शुरुवात गर्ने गरिन्छ। केटाको कपाल काट्दै गर्दा केटाको फुपूले कपाल थालमा थाप्ने चलन छ । त्यसपछि केटा भिक्षुको भेषमा लौरो र मृगको छाला लिएर भिक्षा माग्ने गर्दछ र आफन्तहरूले भिक्षा दिने गर्दछन् ।

नेवार समुदायमा यौवनावस्थामा गरिने संस्कारको महत्वपूर्ण अर्थ रहन्छ । कन्याहरूको सन्दर्भमा वेल विवाह र बाऱ्हा राख्ने संस्कार अनिवार्य हो भने केटाहरूको सन्दर्भमा ब्रतबन्ध संस्कार अनिवार्य भनिन्छ। नेवार समुदायमा त्यो संस्कार विना केटा र केटीहरू सामाजिक जीवनका लागि योग्य मानिदैनन् । नेवार समुदायमा हिन्दु परम्परा अनुसार विवाह कार्य सम्पन्न गरिन्छ। विवाहमा दुवैतर्फको कुरा छिन्ने कामको लागि लम्हीले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ र प्रायजसो मागी विवाह नै हुने गर्दछ। नेवार समुदायमा विवाहलाई धार्मिक विश्वासका रुपमा लिइन्छ । विवाहलाई पवित्र बन्धनको रुपमा लिइन्छ जसलाई बन्धन टुट्नुलाई अपराध ठानिन्छ । विवाह हुनुभन्दा अगाडि केटा र केटीको चिना भिडाएर हेर्ने चलन छ । चिना मिलेमा मात्र विवाह हुने सम्भावना बढ्छ । नेवार समुदायको परिवार प्रायजसो संयुक्त हुने हुनाले र इष्टमित्र, आफन्तलाई बोलाउनुपर्ने बाध्यता भएकोले विवाहमा अलि बढि नै खर्च हुन्छ (Rajbhandari, 2008)।

नेवार समुदायमा एउटा विश्वास रहेको छ की यदि कुनै पनि मानिस सतहत्तर वर्ष सात महिना र सात दिनको छ भने उसले नयाँ जीवन शुरु गर्दछ। वृद्ध र वृद्धाका लागि पाँच महिना र सात महिनाको हुँदा गरिने जङ्कु संस्कार नै फेरी पनि दोहोऱ्याइन्छ जसलाई भीम रथारोहण भनिन्छ। उनीहरूको दोस्रो जन्मको रुपमा जब मानिस अठासी वर्ष आठ महिना र

आठ दिनको हुन्छ तब यही प्रक्रिया अपनाइन्छ जसलाई देव रथारोहण भनिन्छ । यदि मानिस उन्नाइस वर्ष नौ महिना र नौ दिनको हुन्छ भने फेरी पनि जङ्कु संस्कार सम्पन्न गरिन्छ जसलाई दिव्य रथारोहण भनिन्छ । यदि मानिस एक सय एघार वर्ष, आठ महिना र आठ दिन बाँच्छ भने जँफु संस्कार सम्पन्न गरिन्छ जसलाई महादिव्य रथारोहण भनिन्छ । यी सबै प्रकियाहरूमा मानिसलाई पूजिन्छ, सम्मान दिइन्छ र रथमा बोकेर टोल परिकमा गराइन्छ (Dangol, 2010)।


नेवार समुदायमा कुनैपनि मानिसको मृत्यु भएमा विभिन्न संस्कारहरू पालना गर्नुपर्दछ । शव जलाउनु अघि विभिन्न धार्मिक मान्यता र चलनलाई पालना गर्नुपर्दछ । शव जलाएको दिनदेखि तेह्र दिनसम्म कियापुत्रीले त क्रिया गर्नुपर्‍यो त्यो बाहेक सातौं दिन (न्ह्यान्नूमा) नवौं दिन (गुनु), बाह्रौ दिन (घासु) लाई विशेष महत्वपूर्ण दिनको रुपमा लिइन्छ । त्यसैगरी पैचालिसौ दिन (लाक्त्या), ६ महिना (खुला), एक वर्ष (दाकिला) र दुई वर्ष (निऱ्हा), लाई महत्वको साथ मृत्युसंस्कार सम्पन्न गरिन्छ । १३ औं दिनको दिनमा आफ्ना आफन्त, इष्टमित्रलाई प्रसाद खुवाउने चलन छ । मृत्युसंस्कार वा गुठीले महत्वपूर्ण भूमिका खेल्दछ । शवलाई गुठीयारले मात्र छुने नेवारी समुदायमा मान्यता रहेको छ । शवलाई बोक्ने देखि लिएर जलाउने काम सम्म गुठीले जिम्मेवारीका साथ गर्ने गर्दछन् (Dangol, 2010)।

नेवार समुदायमा कुनैपनि मानिसको मृत्यु भएमा दाहसंस्कारको लागि गुठीयारहरूलाई भेला गराई शबयात्राको तयारी गराउने काम गरिन्छ । दाह संस्कारमा गुठीयारहरूको प्रमुख भूमिका रहेको हुन्छ । मृत्युवरणको बारेमा सबै गुठीयारहरूलाई खबर गर्ने कार्य गरिन्छ । तत्पश्चात सबै गुठीयारहरू भेला भई शवयात्रा गर्ने देखि लिएर घाटमा पुऱ्याई दाहसंस्कार गर्ने र मृत्यु संस्कारका सम्पूर्ण कार्यहरू गुठीयारहरूद्वारा सम्पन्न गरिन्छ (श्रेष्ठ, २०१०) ।

पूर्व अध्ययनहरूको समष्टिगत अध्ययन गर्दा प्राय: सबैजसो अध्ययनमा गुठीको महत्वलाई अध्ययन गरेको पाइयो ।

## २.४ सैद्धान्तिक खाका


**चित्र २.१: संरचनात्मक प्रकार्यवाद ढाँचा**




उपर्युक्त चित्रमा उल्लेख गरे अनुसार संरचनात्मक प्रकार्यवाद अन्तर्गत प्रकार्यात्मक अपरिहार्यताको मान्यताको अवधारणाको परिधिभित्र रही गुठीसंगठनलाई पनि अध्ययन गर्न सकिन्छ। गुठी एउटा सामाजिक संस्था हो। यसले नेवारी समाजमा आपसमा एकता कायम गरेको हुन्छ। अनिवार्य रुपमा एकात्मक भावनाको आधारमा गुठीमा सहभागी हुनुपर्ने हुनाले उनीहरू बिचमा सामाजिक मूल्य र मान्यताअनुरुप संगठनमा संगठित हुनुपर्छ भन्ने सकारात्मक भावनाको वृद्धि हुन्छ। यसबाट सुसंगठित र व्यवस्थित रुपमा गुठी संगठनलाई निरन्तर रुपमा सञ्चालन गरिरहन मद्दत मिल्छ।

## २.५ अवधारणात्मक खाका

**चित्र २.२: अवधाराणागत खाका**




गुठी नेवार समुदायको एक सामाजिक संगठन हो । विभिन्न जनजातिको आफ्नै खालका सामाजिक संगठन हुने गरेका छन् । थकालीको ढिकुटी, गुरुङको रोधी जस्तै नेवारको गुठी हो । गुठीले समाजका हरेक क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको छ । गुठीले समाजमा सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक प्रभाव पारेको छ । गुठीले गुठीयारहरूबीच सामाजिक, एकता, सहकार्य, सामाजिक सद्भाव तथा बालबच्चाको सामाजिकीकरण प्रक्रियामा सकारात्मक प्रभाव पारेको छ । त्यस्तै गुठीयारहरूबीच आर्थिक लेनदेन, ऋण उपलब्ध, बचत संकलन जस्ता आर्थिक उन्नतीका लागि समेत सकारात्मक भूमिका निर्वाह गर्दछ । हरेक जात तथा जातिको आफ्नै भेषभूषा, रहनसहन, संस्कृति, भाषा हुने गर्दछ । गुठीले विभिन्न चाडपर्व, मेला तथा जात्रा आयोजना गरी नेवार समुदायभित्र प्रकार्यात्मक एकता कायम

गरेको छ । विभिन्न सार्वजनिक सम्पदाको निर्माण तथा मर्मत कार्यमा समेत गुठीले सकारात्मक भूमिका निर्वाह गरेको छ । गुठी संगठनले नेवार समुदायभित्र विभिन्न सामाजिक, आर्थिक तथा धार्मिक पक्षमा सकारात्मक भूमिका निर्वाह गरेको छ । जस अन्तर्गत परिवारभित्र मेलमिलाप सामाजिक उत्तरदायित्व तथा सामाजिकीकरण प्रक्रियामा समेत महत्वपूर्ण भूमिका निवाह गरेको पाइन्छ । यी यावत् कुरालाई वस्तुगत दृष्टिले व्याख्या एवम् विश्लेषण गर्दा नेवार समुदायमा गुठीले सामाजिक एकता तथा प्रकार्यात्मक एकता कायम गरेको पाइन्छ ।

# अध्याय तीन
# अनुसन्धान विधि

आफ्नो अध्ययनलाई पूर्ण बनाउन, उद्देश्य पूरा गर्न, शोध अध्ययनको क्षेत्र, ढाँचा, नमुना, छनौट, तथ्याङ्कको प्रकृति, तथ्याङ्क संकलन विधि एवम् तथ्याङ्कको व्याख्या विश्लेषण मुख्य रुपमा यस अध्यायमा गरिएको छ । यसमा वर्णनात्मक र विश्लेषणात्मक गरी दुई अनुसन्धान ढाँचाहरूको प्रयोग गरिएको छ । नेवारहरूको गुठी सङ्गठन र सामाजिक अवस्थाबारे वर्णन गर्नुपर्ने भएकाले वर्णनात्मक विधि प्रयोग गरिएको छ भने उनीहरूको मौलिक अवस्था अनि गुठी सङ्गठन सञ्चालन प्रक्रिया तथा क्रियाकलापको अन्वेषण गर्नुपर्ने भएकाले अन्वेषणात्मक विधिसँगसँगै प्रयोग गरिएको छ । यहीं ढाँचामा केन्द्रित रही नेवार समाजको सामाजिक सङ्गठन गुठी सञ्चालन, व्यवस्थापन र समुदायमा गुठीको महत्वलाई अवलोकन गरी व्याख्या गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं १६ मा नेवारहरूको बसोबास रहेको छ । लामाचौरका नेवारहरूको पुर्खाको बारेमा अध्ययन गर्दा लक्ष्मी नरसिंह श्रेष्ठ र वृन्द नरसिंह श्रेष्ठ भक्तपुरको भादगाउँबाट लामाचौरमा आएर बसोबास गरेको भन्ने पाइन्छ (स्मारिका, २०६०) । नेवार समुदायको सांस्कृतिक संस्था गुठी हो र यस क्षेत्रमा एउटा गुठी संचालनमा रहेको छ । यस क्षेत्रमा संचालित गुठीमा नेवारहरू आवद्ध रहेका छन् । वर्तमान समयसम्म पनि यस क्षेत्रमा रहेको गुठी अध्ययन भएको देखिदैन । त्यसैले अध्ययनमा यस क्षेत्रलाई छनोट गरिएको छ । गुठी सञ्चालन कसरी गरिएको छ, गुठीले नेवारी समुदायमा सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थामा कस्तो भूमिका खेलेको छ भन्ने कुराको अध्ययन गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस पोखरा महानगरपालिकाको वडा न. १६ लामाचौरमा रहेका नेवारहरूको समुदायमा सीमित रहेको छ । गुणात्मक एवम् संख्यात्मक तथ्याङ्कहरूको मद्दतबाट नै अनुसन्धान उपलब्धी मूलक हुने हुँदा यसमा अर्न्तवार्ता अनुसूची, मुख्य जानकार ब्यक्तिहरूसँगको छलफल, वैयक्तिक अध्ययन आदि जस्ता अनुसन्धान पद्धतीलाई प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत एवम् प्रकृति

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता अनुसूची, मुख्य जानकार व्यक्तिसँगको छलफल, वैयक्तिक अध्ययनलाई लिइएको छ भने तथ्याङ्क संङ्कलनको द्वितीय स्रोत अन्तर्गत पुस्तकालयबाट, गुठी संस्थानबाट, प्रकाशित शोधपत्र, नेवारको गुठी संस्था सम्बन्धी विभिन्न पुस्तकहरू र गुठी सम्बन्धित स्मारिका समेतबाट लिइएको छ । अध्ययनको उद्देश्य अनुरूप नेवारी समुदायको गुठीको अवस्था गुठी व्यवस्थापनको तरिका, नेवारी समुदायमा गुठीले पारेको प्रभाव वा गुठीको महत्व बारेमा अध्ययन स्थलमा नै उपस्थित भई प्राथमिक तथ्याङ्क संकलन अर्न्तगत अर्न्तवार्ता, अनुसूचीबाट प्राप्त तथ्याङ्क समुदायका मुख्य सूचनादाताहरूबाट प्राप्त जानकारी प्रमुख तथ्याङ्कहरू रहेका छन् । नेवारी समुदायका प्राचीन दस्तावेज, अभिलेखहरू प्रकाशित स्मारिका एवम् पुस्तकहरूबाट लिएका तथ्याङ्कहरू द्वितीय तथ्याङ्का रूपमा रहेका छन् ।

यस अनुसन्धानमा गुणात्मक र सङ्ख्यात्मक दुबै खाले तथ्याङ्कको प्रयोग गरिएको छ । गुणात्मक तथ्याङ्कले ती समुदायका मानिसको व्यवहार गुठीको अवस्था, गुठीयारको सङ्गठन प्रतिको चेतना, संस्कारगत क्रियाकलापहरू, लैङ्गिक भूमिका आदिलाई जनाउँछ भने सङ्ख्यात्मक तथ्याङ्कले समुदायका मानिसको उमेर शिक्षा, लिङ्ग आदिलाई जनाउँछ । सङ्ख्यात्मक तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतमा देखाइएको छ ।

## ३.४ समग्र अध्ययन विधि

पोखरा महानगरपालिका वडा नं १६ लामाचौरमा जम्मा ५२ घर नेवार समुदायको बसोबास रहेको छ । ती सम्पूर्ण ५२ घरलाई नै समग्र अध्ययन विधिबाट छनोट गरिएको छ र समग्र

५२ घरका घरमुलिहरूलाई अध्ययनको एकाइ मानी हरेक प्रत्येक घरका घरमुलिहरूसँग अर्न्तवार्ता अनुसूचीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरू

कुनै पनि शोधकार्यलाई सार्थक रूपमा सफल तुल्याउन उपयुक्त प्रविधिको आवश्यकता पर्ने हुनाले यस अनुसन्धान कार्यका लागि निम्न विधिहरू अपनाइएको छ ।

### ३.५.१. प्राथमिक तथ्याङ्क सङ्कलन विधि

#### क. अर्न्तवार्ता अनुसूची

शोध अध्ययनको निम्ति अर्न्तवार्ता अनुसूची विधिलाई मुख्य विधिको रूपमा दृष्टिगत गरी संरचित तथा असंरचित अर्न्तवार्ता अनुसूचीको प्रयोग गरी सम्बन्धित उत्तरदातासँग आवश्यक तथ्याङ्क संकलन गरिएको छ । गुठीको बारेमा बुझ्न त्यसमा आवद्ध हुँदाको अनुभव, फाइदा, बेफाइदा समेटी तथ्य प्राप्त गर्न नेवारी समुदायका ५२ घरमुलीहरूसँग सम्बन्धित रही यो विधि प्रयोग गरिएको छ ।

#### ख. मुख्य जानकार व्यक्तिहरूसँगको छलफल

गुठीमा आवद्ध समुदायका जेष्ठ नागरिक, गुठी सदस्य, मुख्य जानकार व्यक्तिहरु गरी कुल १२ व्यक्तिहरू सबै मार्फत् गुठीको सञ्चालन व्यवस्थापन, आकार, प्रकार, फाइदा, बेफाइदा, महत्व, प्रभाव, उपयोगिता र निरन्तरताबारे तथ्य संकलन गरिएको छ ।

#### ग. वैयक्तिक अध्ययन

वैयक्तिक अध्ययन प्राथमिक तथ्याङ्क सङ्कलनका विधिहरू मध्ये एक हो । अध्ययन क्षेत्रका नेवारी समुदायले स्थापना गरेको लामाचौर नेवाःखल गुठीको व्यवस्थापन, महत्व र कामको बारेमा जान्नको लागि गुठीयारहरू मध्ये गुठी समितिका सदस्य, मुख्य जानकार गुठीयार सदस्यलाई प्राथमिकता दिई जम्मा ५ जना व्यक्तिहरु जो उनीहरुले भोगेका तथ्यहरूलाई उसैको भाषामा जस्ताको तस्तै उतार्ने कार्य गरिएको छ ।

### ३.५.२ द्वितीय तथ्याङ्क संकलन विधि

लामाचौर नेवाःखल गुठीका गुठीयारहरूको नामावली, रजिस्टर र विभिन्न नियमहरूको लिखित विवरण किताब, नेवारको गुठी संस्था सम्बन्धी विभिन्न पुस्तकहरू, पत्रपत्रिका, अप्रकाशित शोधपत्र, स्मारिका द्वितीय तथ्याङ्कका मूल स्रोत हुन् ।

## ३.६ तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण

कुनैपनि अध्ययन अनुसन्धानको सफलताको निम्ति तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतिकरणमा भर पर्दछ । अध्ययन क्षेत्रबाट संकलित तथ्याङ्कहरूलाई गुणात्मक र संख्यात्मक रूपमा व्याख्या एवम् विश्लेषण गरिएको छ । संख्यात्मक तथ्यलाई तालिकीकरणद्वारा स्पष्ट पारी तथ्याङ्कहरूको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# अध्याय चार

# नेवार समुदायमा गुठीको कार्य र व्यवस्थापन

## ४.१ अध्ययन क्षेत्रको परिचय

प्रदेश नं. ४, कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. १६ अर्न्तगत लामाचौरलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । पोखरा, काठमाण्डौ र विराटनगरपछिको ठुलो शहर हो । पोखरा नगरी पर्यटनको प्रचुर सम्भावना बोकेको पर्यटकीय शहर हो । यस शहर पदयात्राको प्रवेशद्धारको रूपमा समेत प्रख्यात छ । पोखराबाट देखिने माछापुच्छ्रे, धौलागिरी र अन्नपूर्ण हिमश्रृङ्खला हेर्नका लागि आन्तरिक तथा बाह्य पर्यटकको यहाँ घुइँचो लाग्ने गर्दछ । यस पोखरा महानगरपालिकाका ३३ वटा  वडाहरू मध्ये वडा नं. १६ लामाचौर पनि नेवारी समुदाय बसोवास गर्ने क्षेत्र मध्येको एक हो ।

### ४.१.१ जनसंख्या

वि.सं. २०६८ को जनगणना अनुसार पोखरा महानगरपालिकाको जनसङ्ख्या २५५५२५ रहेको छ जसमा पुरुषको जनसङ्ख्या १,२६,२९८ र महिलाको जनसङ्ख्या १,२९,२२७ रहेको छ । पोखराको घरधुरी सङ्ख्या ६८,२३६ रहेको छ । पोखरा महानगरपालिकाको वडा नं. १६ अर्न्तगत लामाचौरको जम्मा १४९५० जनसंख्या रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) । जसमा मिश्रित रुपमा बसोबास गर्ने ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, नेवार, दलित लगायतका जातिहरू छन् । लामाचौर चारैतिर डाँडापाखा देखिने पर्यटकीय क्षेत्र मानिन्छ । यस अध्ययन क्षेत्रको पूर्वमा काहुँडाडा, पश्चिममा हेम्जा, उत्तरमा घार्मी र दक्षिणमा बगर पर्दछ । यस क्षेत्रमा जनजातीको बाहुल्यता पाइन्छ ।

### ४.१.२ भौतिक पूर्वाधार

कुनै पनि क्षेत्रको विकास हुनको लागि त्यस क्षेत्रमा विकासको पूर्वाधार (यातायातको साधनको उपलब्धता, सडक सञ्जाल, विजुली, स्वास्थ्य केन्द्र, शैक्षिक संस्था) आदिको पहुँच

कत्तिको छ भन्ने कुराले ठूलो भूमिका खेल्दछ । जुन क्षेत्रमा यी सबै विकासका पूर्वाधारको पर्याप्त मात्रामा पहुँच भएको क्षेत्रलाई सम्पन्न र विकसित भएको मानिन्छ । यस वडा नं.१६ मा यी सबै भौतिक पूर्वाधारहरूको पर्याप्त मात्रामा पहुँच पुगेको देख्न सकिन्छ । यस वडामा यातायातको साधनको उपलब्धता सजिलो छ, सडक कालोपत्रे छ भने सडक सञ्जालले विभिन्न टोलहरूलाई जोडेको छ । कोही बिरामी भईहालेमा वैद्यखाना र मेडिकल रहेका छन् । उपचारका लागि भने मातृशिशु मितेरी अस्पताल रहेको छ । यो क्षेत्रका वासिन्दाले बिजुली, खानेपानी तथा सञ्चारको सुविधाको भरपुर उपभोग गरेका देखिन्छन् । यहाँका शैक्षिक संघसंस्थाले बालबालिकाहरूलाई शिक्षित बनाइ साक्षरता दर बढाइरहेका छन् ।

### ४.१.३ **चाडपर्व**

यस वडा नं. १६ मा हिन्दु धर्म तथा इसाई धर्म मान्ने मानिसहरूको वाहुल्यता रहेको छ । दुवै धर्मावलम्वीहरूले एक अर्काको धर्मलाई श्रद्धा र सम्मानपूर्वक हेर्छन्, यहाँ धर्मको नाममा कहिल्यै पनि भै-भगडा भएको छैन त्यसैले यहाँ धार्मिक सहिष्णुता रहेको छ भन्न सकिन्छ । यस वडाका वासिन्दाहरूले मनाउने चाडपर्वहरूमा दशैं, तिहार, तिज, जनैपूर्णिमा, गाईजात्रा, माघे संक्रान्ति, होली, बुद्ध जयन्ति आदि रहेका छन् । यहाँ गाईजात्रे महोत्सव, भैरव जात्रा, एवम् जन्माष्टमी जात्रा पनि हुने गरेको छ ।

## ४.२ लामाचौरमा सञ्चालित लामाचौर नेवाः खल गुठी

अध्ययन क्षेत्रको अध्ययनबाट प्राप्त जानकारी अनुसार यस क्षेत्रको नेवारहरूको एक मात्र गुठी संस्था वि.सं. २०६९ जेठ १ गते लामाचौर नेवाः खल नामक संस्था स्थापना भएको हो । उक्त संस्थाबाट प्राप्त जानकारी अनुसार यस गुठीमा ५२ घर परिवार मध्ये सबै नै गुठीमा आवद्ध भएका र गुठी समितिमा जम्मा १५ जना सदस्य रहेका छन् । गुठी समितिको समयावधि र २ वर्षको हुन्छ ।

गुठीयारका अनुसार गुठीले मर्दापर्दा सहयोग गर्ने तथा आर्थिक सहयोग पनि गर्ने हुनाले गुठी विनाको जीवन कल्पना नै गर्न नसकिने कुरा बताउँछन् । गुठीको सदस्य बन्नका लागि प्रत्येक गुठीयारले गुठीले तोकेको रकम तिर्नुपर्दछ । गुठीले आफ्ना गुठीयारहरूलाई ऋण उपलब्ध पनि गराउने गर्दछ । खासगरी जसलाई पैसाको आवश्यकता परेको हुन्छ उसैले गुठीबाट ऋण लिने गरेको कुरा गुठीयारहरू बताउँछन् । गुठीबाट लिएको ऋण तिर्न तथा

नयाँ ऋण लिनको लागि गुठीयारहरू प्रत्येक वर्षको मंसिर महिनाको विवाह पञ्चमीका दिन बार्षिक भेलामा अनिवार्य रूपमा उपस्थित हुनुपर्ने पनि गुठीयारहरू बताउँछन् ।

## ४.३ नेवारी गुठीका कार्यहरू

नेवारी गुठीका विभिन्न प्रकारहरू भए पनि लामाचौरमा स्पष्ट रूपमा नामाकरण गरी सञ्चालित गुठी एउटा भएको पाइयो । अन्य गुठीहरू भने प्रष्टरूपमा खुलेर नदेखिए पनि गर्नुपर्ने कामहरू भने भइरहेको पाइन्छ । जस्तै भीमसेन पूजा र दिवाली पूजा जुन एउटै पुर्खाका सदस्यहरूले बेलाबखतमा गरेको पाइन्छ । यस समुदायको सन्दर्भमा दिवाली पूजा नयाँ सदस्यले विवाह गरी दुलही भित्र्याएमा उक्त घरपरिवारले दीवालीमा एउटा छुट्टै भाग भनेर बोका ल्याई पूजा गर्नुपर्ने प्रावधान अवलोकनबाट जानकारी भएको छ । त्यस्तै उक्त दिवाली पूजामा सबैको संयुक्त रूपमा एउटा बोका हुन्छ । त्यसलाई सबै गुठीयार सदस्यहरूमा भाग लगाइन्छ । यस क्षेत्रको अध्ययन अवलोकनबाट प्राप्त जानकारी अनुसार ज्येष्ठ सदस्यहरूले सिखाने भन्ने चलन पनि छ । त्यसमा बोको कान बंगारा आदि कुराहरू रोल क्रमअनुसार विभाजन गरी संयुक्त भोज खाने चलन पनि छ । त्यस्तै गरी जात्रा पर्व मनाउने खालका कामहरू पनि हुन्छन् । तर छुट्टै गुठी भनी नामाकरण नगरी स्वतःस्फूर्त रूपमा चलाख र संस्कृतिसँग चासो राख्ने बुढापाकाको नेतृत्वमा युवाहरूलाई परिचालन गरी जात्रा पर्वमा सहभागी गराइन्छ । यसरी गुठीका प्रकारअनुसार गुठी नै भनि नचिनिए पनि चाहिने आवश्यक काम भइराखेको हुन्छ । सबैको नेतृत्व गर्ने बृहत रूपको गुठी भनेको यस अध्ययन क्षेत्रमा मर्दापर्दा सबै खालको सहयोग गर्ने, गुठी र साना गुठी दुबैको काम गर्ने लामाचौर नेवाः खल गुठी नै हो भन्न सकिन्छ ।

**तालिका ४.१ : *उत्तरदाताका अनुसार नेवारी गुठीका कार्यहरू**

| कार्यहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| गुठीयारहरुको दुःखद् घटनाहरुमा संलग्नता | 52 | |
| सामाजिक (विवाह, ब्रतवन्द ...) आर्थिक कार्यमा संलग्नता | 40 | |
| संस्कारगत कार्यहरुमा संलग्नता | 30 | |
| माथिका सबै | 44 | |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०७५ ।

*बहुउत्तर आउने प्रश्न

माथिको तालिका अनुसार कुल उत्तरदाता ५२ जना मध्ये गुठीले गुठीयारहरुको दुःखद् घटनाहरुमा संलग्नता भन्नेमा ५२ जना अर्थात् शतप्रतिशत गुठीयारहरु उपस्थित रहने गरेको पाइयो । सामाजिक र आर्थिक कार्यमा संलग्नता भन्नेमा ४० जना, संस्कारगत कार्यहरुमा संलग्नता भन्नेमा ३० जना, माथिका सबै कार्यहरुमा संलग्नता भन्नेमा ४४ जना उत्तरदाताहरूले बताएको पाइयो ।

निष्कर्षमा गुठीले दुःखद् घटनाहरुमा संलग्नता सबै गुठीयारहरु रहने गरेको पाइयो । गुठीले मृत्यु लगायतका दुःखद् घटनाहरु परेको घरमा समिति लगायत गुठीका सम्पूर्ण सदस्य अनिवार्य रुपमा सहभागी हुनको लागि समुदायलाई खवर गर्ने । आवश्यक सहयोगको चाजोपाजो मिलाउने गरेको पाइयो । सामाजिक, आर्थिक र संस्कारगतकार्यहरुमा भने गुठीयार सबै सदस्यहरु उपस्थित हुने गरेको पाइएन ।

लामाचौर नेवाःखल गुठीले गर्ने कामहरूको बारेमा गुठीका संस्थापक अध्यक्षसित गरिएको वैयक्तिक अध्ययनबाट थप प्रष्ट पार्न सकिन्छ । वैयक्तिक अध्ययन १ का अनुसार :

*लामाचौर नेवार समुदायका गुठीयार सदस्यहरूको जन्मदेखि मृत्युसम्मका सम्पूर्ण संस्कारहरूको कार्यमा लामाचौर नेवाः खल गुठीको सहभागिता रहेको छ । जस्तै गाईजात्रा, भैरव जात्रा, कृष्ण जात्रा, घण्टाकर्ण जस्ता जात्राहरुको निरन्तरताको लागि गुठी संस्था लागी परेको छ । त्यस्तैगरी संस्कारहरूमा निरन्तर सहयोग गरिदै आएको छ । यी जात्रा र संस्कारगत कार्यहरुमा गुठीयारहरुको संलग्नता लामाचौरमा नेवाःखल गुठीको स्थापना पछि मात्र भएको हो । नेपाल सम्बत्को ऱ्याली (भिन्तुना ऱ्याली) पनि गुठी संस्था स्थापना भएपछि मात्र सञ्चालन गर्न थालिएको हो । यस लामाचौर नेवाःखलले लामाचौर मिस खल पुच (महिला समाज) र ल्यामा पुच (युवा समाज) गठन गर्ने काम भयो । नेवाःखलका सम्पूर्ण गुठीयार महिनाको एक पटक पालो लगाएर प्रत्येकको घरघरमा भेट तथा अर्न्तक्रिया गर्ने गरिन्छ । लामाचौर नेवाः खल गुठीमा लामाचौरमा बसोबास गर्ने सम्पूर्ण नेवार समुदाय आबद्ध रहँदै आइरहेका छन् । तर हाल आएर लामाचौर भित्र बसोबास गर्ने पुराना बासिन्दासँगसँगै विभिन्न जिल्लाबाट आएका नेवार समुदायलाई पनि समेटेर संयुक्त रुपमा नेवाःखल गुठीको काम अगाडि बढिरहेको छ ।*

उक्त वैयक्तिक अध्ययन अनुसार लामाचौर नेवाःखल गुठीले जन्मदेखि मृत्यु संस्कारका सम्पूण कार्यहरु सामाजिक, आर्थिक कार्यहरु र संस्कारगत कार्यहरु, गुठीयारहरुको दुःखद् घटनाहरुमा पूर्ण संलग्न रही सहयोग र सद्भावका कार्यहरु गर्दै आएको पाइयो ।

लामाचौर नेवाः खल गुठीले प्रत्येक वर्षको मंसिर या माघ महिनाको शुभ तिथि पारेर गुठी पूजा गर्ने गरेको पाइयो । गुठी पूजा सन्दर्भमा वैयक्तिक अध्ययन २ का अनुसार :

*गुठी पूजा गर्नका लागि समुदायका सम्पूर्ण गुठीयारहरूबाट आवश्यक रकम संकलन गरिन्छ साथै प्रत्येक घर घरबाट पनि आवश्यक पूजा सामग्री निकालिन्छ र मन्दिर परिसरमा भेला भइन्छ । गुठी पूजा समुदायको ज्येष्ठ सदस्यले गर्ने काम गर्दछन् । यदि समुदायको ज्येष्ठ सदस्य अशक्त वा पूजा गर्न नसक्ने भएमा उसको अनुमतिले उहाँ पछिको ज्येष्ठ सदस्यले गुठी पूजा गर्ने काम सम्पन्न गरिन्छ । नेवारहरूको कुल मन्दिरमा गुठी पूजा गरेपछि सम्पूर्ण गुठीयारहरू मिलेर त्यही भोज भतेर खाने काम गरिन्छ । हामी नेवारहरूले भीमसेनलाई इष्टदेवता मानेर भीमसेन पूजा पनि गर्दै आइरहेका छौं ।*

उक्त वैयक्तिक अध्ययन अनुसार लामाचौर नेवाःखल गुठीले गुठी संस्थाको स्थापना भएपछि निरन्तर रुपमा गुठी पूजा गर्दै आएको पाइयो । गुठी पूजामा सबै सदस्यहरुको उपस्थिती रहने र उक्त पूजामा सबै सदस्यहरुले आ-आफ्नो गच्छे अनुसार आर्थिक संकलन साथसाथै अन्य आवश्यक सामाग्रीहरुको सङ्कलन गरी गुठी पूजा गर्ने गरेको पाइयो ।

## ४.४ लामाचौर नेवाः खल गुठीका फाइदाहरू

नेवार समुदायद्धारा सञ्चालित गुठी एक परम्परागत सामाजिक, सामुदायिक सङ्गठन हो । विशेष गरी आफ्नो समुदायका सदस्यहरूलाई सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्र आदिमा सहयोग पुऱ्याउँदै नेवार संस्कृतीलाई कालान्तरसम्म जगेर्ना गर्न स्थापना गरिएको नेवार गुठीहरूले समाजमा धेरै फाइदाहरू पुऱ्याएका छन् । यी फाइदाहरूलाई तल चर्चा गरिन्छ ।

### ४.४.१ लामाचौर नेवाः खल गुठीका सामाजिक फाइदाहरू

सामाजिक सङ्गठनका रूपमा रहेको नेवार समुदायको गुठीले नेवार समुदायका सदस्यहरूलाई सामाजिक एकता सहयोग र सद्भावको वातावरण सृजना गरेको छ । उत्तरदाताका अनुसार यस क्षेत्रमा संचालित लामाचौर नेवाः खल गुठीले बाटुलेचौर शुक्ला साहित्य प्रतिष्ठानलाई वर्षैपिच्छे आर्थिक सहयोग गर्ने गरेको छ । त्यस्तै लामाचौर नव आदर्श सामुदायिक विकास समाज अन्तर्गत तीज मेला कार्यक्रम सञ्चालनार्थ बर्षेनी नगद

सहयोग प्रदान गर्दै आएको छ । यसरी गुठीले समुदायमा सहयोगीको भूमिका खेल्ने गरेको छ ।

### ४.४.२ गुठीका आर्थिक फाइदाहरू

आर्थिक क्षेत्रलाई सुदृद बनाउँदै आर्थिक गतिविधिहरूप्रति सदस्यहरूलाई सक्रिय बनाउन गुठीले आफ्नै आर्थिक कोषको व्यवस्था गरेको छ । यस कोषमा जम्मा हुने रकम गुठी समितिका विभिन्न क्षेत्रका सदस्यहरूबाट सङ्कलन गरिन्छ । सो कोषको संरक्षण र परिचालन गुठी समितिले गर्दछ । गुठीका सचिवका अनुसार यस कोषबाट सदस्यहरूलाई ऋण प्रवाह गर्ने,मर्दापर्दा आर्थिक सहयोग गर्ने र कतिपय अवस्थामा सामाजिक कार्यहरूमा समेत परिचालन गर्ने गरिन्छ । गरीब, निमुखा परिवारहरूलाई दिएको ऋण उनीहरूको अवस्था हेरी व्याज मिनाहा गर्ने पनि गरिन्छ ।

समितिको आफ्नै कोषको स्थापना भएकाले यसमा आवद्ध सबै सदस्यहरूले खुला रूपमा वार्षिक भेलाबाट माग  निवेदनका आधारमा ऋण पाउने व्यवस्था छ । उक्त रकम एक वर्षसम्म प्रयोग गर्न सकिने र एक वर्षपछि समितिले तोकेको व्याजसहित फिर्ता गर्नुपर्ने हुन्छ । यस किसिमको व्यवस्थाले यस समुदायका सदस्यहरूको आर्थिक समस्या समाधान गर्नुको साथै विभिन्न क्षेत्रमा व्यक्तिगत लगानीको वातावरण समेत सृजना भएको छ । जसबाट उनीहरूको पारिवारिक, आर्थिक उन्नति हुनुका साथै स्थानिय स्रोतहरूको परिचालन गर्न समेत सहयोग पुगेको पाइन्छ ।

### ४.४.३ गुठीबाट भएका सांस्कृतिक फाइदाहरू

नेवार समुदायमा भएको यस गुठीका कारण विभिन्न खालका नेवारी संस्कृतिको जगेर्ना गर्न भरपुर सहयोग पुगेको छ । गुठीका सदस्यका अनुसार विभिन्न सांस्कृतिक कार्यक्रम जस्तै गाईजात्रा, रोपाइँजात्रा, इन्द्रजात्रा, तीजमेला, लाखेजात्रा, घण्टाकर्ण पर्व आदि कार्यमा पनि यसले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । त्यस्तै गरी यसले संस्कृतिसँग सम्बन्धित विभिन्न चालचलन रीतिरिवाजलाई निरन्तरता दिन पनि सहयोग पुऱ्याएको छ । गुठीयारहरू भेला हुँदा विभिन्न सांस्कृतिक क्रियाकलापबारे छलफल गर्न आवश्यक पर्ने हुनाले आफ्नो धर्म संस्कृतिको संरक्षण र निरन्तरताका बारेमा योगदान पुगेको छ भन्न सकिन्छ ।

## ४.५ नेवार समुदायमा गुठीका बेफाइदाहरू

सामाजिक सद्भाव विकास गरी नेवारी समुदायको सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षहरूको विकास गर्ने उद्देश्यले स्थापना गरिएको लामाचौर नेवाः गुठीले विभिन्न क्षेत्रमा फाइदा पुऱ्याएको छ । यद्यपि नेवार समुदायका सबै सदस्यहरूलाई अनिवार्य गुठी प्रवेश गर्नुपर्ने प्रावधान, सदस्यताका लागि कोषमा जम्मा भएको रकमको दामासाही हिसाबले तिर्नुपर्ने हुनाले सदस्यहरूलाई आर्थिक बोझ बढ्न गएको पाइन्छ । त्यसै गरी समितिको कुनै सदस्यको मृत्यु भएमा उर्दीजारी गरी अनिवार्य उपस्थितिको व्यवस्था गर्नाले काममा व्यस्त र क्षेत्रबाट बाहिर रहेको बेलामा पनि दण्ड जरिवाना गरिएको पाइन्छ । गुठी समितिले प्रवाह गर्ने ऋणमा पनि अनियमितता भएको उत्तरदाताका अनुसार बुझिएको छ । जसमा समितिका आफ्ना नातेदार वा नजिकको व्यक्तिलाई धेरै रकम दिने र अरुलाई कम दिइन्छ भन्ने सुनिन्छ । ऋण सम्वन्धी दण्ड जरिवानामा पनि नराम्रो व्यवस्था देखिएको, म्याद नाघेको ऋणहरूमध्ये कसैलाई जरिवाना गर्ने र कसैलाई नगर्ने समितिको कामले गर्दा सबै ऋणीहरूबिच समान व्यवहार नभएको गुनासो नेवार समुदायका केही मानिसहरूले गरे । गुठीद्धारा आयोजना गरिने वार्षिक भेलाका अवसरमा भोजभतेर गरिने र यस बेलामा मदिरापानसमेतको व्यवस्था हुनाले मदिराको निहुँ पारी अरुलाई गाली गर्ने व्यक्तिगत आक्षेप लगाउने र होहल्ला गर्ने कामसमेत गरेको पाइन्छ । हरेक सिक्काका दुई पाटा हुन्छन् भनेजस्तै गुठी व्यवस्थाका पनि आफ्नै खाले फाइदा र बेफाइदाहरू छन् तर समग्रमा केलाएर हेर्दा यसका बेफाइदाहरू भन्दा फाइदाहरू नै बढी भएको पाइन्छ ।

## ४.६ गुठीद्वारा नेवार समुदायमा भएको सहकार्यात्मक सम्बन्ध

गुठीले नेवार समुदायका नेवारहरूको बीचमा राम्रो र सहकार्यात्मक सम्बन्ध कायम गर्न सहयोग पुगेको छ । यसले सम्पूर्ण गुठीयारहरूलाई गोलबन्द गराउने र प्रकार्यात्मक सम्बन्ध कायम गर्न अग्रसर गराउने हुनाले सहकार्य र प्रकार्यको लागि सबैलाई अग्रसर गराएको छ । मर्दापर्दा सकारात्मक रुपमा उपस्थित भई सहयोग गर्ने काम र गुठी भेलामा अनिवार्य उपस्थित हुनुपर्ने प्रावधान र अवस्थाले उनीहरू बिचमा सहकार्य गर्नुपर्छ भन्ने भावनाको विकास भएको पाइन्छ । अध्ययन अनुसन्धानबाट धेरै/ प्राय उत्तरदाताले नेवारहरूमा सहकार्य छ र मतभेद छैन भनेका छन् । समूहमा बसेर काम गर्दा सफल भइन्छ भन्नेमा विश्वास गर्दछन् र सहकार्य गर्नु मुख्य दायित्व ठान्दछन् । उनीहरू एकले अर्कालाई सघाउनुपर्छ भन्ने भावनाबाट उनीहरू प्रेरित भएको पाइन्छ ।

त्यस्तै विवाह, व्रतबन्ध र अन्य सांस्कृतिक धार्मिक कार्यहरूमा पनि सहज रुपमा उपस्थित भई काम गर्ने हुनाले सहकार्यको अवस्था अझ दरिलो भएको कुरा प्रमाणित हुन्छ । गुठीमा सहकार्यात्मक भावनाको अवस्थालाई जनाउन तलको तालिकाले पनि प्रष्ट पार्न सहयोग पुऱ्याउँछ ।

**तालिका ४.२ : उत्तरदाताका अनुसार गुठीयारहरू बिच समानता भावना**

| विवरण | उत्तरदाता संख्या | प्रतिशत (%) |
|---|---|---|
| समानता छ | ४२ | ८०.७७ |
| थाहा छैन | ९ | १७.३० |
| धेरै नै विभेद छ | १ | १.९३ |
| **जम्मा** | **५२** | **१००** |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०७५ ।

माथिको तालिका अनुसार कूल उत्तरदाता ५२ जना मध्ये समानता छ भन्नेहरू अत्यधिक मात्रामा ४२ जना अर्थात् ८०.७७ प्रतिशत रहेको पाइयो भने थाहा छैन भन्नेमा ९ जना अर्थात १७.३० प्रतिशत र धेरै नै विभेद छ भन्ने अति न्यून १ जना अर्थात् १.९३ प्रतिशत मात्र रहेकोले उक्त गुठीयारहरू बिचमा राम्रो सहकार्य रहेको पाइयो ।

## ४.७ गुठीको आर्थिक कोष

### ४.७.१ कोषको स्थापना र रकम सङ्कलन

गुठीमा गुठीयार सदस्यहरूले निश्चित शुल्क तिरी कोषमा रकम जम्मा गर्दछन् । त्यसपछि जति पनि नयाँ गुठीयार गुठीमा प्रवेश गर्दछन्, त्यसमा जम्मा कोषको रकमलाई दामासाही रुपमा भाग लगाइ रकम लिइन्छ । त्यस्तै गरी उक्त कोषको रकमलाई वितरण गर्दा निश्चित प्रतिशतका हिसावले व्याज तिर्नुपर्दछ । जसले कोषलाई बढाउन अझ सहयोग गरेको पाइन्छ ।

अध्ययन क्षेत्रको गुठी व्यवस्थापनको बारेमा अध्ययन गर्दा कोषको स्थापना र रकम सङ्कलनका बारेमा स्रोतहरूको जानकारी लिनको लागि गुठी समितिका पदाधिकारीहरूसँग छलफल गरिएको थियो । उक्त छलफलबाट प्राप्त जानकारी अनुसार गुठीमा गुठीयार सदस्यहरू निश्चित शुल्क तिरी कोषमा रकम जम्मा गर्दछन् । कोष सङ्कलन गर्ने

स्रोतहरूमा नयाँ सदस्यहरूबाट प्राप्त रकम, दण्ड जरिवानाबाट प्राप्त रकम र स्वेच्छिक सहयोगबाट प्राप्त रकमहरू रहेका छन् । जति पनि नयाँ गुठीयार गुठीमा प्रवेश गर्दछन् उनीहरूले नयाँ सदस्य भएबापत प्रवेश शूल्क बुझाउनु पर्ने हुन्छ । समुदायका सम्पूर्ण सदस्यहरूबाट आवश्यक परेको बेलामा रकम सङ्कलन गर्ने काम गरिन्छ । यसरी कोषको स्थापना गरिन्छ । यसरी जम्मा भएको रकम गुठीयार भित्र नै ऋण स्वरुप आदानप्रदान गर्ने काम गरिन्छ । समितिले भेलामा पास गरेर निश्चित प्रतिशतका हिसाबले व्याज दिने गरी आवश्यक व्यक्तिलाई ऋण दिने काम गरिन्छ । जसले कोषलाई बढाउन अझ सहयोग गरेको पाइन्छ । यस्तै गरी रकम सङ्कलनका अन्य स्रोतमा मृतकको घरबाट गाईजात्रामा गाई निकाल्दा सो घरले गुठीलाई स्वइच्छाले अक्षयकोष खडा गर्ने गरेको पनि अर्न्तवार्ताबाट जानकारी पाइयो । यसरी कोषमा रकम सङ्कलन हुने गरेको पाइयो ।

## ४.७.२ कोषको रकम परिचालन

गुठीकोषमा संकलित रकमलाई विभिन्न गुठीयारहरूमा ऋणको रुपमा परिचालन गरिन्छ । जसबाट निश्चित प्रतिशतमा व्याज प्राप्त हुन्छ । अध्ययन क्षेत्रको अनुसन्धानबाट प्राप्त जानकारीअनुसार गत वर्षको गुठीको रकम परिचालन गर्दा वार्षिक १८ प्रतिशतका दरले ब्याज लिने गरेको भन्नेमा शतप्रतिशत (५२ जना) को समर्थन रहेको पाइएको छ । प्राप्त जानकारी अनुसार सकेसम्म सम्पूर्ण रकमलाई ऋणको रुपमा परिचालन गरिन्छ । त्यसपछि बाँकी रहेको रकमलाई सरसल्लाह गरी सामाजिक तथा धार्मिक क्षेत्रमा सहयोग गर्नुपरेमा त्यस क्षेत्रमा सहयोग गरिने गरेको पनि पाइएको छ । कोष परिचालनको अवस्थालाई निम्न तालिकाद्वारा प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.३: उत्तरदाताका अनुसार गुठी कोष सम्बन्धी जानकारी**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| सामाजिक क्षेत्रमा लगानी | २ | ३.८४ |
| गुठीभित्र मात्र प्रयोग | १४ | २६.९२ |
| गुठीयारहरूलाई ऋणको रुपमा प्रवाह | ३६ | ६९.२४ |
| **जम्मा** | **५२** | **१००** |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०७५ ।

उपर्युक्त तालिकामा जम्मा उत्तरदातामध्ये २ जनाले सामाजिक क्षेत्रमा कोषको रकम परिचालन हुन्छ भनेको पाइन्छ, जुन ३.८४ प्रतिशत हुन आउँछ र १४ जना उत्तरदाताहरूले गुठीभित्र मात्र प्रयोग हुन्छ भनेको पाइन्छ । जुन २६.९२ प्रतिशत हुन आउँछ । त्यस्तै कोषको रकम गुठीयार सदस्यहरूलाई ऋण स्वरुप निश्चित ब्याजदरमा प्रवाह गरिन्छ भन्ने उत्तरदाताहरू ३६ जना छन् जुन जम्मा उत्तरदाताको ६९.२४ प्रतिशत हुन्छ ।

### ४.७.३ दण्ड जरीवाना सम्बन्धी व्यवस्था

गुठीको नीति र गुठी समितिको निर्देशनमा रही यस गुठीका सम्पूर्ण सदस्यहरू विभिन्न सामाजिक, जातीय आदि कार्यहरूमा संलग्न हुन्छन् । यस गुठीका सदस्यहरू (स्थानीय नेवार समुदायका कुनै सदस्य) को मृत्यु भएमा अन्तिम संस्कार सम्पन्न नहुन्जेलसम्म नियमित उपस्थित हुनुपर्ने प्रावधान छ । त्यसै गरी कुनै सदस्य गुठीसंगठनको वार्षिक भेलामा उपस्थित नभएको अवस्थामा पनि दण्ड दिने गरिन्छ । यस्ता गुठीसंगठनका कार्यमा उपस्थित नहुने व्यक्ति वा उसको परिवारलाई गुठी समितिले एकपटकमा २०० रुपैयाँसम्मको आर्थिक जरिवाना गर्न सक्छ । त्यस्तै गुठीसंगठनद्धारा व्यवस्था गरी सामाजिक कार्यका लागि दिइएका सामग्रीहरू र भाँडाकुँडाहरू कामको सिलसिलामा हराएमा वा टुटफुट भएमा प्रयोग गर्न लगेको व्यक्तिले सामानको मूल्य वराबरको क्षतिपूर्ति दिनुपर्ने वा सो सामान आफैंले किनेर दिनुपर्ने व्यवस्था गरिएको छ ।

## ४.८ मुख्य जानकार व्यक्तिबाट प्राप्त जानकारीहरू

लामाचौर नेवाःखल गुठीका समितिका पदाधिकारीहरूको प्राप्त जानकारी अनुसार गुठीले विभिन्न सहकार्यात्मक कार्यहरू गरेको पाइएको छ । गुठीमा जम्मा भएको कोषबाट गुठीलाई आवश्यक पर्ने भाँडाकुँडाहरू किनिसकिएको छ र ती भाँडाकुँडा हरूलाई गुठीयारहरूको घरमा विवाह, व्रतबन्ध लगायत अन्य भोजभतेर भएको बेला सस्तो भाँडा लिएर दिने गरिएको पाइएको छ । गुठीको साधारण वार्षिक भेलामा कुर्चीहरूको आवश्यकता पनि पर्ने हुनाले, विवाह, ब्रतवन्धमा पनि आवश्यक पर्ने हुनाले कुर्चीहरू समेत खरिद गरेर राखिएको पाइएको छ । त्यस्तै गुठी मन्दिरको, परिसरमा छानो राखी बस्ने व्यवस्था गराउनुका साथै मन्दिर परिसरलाई काँडेबार वा पर्खालले घेर्नेबारे पनि योजना बनाइएको पाइन्छ । त्यस्तै गरी यस मन्दिर परिसरमा खानेपानीको लागि पनि छुट्टै धारोको

व्यवस्था गर्ने योजना रहेको बताइएको छ । यसरी गुठीबिना नेवार हरूको सामाजिक, सांस्कृतिक र जातीय अस्तित्व र पहिचान रहन नसक्ने कुरा पाइएको छ ।

## ४.९ गुठीमा प्रतिनिधित्व गर्ने व्यवस्था

अध्ययन क्षेत्रको अनुसन्धानबाट ५२ जना उत्तरदाताहरूसँग लिइएको अन्तरवार्तामा सबै शतप्रतिशतले घरमूलीले नै प्रतिनिधित्व गर्दछ भन्ने गरेको पाइयो । कुनै घरपरिवारमा यदि पुरुष सदस्य नै छैन भने मात्र महिलाका नाम पनि राखिन्छ । गुठीभित्रका गुठीयार सदस्यहरूको घरमा कसैको मृत्यु हुँदा लाश उठाउन वा दाहसंस्कारको लागि घाटसम्म पुऱ्याउन यदि घरमूली उमेरले ६० वर्षभन्दा बदी वा अशक्त भएको खण्डमा उसका छोराहरू यदि १६ वर्ष पूरा भएका छन् भने ती छोराहरू दाहसंस्कार कार्यमा सहभागी हुने गरेको अध्ययन क्षेत्रको अवलोकनबाट थाहा भएको छ ।

## ४.१० गुठीमा महिलाको भूमिका

सामान्यतया गुठीमा महिलाको भूमिका रहेको हुन्छ । अरु प्रमुख नीतिनियम र कार्यक्रममा पुरुषले बढी भूमिका खेलेको हुन्छ तापनि मर्दापर्दा महिलाको आवश्यक पर्ने ठाउँमा उनीहरूले पनि सहयोग गरेका हुन्छन् । जस्तै नेवारको घरपरिवारमा मृत्यु हुँदा मृतकका छोरीहरू भएमा अनिवार्य उपस्थिति हुनुपर्ने देखिन्छ र गुठीको वार्षिक भेलामा पनि महिलाहरूले विभिन्न सरसहयोग गरिएको पाइन्छ । उनीहरूले गुठीको वार्षिक भेलाको बखत भोजभतेरमा मन्दिर परिसरमा गएर पानी ल्याउने, चिउरा, रोटी आदि खानेकुराहरू तयार पार्ने र मिलाइदिने काम गरेको पाइन्छ । यसलाई प्रष्ट पार्न तालिकाद्वारा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका ४.४ : उत्तरदाताका अनुसार गुठीमा महिलाको भूमिका**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| गुठीमा महिलाहरुको निर्णायक भूमिका नै छैन | ४६ | ८८.४६ |
| गुठीमा महिलाहरु सामान्य पदमा मात्र राख्छन् | ४ | ७.७ |
| उच्च पदहरुमा पनि महिलाहरुको संलग्नता छ | २ | ३.८४ |
| **जम्मा** | **५२** | **१००** |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०७५ ।

उपर्युक्त तालिकामा उत्तरदाताहरूले महिलाको भूमिकाको सम्बन्धमा विभिन्न विचारहरू राखेको पाइन्छ । गुठीमा महिलाहरुको निर्णायक भूमिका नै छैन भन्नेमा ४६ जना अर्थात् ८८.४६ प्रतिशत रहेको पाइयो । गुठीमा महिलाहरु सामान्य पदमा मात्र राख्छन् भन्नेमा ४ जना अर्थात् ७.७ प्रतिशत पाइयो । उच्च पदहरुमा पनि महिलाहरुको संलग्नता छ भन्नेमा २ जना अर्थात् ३.८४ प्रतिशत पाइयो ।

निष्कर्षमा लामाचौर नेवाःखल गुठीमा महिलाहरुको भूमिका न्यून रहेको पाइन्छ । किनकी महिलाहरुको घरव्यवहारमानै बढी संलग्नताले गर्दा गुठी संस्थाले गर्ने महत्वपूर्ण कार्यहरुको निर्णयहरुको लागि पुरुष नै बढी संख्यामा रहेको पाइयो ।

## ४.११ गुठीसँग नेवारी जनजीवनको प्रकार्यात्मक सम्बन्ध

नेवार समुदाय एउटा सिंगो संरचना हो । विभिन्न एकाइहरूका संयोजनबाट नै नेवार समुदाय निर्माण भएको पाइन्छ । धर्म, विवाह, परिवार, नातेदार, चाडपर्व आदि एकाइहरू हुन् । गुठी र नेवारहरूबीचमा भएको प्रकार्यात्मक सम्बन्धको आधारमा नेवार समुदायले जीवन्तता पाएको छ । गुठीमा आवद्ध हुँदा आफूलाई सामाजिक रुपमा कस्तो महशुस गर्नुभएको छ भन्ने सन्दर्भमा अधिकांश उत्तरदाताहरूले ठिकै छ भन्ने मत अघि सारेको पाइयो । यसलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.५ : उत्तरदाताको गुठीमा आवद्ध हुँदाको महशुस**

| विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|
| सुरक्षित भएको महशुस गरेको छ | १२ | २३.०७ |
| केहि पनि छैन | ८ | १५.४ |
| ठिकै छ | ३२ | ६१.५४ |
| **कुल** | **५२** | **१००** |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०७५ ।

उपर्युक्त तालिकामा उत्तरदाताहरूले गुठीमा आवद्ध हुँदा आफूले महशुस गर्ने कुराको सन्दर्भमा कुरा गर्दा सुरक्षित भएको महशुस गरेको छु भन्नेमा १२ जना अर्थात् २३.०७ प्रतिशत, केही पनि छैन भन्नेमा ८ जना अर्थात् १५.४ प्रतिशत र गुठीमा

आवद्ध भएर ठिकै छ भन्नेमा ३२ जना अर्थात् ६१.५४ प्रतिशत मानिस रहेका छन् । वैयक्तिक अध्ययन ३ का अनुसारः

*समाजको अस्थित्वलाई यथावत् कायम राख्दै अघि बढ्न द्वन्दभन्दा समन्वयको मात्रा बढी हुनुपर्दछ भन्ने मान्यता अनुरुप नेवार समुदायमा पनि धार्मिक तथा सामाजिक द्वन्द ल्याउने व्यक्ति वा नीतिनियम नमान्नेलाई दण्डसजाय दिइन्छ । गुठी संगठनमा आवश्यक नीतिनियम पालना नगर्नेलाई आर्थिक जरिवाना गरिने र सामाजिक रुपमा नै सजाय दिनुपर्ने भए गुठीसमिति र गुठीयारहरूबीचमा छलफल गरी दण्ड जरिवाना वा सजाय तोकिन्छ । नेवार समुदायमा सामाजिक कियाकलापलाई निरन्तरता दिन गुठीका गुठीयारहरूबीचमा पूजापाठ, भोजभतेर र संस्कारगत कार्यहरूमा समन्वय छ । जस्तैः देवाली पूजा, भीमसेन पूजा, गुठीको वार्षिक भोज, मृत्यु संस्कारमा गुठीयारहरूको सामुहिक संलग्नता हुन्छ । साथसाथै गुठीमा आफ्नो महत्वपूर्ण योगदान दिँदै आएका छन् ।*

उक्त भनाईबाट के स्पष्ट हुन्छ भने लामाचौरका नेवार समुदायमा आधारित गुठीयारहरू बीचमा प्रकार्यात्मक एकतालाई झल्काएको पाइयो । विभिन्न संस्कारगत कार्यहरूमा प्रकार्यात्मक एकता पाइयो । नवदुर्गा सकिएपछि भीमसेन पूजामा सहभागी हुनु, गुठीको सामूहिक भोज कार्यकममा अनिवार्य रुपमा सहभागी हुनु, मृत्यु संस्कारमा अनिवार्य सहभागी हुनु आदिले नेवार समुदायको प्रकार्यात्मक सम्बन्धलाई उजागर गरेको पाइयो । त्यस्तै जात्राहरूमा पनि सामूहिक रुपमा उपस्थित हुँदै गुठीयारहरूलाई आफ्नो दायित्वबोधका साथ सामाजिक कार्यमा सहभागी हुन गुठीले एक सेतु (पुल) को काम गरेको पाइयो । अर्का मुख्य जानकार व्यक्ति दौलत श्रेष्ठका अनुसारः

*गुठीमा संलग्न हुनु नेवारी समुदायको अपरिहार्यता हो । गुठीयारहरूको घरपरिवारका सदस्यहरूको मृत्युकार्य वा दाहसंस्कारमा सहभागी नभएमा दण्डजरिवाना हुन्छ । गुठीयारका सम्पूर्ण कार्यहरूमा उपस्थित नहुनु भनेको गुठी समाजबाट बाहिरिनु जस्तै हो ।*

माथिको भनाईबाट पनि गुठी व्यवस्थाले सदस्यहरू बीचमा प्रकार्यात्मक अपरिहार्यतालाई झल्काउँछ । उनीहरूलाई भोजभतेर, जात्रा वा पर्वहरूमा सहभागी भई आफ्नो पहिचान नदिएमा सामाजिक रुपमा असुरक्षा र एक्लो महसुस हुनु अप्रकट कार्य जस्तै रहेको पाइयो । यसरी गुठीसँग नेवार समुदायको प्रकार्यात्मक सम्बन्ध रहेको कुरा यस लामाचौर गुठीको समाजशास्त्रीय अध्ययनबाट प्रष्ट रुपमा पाउन सकिन्छ । जस्तै कुनै

नेवारले अन्तरजातीय विवाह गरेमा आउने नयाँ दुलही वा महिलालाई नेवारहरूको पुर्ख्यौली गुठी (देवाली) मा प्रवेश गराइदैन भन्ने पनि पाइएको छ । गुठीलाई व्यवस्थित बनाउन गुठी समिति बनेको पाउन सकिन्छ र जसले नेवारी जनजीवनको प्रकार्यलाई सुचारु गर्न मद्दत गरेको पाइन्छ । यसले गुठीयारहरूलाई नीतिनियम र मर्यादा अनुसार व्यवस्थित रुपमा कार्य गर्न निर्देशित गर्दछ । मर्दापर्दा र मृत्युसंस्कारको आदान प्रदानका लागि पालेहरूको व्यवस्था गरिन्छन् जुन प्रत्येक वर्ष पालैपालो चुनिन्छन् ।

## ४.१२ गुठी व्यवस्थामा आएका समस्या तथा चुनौतीहरू

नेवारी जनजीवनमा प्राचीनकालदेखि नै गुठीको महत्व रहँदै आएको छ । नेवारहरूको बीचमा विभिन्न गुठीका माध्यमबाट धार्मिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा महत्वपूर्ण कार्यहरू भएका छन् तर जुनसुकै कार्यको पनि सकारात्मक र नकारात्मक पक्ष हुन्छ । समयको गतिसँगै गुठी सञ्चालनमा पनि केही कठिनाइहरू आइपरेका तथ्यहरू पाइयो ।

गुठीका संस्थापक अध्यक्षका अनुसारः गुठीले सामाजिक मूल्यमान्यता कायम गर्ने, नीतिनियम र संस्कारलाई निरन्तरता दिनुको साथै परोपकारी प्रकृतिका कार्यहरू गर्दै समुदायका मानिसहरूका बीचमा समन्वयात्मक भूमिका खेल्नु अनि विशेषतः मर्दापर्दा संगठनात्मक ढंगले सहयोग र सद्भावपूर्वक कार्य सम्पादनमा सकारात्मक भूमिका खेल्नु गुठीको मूल आशय हो तापनि समयको विकास र परिवर्तनको प्रवाहमा पूर्ववत रुपमा सबै नीतिनियम र संस्कारहरूलाई पूर्ण रुपमा पालना गर्ने सन्दर्भमा केही समस्या देखिएको छ । प्राचीनकालमा पूर्वजहरूले के-कस्तो उद्देश्य राखेर गुठी प्रचलनमा ल्याएका थिए । त्यसको कुनै लेखाजोखा हुनसकेको छैन । यत्ति मात्र होइन कि भविष्यका निम्ति गुठीको प्रकृति र परिचालन सम्बन्धमा विगतको इतिहास खोज्नु परेमा यसलाई अभिलेखको रुपमा राख्ने चलन नहुनाले करिब ५ वर्षअघिको मात्र अभिलेख खोज्दा पनि प्राप्त गर्न सकिदैन । 'खोलो तर्‍यो लौरो पनि बिर्स्यो' भनेजस्तो वर्तमानमा भएगरेका क्रियाकलाप तथा गतिविधिलाई संरक्षण र सम्वर्द्धन गर्ने सोचको विकास भएको पाइँदैन । आधुनिक युवाजगत्ले बाबु, बाजेको संस्कृतिलाई स्वीकारको अवस्था छैन, केवल औपचारिकता पूरा गर्ने हिसाबमा आधुनिक युवा जगत् लागेको पाइन्छ । त्यस्तै बसाइँसराइँ र आधुनिकीककरण

तथा पश्चिमीकरणको प्रभावमा सम्पूर्ण नेवार युवाहरू पनि परेका छन् जुन प्रभाव संस्कार र संस्कृति जर्गेनाको निम्ति बाधक हुन पुगेको छ ।

निष्कर्षमा नेवारहरू विभिन्न स्थानमा अन्य जातिहरूसँग मिश्रित रुपमा बसोबास गर्नुपरेका कारण अन्य जातिको संस्कारलाई ग्रहण गर्नेतर्फ उन्मुख देखिएका छन् । समयको गतिसँगै आर्थिक उन्नति र प्रगतिका लागि आधुनिक व्यापार-व्यवसाय र विदेश जाने प्रवृतिले कला र संस्कृतिप्रति कमै मात्र चासो देखाउने गरेको पाइन्छ । सहयोग र समन्वयप्रति कम चासो देखाउने र व्यक्तिगत स्वार्थपूर्तिका लागि तथा द्रुतगतिमा आर्थिक उन्नती गर्ने दौडमा आधुनिक युवाजगत फसेको पाइन्छ । साधारणतयाः आर्थिक उन्नति नै सर्वोपरि कार्य हो भन्ने सोचको विकास भएको कारण सहकार्यात्मक सम्बन्धमा केही फिकापन देखिएको छ । जसले गर्दा गुठीको मर्मअनुसारको कार्यले पूर्णता पाउन सकेको छैन ।

## ४.१२.१ गुठी व्यवस्थापनमा आएको परिवर्तन

बदलिदो समय र परिस्थितिसँगै यस लामाचौर नेवाःखल गुठी व्यवस्थापनमा पनि परिवर्तन आएको कुरा यहाँको गुठीयार तथा मुख्य जानकार व्यक्तिसँगको कुराकानीबाट थाहा हुन आएको छ । गुठी सचिवका अनुसारः पहिले गुठीमा कोष संकलनको लागि गुठीमा आवद्ध हरेक घरधनीबाट महिनावारी रुपमा अनिवार्य पैसा संकलन गर्ने गरिन्थ्यो भने अहिले वार्षिक रुपमा पैसा संकलन गर्ने गरिन्छ । गुठी पूजा गर्दा पहिले राँगो काटिन्थ्यो भने अहिले पाठो वा बोका काटेर पूजा गर्ने गरिन्छ । पहिले पूजाको लागि हरेक घरधुरीबाट पूजाको सामान ल्याउन अनिवार्य थियो, अहिले कोषको पैसा वा इच्छाअनुसार सामान किनिन्छ । विभिन्न पर्व, जात्राहरूको नृत्य पहिले बाटोमा सिकाइन्थ्यो अहिले भए समाज घर नभए व्यक्तिको घरमा सिकाइन्छ । विभिन्न पर्व, जात्रामा नृत्य गर्ने नेवारले लगाउने भेषभूषा पहिले सामान्य हुन्थ्यो भने अहिले संस्कार अनुसारका आकर्षक र रङ्गीचङ्गी भेषभूषाको प्रयोग गरिन्छ । यसरी गुठी व्यवस्थापन तथा गुठी पूजा गर्ने चलनमा पनि परिवर्तन आएको पाइएको छ ।

## ४.१२.२ गुठी व्यवस्थापनमा परिवर्तन आउनुको कारण

गुठी व्यवस्थापनमा परिवर्तन आउने मुख्य कारणमा सोचमा परिवर्तन, बदलिदो समय र परिस्थिती रहेको छ । नयाँ युवाजगतको आफ्नो संस्कृतिप्रति मोह घट्दै जानु, युवाजगत

जागिर तथा व्यापारको शिलशिलमा अन्यत्र जानु, एकजुट नहुनु आदि कारण रहेका छन् भने त्यस्तै आधुनिकीकरणले गर्दा पनि व्यवस्थापनमा परिवर्तन आएको पाइन्छ । गुठी पूजा गर्ने तरिकामा परिवर्तन आउनुको कारण आर्थिक कारण, जातीय प्रभाव, जातीयता संस्कारहरूको उचित स्थानान्तरण नहुनुले गुठी व्यवस्थापनमा प्रभाव परेको देखिन्छ ।

### ४.१२.३ गुठी व्यवस्थापन सम्बन्धी समस्याहरू

गुठी समितिका सदस्यका अनुसार नेवार समुदायमा सञ्चालित गुठी सञ्चालन गर्दा समय, परिस्थिति र अवस्थाले गर्दा विभिन्न समस्याहरू देखापरेका छन् । दिन प्रतिदिन सडक किनार, बाक्लो बस्ती, नेवारहरूको जनसंख्यामा वृद्धि तीव्र रुपमा भएको पाइन्छ । यस अध्ययन क्षेत्रमा अन्य ठाउँबाट बसाई सराई गरेर आउने नेवारहरूको संख्या बढ्दो छ जसले गर्दा गुठीका सदस्यहरूको संख्यामा वृद्धि हुँदै गएको छ । यसले गर्दा प्रत्यक्ष रुपमा र अप्रत्यक्ष रुपमा मतमतान्तर देखिन्छ । नेवार समुदाय एउटै ठाउँमा पनि छिरलिएर बसोबास गर्नुले पनि एकजुटको समस्या उत्पन्न भएको देखिन्छ । गुठीलाई व्यवस्थित रुपमा सञ्चालन गर्न जनसंख्या वृद्धिदर र भौगोलिक अवस्था, बढ्दो आधुनिकीकरण आदिले बाधा पुऱ्याएको छ । आधुनिक युवाजगत् आर्थिक उन्नतिका लागि रोजगारी र व्यापारको सिलसिलामा अधिकांश विदेशिनु परेको छ । स्वदेशमै रहेका युवाहरू पनि देशका विभिन्न शहरहरू जस्तै, पोखरा, काठमाडौं, दमौली आदि ठाउँहरूमा व्यापारका सिलसिलामा गएका छन् । गुठीमा नयाँ पिँढीको सहभागिता त्यति सन्तोषजनक पाइएको छैन ।

### ४.१२.४ गुठी व्यवस्थापनसम्बन्धी समस्याका कारणहरू

गुठी व्यवस्थापनमा समस्या तथा चुनौतिहरू के के छन्? भन्ने प्रश्नमा कुल ५२ जना उत्तरदाताका अनुसारः युवा पिँढीलाई संस्कारगत सांस्कृतिक कुरा भन्दा आधुनिकताको विचारको प्रभाव पर्नु, आर्थिक उन्नती गरेमा मात्र केही गऱ्यो भनी समाजले औल्याउने हुनाले आर्थिक उन्नतीको लागि युवाहरू रोजगारीका लागि विदेश जानु, यस क्षेत्रमा व्यापार व्यवसाय गर्नमा सहज वातावरण नभएकोले युवाहरू अन्य क्षेत्रमा स्थानान्तरण हुनु, परिवर्तित परिस्थिति र सोचको कारण मानिसहरूलाई आफ्नो संस्कृति र संस्कारप्रति कम

चासो हुनु, गैर गुठीयारको मिश्रित बसोबास र आधुनिकीकरणले गर्दा गुठी व्यवस्थापनमा समस्या भएको तथ्य पाइयो ।

## ४.१२.५ गुठी व्यवस्थापनसम्बन्धी समस्या समाधानका उपायहरू

गुठी व्यवस्थापनमा आएका समस्या समाधानका उपायहरू के के हुन सक्छन् ? भन्ने प्रश्नमा कुल ५२ जना उत्तरदाताहरूका अनुसारः विदेशी रोजगारीमा लागेका युवाहरूलाई स्वदेशी रोजगारीको वातावरण सिर्जना गर्ने, स्थानीय स्रोत र साधन परिचालन र आय आर्जनतर्फ आकर्षित गर्ने, भौगोलिक रुपमा टाढा रहेका गुठीयार हरूलाई गुठी सम्बन्धी सन्देश पठाउन पाले (सुचनादाता) को व्यवस्था गरी सूचना आदान-प्रदानमा सहज तुल्याउने, गुठीको मन्दिर परिसरमा व्यवस्थित रुपमा बाटोघाटो, धारो, गुठीयारका सदस्यहरू बस्ने स्थलको व्यवस्था गर्ने, गुठीयारहरूको सामाजिक, सांस्कृतिक रीतिरिवाजका कार्यहरू साथसाथै विभिन्न चाडपर्वहरूको सम्बन्धमा गरिएका भोजभतेर गर्ने स्थलको स्थापना एवम् विकास गर्ने जस्ता कार्यहरू गर्न सके गुठी व्यवस्थापन सम्बन्धी समस्याहरू केही हदसम्म पूरा हुने तथ्यहरू पाइयो । त्यस्तैगरी सबै नेवार समुदायलाई एकजुट भई सामूहिक संगठन बनाई सहकार्यात्मक ढङ्गले काम गर्न प्रेरित गर्ने विभिन्न सोच र राजनैतिक पार्टीका व्यक्ति पनि एउटै गुठीभित्र समावेश हुने हुनाले राजनैतिक भावनाका कुरा गुठीसंगठनमा नल्याउने, सबै एकजुट भएर सहकार्यात्मक ढंगले काम गर्न समुदायका अगुवा व्यक्तिहरूलाई प्रेरित गर्ने जस्ता काम गरेमा गुठी व्यवस्थापनमा सहज हुने कुरा उत्तरदाताहरूबाट पाइयो ।

निष्कर्षमा गुठी व्यवस्थापनको बारेमा अध्ययन गर्दा अध्ययन क्षेत्रमा लामाचौर नेवाः खल गुठी संचालनमा रहेको पाइयो । यस क्षेत्रका सबै नेवारहरू गुठीमा अनिवार्य रुपमा आवद्ध रहेका, गुठीले नेवार समुदायमा मर्दापर्दा, सामाजिक र आर्थिक सहयोग गर्ने गरेको, साथै आफ्नो धर्म संस्कार र संस्कृति जगेर्ना गर्ने खालका विभिन्न कार्यहरू गर्दै आएका, गुठीद्वारा नेवार समुदायको नेवारहरू बिचमा सहकार्यात्मक सम्बन्ध कायम गर्न सहयोग पुगेको पाइयो । गुठीले विभिन्न स्रोतबाट रकम संकलन गरेर आफ्नै गुठी कोषमा जम्मा गर्ने कार्य गर्दै आएको पाइयो । गुठीमा प्रत्येक घरका घरमुलिले प्रतिनिधित्व गर्ने गरेको, गुठीमा महिलाको भूमिका सामान्य रहेको, नेवार समुदायमा गुठीको महत्व हुँदाहुँदै पनि गुठी

व्यवस्थापनमा विभिन्न समस्या तथा चुनौतिहरू देखिएको गुठी व्यवस्थापन गर्ने तरिकामा विभिन्न परिवर्तनहरू आएकोले र गुठी व्यवस्थापनका समस्या तथा चुनौतीहरू रहेकाले त्यस्ता समस्या तथा चुनौतिहरूलाई गुठीयारहरू भेला भई समाधान गर्ने गरेको पाइयो । अन्त्यमा 'सामूहिक एकता नै बल हो' भन्ने कुरालाई सबै गुठीयारहरू समक्ष प्रवाह गर्दै सद्भाव र सहकार्यको अवस्था सिर्जना हुनुपर्दछ भन्ने भावनाको विकास भएको पाइयो ।

# अध्याय पाँच

# नेवार समुदायमा गुठीको महत्व र भूमिका

## ५.१ नेवार समुदायमा गुठी सङ्गठनको महत्व तथा प्रभाव

नेवार समुदायद्वारा सञ्चालित गुठी एक परम्परागत सामाजिक सङ्गठन हो । नेवार समुदायमा गुठीको महत्व र भूमिकाको विश्लेषण गर्ने अध्ययनको उद्देश्य अनुसार अध्ययन क्षेत्र लामाचौरमा सञ्चालित लामाचौर नेवाःखल गुठीको महत्व र प्रभावलाई यस अध्यायमा विश्लेषण गरिएको छ ।

### ५.१.१ लामाचौरमा स्थापित नेवाः खल गुठीको सामाजिक प्रभाव

नेवार समुदायको सांगठनिक संरचना गुठी सङ्गठनले समुदायको भलाइमा नेवार समुदायमा हुने सामाजिक, सांस्कृतिक, पारम्परिक रीतिरिवाजहरूलाई निरन्तरता दिने, आर्थिक रुपले कमजोर सदस्यहरूलाई आर्थिक सहयोग गर्ने साथै ऋण उपलब्ध गराउने गरेको पाइयो । आफ्नो समुदायको अतिरिक्त यस लामाचौर नेवा खल गुठीले शुक्ला साहित्य प्रतिष्ठान, नव आदर्श सामुदायिक विकास समितिलाई पनि आर्थिक सहयोग गर्दै आएको पाइन्छ । जुन तल उल्लेखित मुख्य जानकार व्यक्तिसँग भएको छलफलबाट प्रष्ट हुन्छ ।

गुठी समितिका सदस्य कृष्ण श्रेष्ठका अनुसार ढिलै भएपनि गुठीको स्थापना भए पश्चात् देखि हालसम्मको समयावधिसम्म गुठीबाट सामाजिक कार्यहरूमा जनसहभागिता वृद्धि भएको, सामाजिक, सांस्कृतिक पद्धतिलाई व्यवस्थित बनाउनमा सहयोग पुगेको, सामाजिक सेवाका कार्यहरूमा विस्तार भएको, गुठीयारहरूमा आवश्यक पर्ने सामान्य विकासका पूर्वाधारहरूको निरन्तरता भएको, गुठीयार सदस्यहरूलाई सामाजिक सुरक्षाको प्रत्याभूति भएको, आपसी समझदारी र सहकार्यात्मक वातावरणको सिर्जना, नेवार जातिहरूको बीचमा एकता कायम गर्नमा सहयोग पुगेको, नेवारी जनसमुदायमा आधारित विभिन्न रीतीरिवाज, संस्कृति र संस्कारको निरन्तरता साथसाथै यस क्षेत्रका नेवारी समुदायहरूको बढ्दो भाषिक लुप्ततालाई उजागर गर्न भाषा शिक्षा समेत दिंदै आएको बताउनुहुन्छ ।

### ५.१.२ लामाचौरमा स्थापित नेवाः खल गुठीको आर्थिक महत्व र प्रभाव

आफ्नै आर्थिक कोषको स्थापना गरेर विभिन्न आर्थिक गतिविधिहरूलाई सक्रिय बनाउँदै लगेको लामाचौर नेवाः खल गुठीबाट यस क्षेत्रमा विभिन्न आर्थिक विकास र प्रगति भएको देखिन्छ ।

लामाचौर नेवाः खल गुठीको आर्थिक महत्व एवम् प्रभाव के कस्तो रहेको छ ? भन्ने सन्दर्भमा अध्ययन क्षेत्र स्थित कुल ५२ जना उत्तरदाता गुठीयार सदस्यहरूका अनुसारः सबै सदस्यहरूलाई समान आर्थिक अवसर प्रदान गरी आर्थिक गतिविधिहरूलाई सक्रिय बनाउनमा समेत यस गुठीले सहयोग पुऱ्याएको, कोषमा सङ्कलित रकमलाई ऋणस्वरुप सबै सदस्यहरूलाई वितरण गर्ने व्यवस्था भए अनुरुप विशेषत गरीब र निमुखा वर्गका सदस्यहरू लाभान्वित भएको पाइयो । गुठीयार सदस्यहरूको आफ्नो आवश्यकता परिपूर्ति र कुनै क्षेत्रमा लगानीमा समेत उपयुक्त वातावरणको सिर्जना भएको पाइन्छ । यसले गर्दा समुदायका सदस्यहरूको आर्थिक अवस्थामा सुधार आई गरिबी निवारणमा समेत सहयोग पुगेको कुरा स्थानीय बासिन्दाहरू बताउँछन् । यतिमात्र नभई आफ्नो समुदाय सङ्गठनका सदस्यहरू बाहेकका अन्य परिवारहरूलाई समेत यस गुठीले आर्थिक सहायता प्रदान गर्ने गरेको गुठी समितिका अध्यक्ष राजेन्द्र श्रेष्ठको भनाइ छ । उहाँको भनाइअनुसार गुठीयार सदस्य नरहेका तथा पारिवारिक आर्थिक हैसियत पनि कमजोर रहेका मानिसको परिवारको कुनै सदस्यको मृत्युभएमा गुठीको कोषको रकमबाट खर्च गर्ने गरी सम्पूर्ण गुठीयार मृतकको घरमा उपस्थित भई दाहसंस्कार कार्य सम्पन्न गर्न सहयोग गर्ने गरेको पाइएको छ ।

### ५.१.३ लामाचौरमा स्थापित नेवाः खल गुठीको सांस्कृतिक महत्व

गुठीको सांस्कृतिक महत्व के कस्तो छ ? भनी सोधिएको खुला प्रश्नमा अध्ययन क्षेत्रका कुल ५२ जना उत्तरदाताका अनुसार संस्कृतिहरूलाई निरन्तर रूपमा चलाउँदै नजाने हो भने बिस्तारै हराउँदै जाने सम्भावना रहेको पाइयो । नेवार समुदायमा सञ्चालित यस गुठीले उनीहरूको संस्कार, रीतिरिवाज र संस्कृतिलाई जोगाउन महत्वपूर्ण भूमिका खेलेको बढी मात्रामा पाइयो । यो संस्थाको स्थापना करिव ६ वर्ष अघि स्थापना भएपनि गुठीको उद्देश्य अनुसारको विभिन्न धार्मिक, सामाजिक र सांस्कृतिक कार्यहरूमा निरन्तरता दिन सहयोग पुऱ्याएको, गुठीमा वार्षिक भोजभतेरको आयोजना गर्ने अनि मन्दिर परिसरमा भेला हुने र

पालेहरूले विभिन्न खालका मिष्ठान्न खानेकुरा (परिकार) बनाएर लैजाने परम्परा प्राचिन देखिनै निरन्तरता दिइएता पनि व्यवस्थित रुपमा गुठीको स्थापना भएपछि मात्र सञ्चालन रहेको पाइयो । त्यस्तै ज्येष्ठ सदस्यलाई सम्मान स्वरूप पुजारी हुन पाउने व्यवस्थालाई पनि निरन्तरता दिइएको, विभिन्न चाडपर्व, जात्रा, मेला आदिमा गुठीले महत्वपूर्ण योगदान पुऱ्याएको पाइयो । यसले नेवारहरूको धार्मिक क्रियाकलाप लगायत जन्म, मुत्यु संस्कारगत कार्यलाई पनि व्यवस्थित बनाउन निकै ठूलो भूमिका खेलेको पाइयो ।

अध्ययन क्षेत्र लामाचौरमा बसोबास गरेका नेवार समुदायले पनि गुठी सञ्चालन गरेका र सामाजिक, धार्मिक र सांस्कृतिक क्षेत्रमा आफ्नो छुट्टै पहिचान राख्न सफल भएका छन् । सामाजिक क्षेत्रमा बाटोघाटो, मठमन्दिर, सामाजिक संस्थामा महत्वपूर्ण भूमिका खेलेको पाइयो भने धार्मिक क्षेत्रमा गुठी पूजा गर्नु धार्मिक तथा संस्कारजन्य कार्य हो र जात्रा र विविध पर्वहरूमा आफ्नो सहभागिता एवम् अपनत्व जनाउनु अर्को सांस्कृतिक कार्यको उदाहरण रहेको पाइयो । गुठीको अध्ययन गर्दा सामाजिक अस्तित्व प्राप्त गर्ने मनसायले संरचनात्मक प्रकार्यवादको अवधारणा अनुरूप सञ्चालित रहेको पाइयो । गुठीको माध्यमबाट विभिन्न सामाजिक, सांस्कृतिक, धार्मिक कामहरू गरिएको पाइयो । जस्तै गाईजात्रा, रोपाइँजात्रा आदिमा सकारात्मक सहयोग गरिएको पाइयो । विभिन्न सामाजिक क्षेत्रमा पनि आर्थिक तथा भौतिक सहयोग जुटाएको पाइयो । गुठीको सामाजिक सांस्कृतिक महत्वको सम्बन्धमा अझ स्पष्ट पार्नको लागि गुठी संस्थाका उपाध्यक्षसित गरिएको वैयक्तिक अध्ययनबाट पनि अझ प्रष्ट पार्न सकिन्छ । वैयक्तिक अध्ययन ४ का अनुसारः

*नेवार समुदाय भित्र पनि फरक फरक सोच र आस्था भएका नेवारहरूलाई एकताबद्ध भई सामाजिक, सांस्कृतिक कार्यहरू सम्पादन गर्ने गरी गुठीले अहम् भूमिका खेलेको छ । सबै घरपरिवारहरू गुठीमा प्रवेश गरेका छन् । गुठी नेवार समाजको एउटा पहिचान पनि हो । यसले नेवारहरूको संस्कार धान्न र गुठी सदस्यहरू एकजुट भई सामूहिक रूपमा काम गर्नको लागि निरन्तर सञ्चालन भएको छ । गुठीमा महिलाहरु कम जिम्मेवारी रहेका छन् । आफ्ना समुदायको विविध कार्यहरुमा पुरुष गुठीयारहरुले नै महत्वपूर्ण कार्य गरेका छन् । यस्ता महत्वपूर्ण कार्यहरु सम्पन्न गर्न गुठीयार सदस्यहरु बसी आपसी छलफलबाट गर्ने गरिन्छ । गुठीमा चाहिने आर्थिकता लागि प्रत्येक गुठीयार सदस्यहरुले आफु खुसी दिने गर्दछन् । गुठीयार सदस्यहरुले आफ्ना शुभकार्य गर्दा स्वइच्छाले गुठी संस्थालाई आर्थिकता प्रदान गर्दछन् ।*

उक्त विचारबाट के पाउन सकिन्छ भने गुठीमा गुठीयारहरूलाई नीतिनियम र निर्देशन बनाउने कार्यहरु प्रायः पुरुषले नै बनाउने गरेको पाइयो । गुठीले सञ्चालन गर्ने आर्थिक क्रियाकलापमा हिसावकिताब चुस्त दुरुस्त राख्ने गरेको पनि पाइयो । जिम्मेवार पद या सदस्यमा रहेका व्यक्तिहरूको काम कारवाही हेर्न र गुठीयारहरू बीच आपसी भाइचाराको सम्बन्ध कायम गर्न, गुठीयारहरूका पीरमर्का र समस्याहरूको समाधान गर्नको लागि महिनै पिच्छे गुठीयारहरू भेला भई छलफल हुन्छ भन्ने तथ्य उक्त संस्थाका उपाध्यक्षबाट पाइयो । सबै गुठीयारहरूको राय नै सर्वोपरि मान्य हुन्छ । गुठीबाट स्थापित मठ–मन्दिर, धारा, पाटीपौवा जुनसुकै कार्यमा पनि गुठीको आयस्तरबाट अथवा व्याजबाट सञ्चालित छन् । त्यसैले सामाजिक रूपमा जग्गा जमिन राखिदिएर त्यसबाट प्राप्त हुने आयस्ताले लोककल्याणकारी कार्यहरू गर्नका लागि निरन्तरता दिन नै सामाजिक रूपमा गुठी राखिएको हो भन्ने तथ्य पाइयो ।

गुठीको माध्यमबाट नेवारी समाजको एकता र सद्भावनाको अभिवृद्धिमा प्रशस्त सहयोग मिलेको छ । हाल आएर कमी हुँदै गएको देखिए तापनि व्यक्तिगत विभिन्नता र धार्मिक आस्थाको आधारमा पाप गर्नु हुँदैन र समाजमा सेवाको भावना राख्नुपर्छ भन्ने कुरा लोप भइसकेको छैन । गुठी व्यवस्थाका कारण नेपालमा जसोतसो अहिलेसम्म धार्मिक चहलपहल केही न केही भएका छन् । गुठी व्यवस्था नभइदिएको भए गाईजात्रा, रोपाइँजात्रा आदि जात्राहरू चल्ने थिएनन् । यस्ता चाडपर्व तथा उत्सव स्थापनासँगसँगै समाप्त हुने थिए । नेपालमा विद्यमान गुठी प्रथाले गैर नेवार समुदायहरूलाई पनि प्रभाव पारेको छ । त्यसैले उनीहरूले धार्मिक कार्य गरी गुठीयारहरूको स्थायित्वको निमित्त स्थायी आयआर्जनको बाटो नै गुठी  संस्था रह्यो । विद्यमान अवस्थामा गुठीप्रति नेवारी समाजको विश्वास वा आस्था पुस्ता हस्तान्तरण सहज तवरबाट नभएको अर्थात् बढ्दो आधुनिकीकरण, व्यक्तिवादी समाजको विगविगी र अन्य गैर सामाजिक सञ्जालहरूले प्रभाव पारेतापनि गुठीको उद्देश्य अनुरुप निरन्तरता दिन भने खोजिएको तथ्य पाइयो ।

### ५.१.४ नेवार समुदायमा सञ्चालित गुठीको अन्य जातिमा परेको प्रभाव

लामाचौर नेवाः खल गुठी संस्थाद्वारा सञ्चालित गुठीको व्यवस्थापन र गुठीयार सदस्यहरू बीचको सामिप्यता र अपनत्वको भावना, न्यून आयआर्जन गर्नेहरूको लागि पनि सजिलैसँग आफ्नो सांस्कृतिक, पारम्परिक, रीतिरिवाजहरू र चाडपर्वहरू मनाउन सक्ने अवस्था सिर्जना गराएकोले लामाचौर नेवाःखल गुठी संस्था वरपरका अन्य गैर नेवारी समुदायलाई पनि आफ्नो धर्म, संस्कृतिको जगेर्ना गर्नको लागि सामुहिक संस्था स्थापना गर्नुपर्छ भन्ने भावनाको विकास भएको पाइन्छ । जुन गुठीयार संस्थाका अध्यक्ष एवम् वैयक्तिक अध्ययन ५ का अनुसार :

*नेवार समुदायमा अनिवार्य गुठी हुने हुनाले यस लामाचौरमा पनि लामाचौर नेवाःखल गुठीको स्थापना भएको हो । यस क्षेत्रमा बसोबास गर्ने नेवारी समुदायहरू बढी रुपमा अन्य जातजातिहरूबाट प्रभावित भएता पनि नेवारी समुदायका सदस्यहरूको आर्थिक, सामाजिक, सांस्कृतिक निरन्तरताको लागि गुठी संस्था खोलिएको छ । गुठी संस्थामा केही सदस्यहरूको समिति बनाई आ-आफ्नो कामको बाँडफाँड गरिन्छ । समिति सदस्यहरू र गुठीयार सदस्यहरूसँगको छलफलबाट नै गुठीयारहरूलाई पर्ने पिरमर्काको समाधान गरिन्छ ।*

उक्त अध्ययनको आधारमा गुठी संस्थाको कार्यको प्रभावबाट यहाँ बसोवास गर्ने ब्राह्मण क्षत्री जातिमा आईपरेका सुखद दुःखद् कार्यक्रमहरुमा सहयोग गर्ने देखासिकीको विकास भएको उत्तरदाताहरु बताउँछन् । गाउँ वा टोलका घरपरिवारबाट छुट्टै कोष स्थापना गरेका छन् । नेवार समुदाय जस्तै अन्य गैह्र नेवार समुदाय गुरुङहरूको पनि आफ्नै गुरुङ समाज स्थापित गरेका छन् । नेवारहरूले जस्तै पिकनिक, भोजभतेर, विवाह, ब्रतबन्धका लागि चाहिने भाँडाकुँडा, कुर्ची आदि खरिद गरी अन्य समाजले पनि सहकार्यात्मक कार्य गर्न थालेका पाइयो । यस्ता सहकार्यात्मक कार्यहरू वास्तवमा नेवार समुदायबाट सुरु भएर अन्य जातजातिहरूमा पनि बिस्तारै प्रसारण भएको पाइयो । नेवारी जन जीवनमा प्रचलनमा रहेको गुठीको निरन्तरताले अन्य जातिहरूमा पनि गहिरो प्रभाव पारेको यस शोध अध्ययनबाट पाइन्छ ।

## ५.२ लामाचौरका नेवारहरुले मनाउने पर्वमा गुठीको भूमिका

### ५.२.१ घण्टाकर्ण पर्व

लामाचौर नेवाः खल गुठीमा प्रत्येक वर्ष श्रावण महिनाको कृष्ण पक्ष चर्तुदशीका दिनमा तिथि पारेर यो पर्व मनाउने गरेको पाइयो । यस पर्वलाई नेवारी भाषामा 'गठे मङ्गल' पनि भन्ने गरेको पाइयो । मुख्य जानकार एकका अनुसारः यस पर्व मनाउनको लागि गुठीका सबै गुठीयारहरु भेला भएर हाडेको घाँस, पाती, निगालो जम्मा गरेर त्रिखुट्टी भएको शरीर जस्तो भूतको प्रतीक वा मूर्ति बनाउने काम गरिन्छ । गठे मङ्गलको दुबै कानमा घण्टा झुण्ड्याई राखेको हुनाले यसलाई घण्टाकर्ण भनिन्छ । भगवान् शिवको नाम बाहेक अरु केही सुन्न नपरोस् भनेर घण्टा झुण्डाईएको प्राचीनकालदेखि नै चलनचल्तीमा छ । गुठीयारहरु सबैजना जम्मा भएर मादल, झ्याली, मुजुरा बजाउँदै लामाचौर चोकमा मूर्ति प्रदर्शन गरिन्छ । घण्टाकर्ण पर्व मनाउँदै लामाचौर चोकका वरिपरिका पसल, व्यक्ति र यातायातबाट गुठी कोषको लागि आर्थिक सहयोग संकलन गर्ने काम गरिन्छ र बेलुका ठूली पोखरीमा लगेर सेलाउने काम गरिन्छ ।

### ५.२.२ गाईजात्रा

नेवार समुदायमा गुठीको सक्रियतामा मान्छे मरेका घरबाट गाईजात्रा निकालिन्छ । मुख्य जानकार व्यक्ति दुईका अनुसार त्यस वर्ष मानिस मरेको घरमा बाँस काटेर ल्याई लामा-लामा कप्टेरा पारिन्छ र डोकामा उक्त कप्टेराहरुलाई छिराई माथि टुप्पामा एकै ठाउँमा बाँधी एउटा सानो कप्टेरो बीचमा तेर्सो छिराई हात बनाई मानिसको आकार बनाइन्छ । उक्त तयार पारिएको डोके मानिसलाई विभिन्न रङ्गीविरङ्गी तास, कुचिन वा अन्य आकर्षक कपडाले डोकोदेखिमाथि मानिसको आकृति तयार पारिन्छ । जसलाई नेवारीमा "तयामाचा" भनिन्छ । त्यस्तै दुई जना केटाहरुलाई पैतालादेखि शीरसम्म रङ्गीचङ्गी कपडाहरुले मिलाएर बनाइएको भ्कारल बाँधेर सिँगारिएको हुन्छ र उनीहरुको हातमा काठको लट्ठी एक एकवटा (दुई वटा हातमा) लिएका हुन्छन् र बाँसुरी र बाजाको तालमा टाकटुक गर्दै नाच्छन् । बाँसुरी र बाजाको लागि दमाई बोलाइएको हुन्छ । सगुन समेत पूजा सामग्री तयार पारी घरको मुलीले "तयामाचा" लाई पूजा गरी डोको बोक्ने, टाकटुक खेल्ने, सिँगारिएको केटाहरुलाई, दमाइहरुलाई र अन्यहरुलाई टीका, प्रसाद सगुन दिन्छन् र बाजागाजासहित बाँसुरीको स्वरमा नाँच्दै टाकटुक गर्दै डोको भित्र मानिसको टाउको छिराई पालैपालोसँग नाँच्दै बजार परिक्रमा गरी आ-आफ्ना घरमा ल्याई फेरी पूजा गरी भित्र्याइन्छ । यसरी गाईजात्रा निकाल्दा गुठीको भूमिका बढी हुने गर्छ । गाईजात्रामा गुठीको भूमिकालाई तलको तालिकाद्वारा प्रष्ट पार्न खोजिएको छ ।

**तालिका ५.१ः उत्तरदाताहरुका अनुसार गाईजात्रामा गुठीको भूमिका**

| भूमिका | संख्या | प्रतिशत (%) |
|---|---|---|
| मानिस मरेको १ वर्ष नपुगको घर पत्ता लगाउनु | ६ | ११.५४ |
| आवश्यक गरगहना र पोशाक व्यवस्थापन गर्नु | ९ | १७.३० |
| आवश्यक बाजागाजाको व्यवस्थापन गर्नु | ८ | १५.४ |
| माथिका सबै | २९ | ५५.७६ |
| **जम्मा** | **५२** | **१००** |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०७५ ।

माथिको तालिका अनुसार गुठीले मानिस मरेको १ वर्ष नपुगको घर पत्ता लगाउने काम गर्छ भन्नेमा ६ जना अर्थात् ११.५४ प्रतिशत, जात्राको लागि आवश्यक गरगहना र पोशाक व्यवस्थापन गर्छ भन्नेमा कुल उत्तरदाताहरुमध्ये ९ जना अर्थात् १७.३० प्रतिशत, आवश्यक बाजागाजाको व्यवस्थापन गर्छ भन्नेमा ८ जना अर्थात् १५.४ प्रतिशत र माथिका सबै कार्यमा गुठीको भूमिका हुन्छ भन्नेमा २९ जना अर्थात् ५५.७६ प्रतिशत उत्तरदाताहरु रहेको पाइयो । यस सम्बन्धमा संस्थापक अध्यक्षका अनुसारः

*नेवार समुदायमा मृत व्यक्तिको घरबाट अनिवार्य गाईजात्रा निकाल्ने परम्परा रहेपनि यस लामाचौरका नेवारले गुठी स्थापना हुनु पूर्व गाई लिएर अन्य नेवार समुदायमा गाईजात्रामा मिसिन जानु पर्थ्यो तर अहिले गुठी स्थापना भएपछि आफ्नै समुदायबाट गाईजात्रा निकाल्ने काम गरिन्छ । गाईजात्रा, भैरवजात्रा देखाउँदा आवश्यक पर्ने गरगहना, भेषभूषा, वाद्यवादनका सामग्री गुठी मार्फत् व्यवस्थापन गरिएको छ । पोखरा महानगरको नेवाः खल जिल्लाले आयोजना गर्ने तया माचा नृत्य (गाईजात्रा)मा यस लामाचौर नेवाः खल गुठीपनि प्रत्येक वर्ष सहभागी भई पुरस्कार प्राप्त गर्न समेत सफल भएको छ ।*

यसरी समग्रमा हेर्दा गाईजात्रा निकाल्नको लागि गुठीले मानिस मरेको १ वर्ष नपुगेको घर पत्ता लगाउने र सो घरमा गई गाईजात्राको अघिल्लो दिनमा गई गाई बनाएर तयार गर्ने, गाईजात्राको लागि आवश्यक पोशाक, गरगहना र बाजागाजा व्यवस्थापन गर्ने र गाईजात्रा प्रर्दशन गर्ने जस्ता कार्यमा भूमिका निर्वाह गर्दछ । यस लामाचौर नेवाः खल गुठीले पोखरा महानगरको नेवाः खल जिल्लाले आयोजना गर्ने तया माचा नृत्य (गाईजात्रा) प्रतिष्पर्धामा रामबजार, भैरवटोल, तेस्रापट्टीमा पनि सहभागी भई तेस्रो पुरस्कार पनि ल्याउन सफल भएको पाइयो ।

## ५.२.३ कृष्णजात्रा

भाद्रकृष्ण अष्टमीको रात भगवान् श्रीकृष्णको जन्म भएको हो । त्यसैले यो दिन कृष्ण जन्माष्टमी पर्वको रुपमा हर्षोल्लासकासाथ मनाइन्छ । मुख्य जानकार (संस्थापक अध्यक्ष) तीनका अनुसार गुठी सञ्चालन हुनुपूर्व लामाचौरका नेवारहरुले कृष्णजात्रा निकाल्ने काम गर्दैनथे तर गुठी सञ्चालन पश्चात् लामाचौर नेवाः खल गुठीले हरेक वर्ष कृष्ण जन्माष्टमीको दिन कृष्णजात्रा निकाल्ने काम गर्दछ । यस दिन लामाचौर नेवाः खलका सम्पूर्ण गुठीयार सदस्य अनिवार्य कृष्ण जात्रामा सामेल हुनैपर्दछ । यस दिन गुठीले नै पूजा सामग्री तयार पारी पूजा गर्दछन् र रथ सिँगारेर राधा कृष्ण बनाएर मूर्ति राखी बाजा,

भजनसहित लामाचौर चोकदेखि बजार परिक्रमा गर्दछन् । यस क्रममा बजारका घरहरु, व्यक्तिहरुबाट स्वइच्छाले कृष्णको पूजा गरी आफूले सक्ने नगद दान दिने गरिन्छ । बजार परिक्रमा पछि रथलाई समाजको घरमा ल्याई प्रसाद वितरण गरी जात्रा सम्पन्न गरिन्छ ।

## ५.२.४ भैरव जात्रा

नेवार समुदायमा भैरव जात्रा निकाल्ने चलन पाइन्छ । भैरव जात्रा ६/६ वर्षमा निकाल्ने परम्परा भएपनि लामाचौरका नेवाहरुले गुठी सञ्चालन हुनुपूर्व भैरवजात्रा निकाल्ने गर्दैनथे तर गुठी सञ्चालन पश्चात् लामाचौर नेवाः खल गुठीले भैरवजात्रा निकालेको थियो । भैरव नृत्य माघ, फागुन महिनामा राम्रो तिथि पारेर निकालिन्छ । मुख्य जानकार व्यक्ति चारका अनुसार अरु जात्रा जस्तै लामाचौर नेवाः खल गुठीको सक्रियतामा नै भैरव नृत्य देखाइन्छ । गुठीले भैरव नृत्यको लागि भेषभूषा, बाध्यबादनका सामग्री र पूजा सामग्री तयार पार्ने काम गर्छ । १२ भैरवलाई सिँगारेर नाच्ने ठाउँ चोखो पारी १२ भैरवलाई राखेर १२ थरी ध्वजा चढाउँदै फूलमाला सहित पूजा गर्ने काम गरिन्छ । सबै गुठीयारहरु र सबै नेवार सदस्यहरु आफ्नो जातीय भेषभूषासहित १२ भैरव नृत्य देखाएर भैरवलाई चोखो गरी खाना खुवाउने, भैरवको भजन सञ्चालन गर्ने र नाँच सकिएपछि धूप, दिप आरती गरि नाँच समापन गर्ने जस्ता सम्पूर्ण काममा गुठीको भूमिका रहन्छ ।

## ५.२.५ नेपाल सम्वत्

नेपाल सम्वत् अनुसार कार्तिक शुक्ल प्रतिपदा सबभन्दा पहिलो दिन हो । यो दिन लामाचौरका नेवारहरुले पनि नेपाल सम्वत्को रुपमा नयाँ वर्ष मनाउने गर्दछन् । मुख्य जानकार व्यक्ति पाँचका अनुसार न्हुदया भिन्तुना (नयाँ वर्षको शुभकामना) आदान प्रदान गर्ने गर्दछन् । लामाचौर नेवाः खल गुठीले नयाँ वर्षको शुभ अवसर पारी ऱ्यालीको आयोजना गरी लामाचौर चोक वरिपरि नेवारी बाजागाजासहित भिन्तुना ऱ्याली गर्ने गर्दछन् । गुठीयारहरुका अनुसार गुठीले सबै गुठीयारहरुलाई बोलाएर, आफ्नो जातीय भेषभूषा, बाजागाजासहित भिन्तुना ऱ्याली सञ्चालन गर्ने गरिन्छ । ऱ्याली सभामा परिणत हुन्छ । सभामा नेवारी संस्कृति जर्गेना गर्नुपर्ने कुरामा जोड दिँदै शुभकामना आदानप्रदान गर्ने गरेको पाइन्छ । यसरी भिन्तुना ऱ्याली सञ्चालनमा पनि गुठीको भूमिका रहेको पाइयो ।

### ५.२.६ भाषा

विभिन्न जातिहरुसँगको मिश्रित बसोबासले लामाचौरको नेवार समुदायले आफ्नो संस्कृति, परम्परा, भाषा बिर्सदै जान लागेको बेला लामाचौर नेवाः खल गुठीले केही हदसम्म आफ्नो भाषा संस्कृति जर्गेना गर्न सहयोग गरेको पाइन्छ । मुख्य जानकार व्यक्ति छ का अनुसार यहाँका नेवारहरुले अलि अलि मात्र आफ्नो नेवारी भाषाको प्रयोग गर्ने गरेको र बढी नेपाली भाषानै प्रयोग गर्ने गर्नाले नेवारी भाषा लोप हुँदै जाने खतरा भएकोले. गुठीले भाषा लोप हुन नदिन विभिन्न भूमिका खेलेको पाइन्छ । नेवारी भाषाको किताब छापेर गुठीले प्रत्येक नेवार घर परिवारमा बाँडेको छ । गुठीयारहरुको भेला कार्यक्रममा नेवारी भाषामा जोड दिने, साना-साना बालबालिकाहरुलाई कार्यक्रममा उपस्थित गराउन अनिवार्य गरेको छ जसले गर्दा बच्चाहरुले भाषा सिक्दै जान सहयोग पुग्नेछ साथै भाषालाई प्राथमिकता दिएर कार्यक्रम सञ्चालन गर्ने गरेको पाइन्छ । हप्ताको एक दिन र सार्वजनिक छुट्टीको दिनमा गुठीले पालो अनुसार व्यक्तिको घरमा बच्चाहरु र भाषा सिक्न इच्छुकलाई भाषा कक्षा सञ्चालन गर्ने गरेको पाइन्छ । यसरी आफ्नो जातीय भाषा लोप हुन नदिन पनि गुठीले भूमिका खेलेको पाइन्छ ।

### ५.२.७ जन्म संस्कार

नेवार जातिका महिलाहरु गर्भवती भएपछि आफन्तहरुले वा माइती तर्फले बोलाएर सगुन खान दिई गर्भवती महिलालाई शिरदेखि पाउसम्म एक जोर लुगा दिने चलन भएको अध्ययन क्षेत्रका उत्तरदाताहरुबाट पाइयो । मुख्य जानकार व्यक्ति सातका अनुसार सुत्केरी भएपछि सुत्केरीलाई एघार दिनसम्म कसैले नछुने ठाउँमा राखिन्छ । सूतक परेको घर लगायत ९ पुस्ते सन्तानहरुको घरमा सूतक पर्छ । यस अवधिमा पूजाआजा चल्दैन । एघार दिनपछि न्वारनको दिनमा सूतक परेको घरहरुमा गाईको गोबर र माटाले लिपपोत गरी सबै नुवाइ धुवाइ गर्दछन् । कुटुम्बले ल्याएको गहुँत ब्राह्मणलाई मन्त्राउन लगाई पातीले घरमा छर्किने र प्रत्येक सदस्यले गहुँत खाई चोखिने गर्दछन् । अर्का गुठीयार सदस्यका अनुसार न्वारनको दिन गुठीयारहरु तथा आफन्तलाई निम्ता गरिन्छ र गुठीयार महिलाहरुद्वारा मासको फुरौला, चिउरा, भट्टमास, अदुवा, लसुन, अण्डा, मासु, माछा, रक्सी, समेत गरी सगुन तयार पार्ने काम गरिन्छ । उक्त सामग्रीबाट सूर्य भगवान्को पूजा घरको जेठी महिलाबाट गरिन्छ ।

सुत्केरीलाई पनि सूर्य भगवान्को पूजा गर्न लगाई बच्चालाई पनि सूर्य भगवान्को दर्शन गराइन्छ । यस दिन आफन्त, माइती तथा गुठीयारहरुलाई निम्ता गरिन्छ र भोज खुवाउने चलन हुन्छ । भोजको लागि आवश्यक भाँडाकुँडा, कुर्चीहरु गुठीबाट उपलब्ध गराइन्छ र भोजको तयारी र भोज खुवाउने काममा गुठीका सदस्यहरुले सहयोग गर्ने गर्दछन् । सुत्केरीलाई घरबाट र निम्तालुहरुबाट कपडा, सगुन दिने चलन रहेको उहाँ बताउनुहुन्छ । यसरी जन्म संस्कारको काममा पनि गुठीको उल्लेखनीय सहभागिता रहेको पाइन्छ ।

## ५.२.८ पास्नी

नेवार समुदायको अर्को महत्वपूर्ण संस्कार पास्नी हो । जन्मिएको शिशु छोरा भएमा छ महिना र छोरी भएमा ५ महिनामा पास्नी गरिने चलन छ । जसलाई नेवारीमा “जा नकेउ” भनिन्छ । यस दिनमा बच्चाहरुलाई नुवाईदिने साथै अन्य परिवारका सदस्यहरु पनि नुवाई-धुवाइ गरी घर लिप-पोत गरी चोखिने चोख्याउने काम गरिन्छ । मुख्य जानकार व्यक्ति आठका अनुसार नजिकैका गुठीयार महिलाहरुलाई बोलाएर उनीहरुको सहयोगमा पूजा सामग्री (अविर, केशरी, चामल) रोटी, फलफूल, सगुन, चिउरा, कालो भट्टमास, मासु, माछा, अदुवा, लसुन, अण्डा, रक्सी तयार गरी सालको टपरीमा कलश दियो स्थापना गरी पूजा गरिन्छ । पास्नी भएपछि मात्र बच्चालाई नयाँ लुगा लगाई दिने चलनअनुरुप पूजा गरिसकेपछि बच्चालाई टिका प्रसाद लगाइदिई नयाँ लुगा र सगुन दिइन्छ । भात खुवाउँदा पहिले पाँच जना कन्याले खुवाएपछि हेराउँदा मावली वा घरपक्ष मध्ये कुन पक्षलाई जुरेको छ ज्योतिषकोमा हेराउने सोही अनुसार जुरेको पक्षले बच्चालाई काखमा लिई भात खुवाउने चलन छ । निम्तालु सबैले बच्चालाई टीका लगाई औकातअनुसार सामान र दक्षिणा दिने गर्दछन् साथै तीन तीन पटक भातको जुठो हात मुखमा लगाईदिन्छन् । यस दिनमा विशेष गरेर बच्चाको मावलीले बच्चालाई कानमा एक जोडी सुनका मुन्द्रा, हातमा पञ्चरत्न बाला, खुट्टामा चाँदीको कल्ली, पञ्चकलीको कपडा (पाट, मलमल, ढाका, गब्लुङ, तुल) पाँचथरी गाँसेर लुगा र कपडामा कपास तकेर तकुवा टोपी र बच्चाको आमा बुबालाई कपडा र सगुन दिने चलन छ । किस्ती (दुना या टपरीमा चामल, सिङ्गो सुपारी, १ रुपियाँ दक्षिणा, राखेको) लिएर मामाले बोकेर मन्दिरमा दर्शन गराएर ल्याएपछि सबैलाई टीका प्रसाद दिई खुवाई पास्नी कार्य सम्पन्न गर्ने चलन छ ।

## ५.२.९ छेवर (व्रतबन्ध)

मुख्य जानकार व्यक्ति (गुठीका सचिव) नौ का अनुसार समुदायमा छोरा ५ देखि ९ वर्ष अर्थात् बिजोर वर्ष भएपछि छेवर (व्रतबन्ध) गर्ने  चलन हुन्छ । व्रतवन्धको लागि यस समुदायमा गाउँले तथा आफन्त र गुठीलाई निम्ता पठाइन्छ । गुठीबाट आवश्यक भाँडा, कुर्ची ल्याउने, पकाउने काम गरिन्छ । त्यस्तै गुठीयार महिलाहरुले चामल हेर्ने, सेल रोटी पकाउने आदि काम गर्ने गर्दछन् । ब्राह्मणलाई साइत हेराएपछि उक्त दिन घर लिपपोत गरी चोखो गरिन्छ । केटालाई नुवाइ-धुवाइ गराई फूपुले चरेसको थालमा एकमाना चामल र दक्षिणा राखी माथिबाट सेतो वा रातो रुमालले छोपी थाल थापेपछि मामाले गाईको गोठमा लगेर दाम्लाले समाई कपाल खौरीदिने चलन छ र उक्त कपाल नदीमा लगेर बगाइन्छ । गुठी सदस्यका अनुसार यसरी कपाल खौरने काम सकिएपछि केटालाई फेरी नुहाइदिने, भित्र लगी कलश/गणेश स्थापना गरी सुकुण्डामा बत्ती बालेर पूजा गरिसकेपछि केटालाई घरमा मुख्य मानिसले टोपी र धोती दिई सगुन दिइन्छ । ब्राह्मणलाई बोलाई होम पूजापाठ गरी सकेपछि पहेँलो कपडा र झोला भिराएर आफन्तहरुले टीका लगाई नयाँ कपडा र सगुन, चामल र दक्षिणाको भिक्षा दिन्छन् । गुठीले नेतृत्व गरेर अध्यक्ष वा अन्य व्यक्तिले पनि सगुन (अण्डा, रक्सी, दही, लुगा) दिन्छन् । त्यसपछि मन्दिरमा देवताको दर्शन गर्नका लागि लैजान्छन् । घरमा परिवार तथा निम्तालुहरुले टीका प्रसाद सगुन दिई भोज खुवाउने र गुठीयार महिलाहरुले व्रतबन्धको प्रसाद बनाएर सबै निम्तालुहरुलाई बाँड्ने काम हुन्छ र यसरी छेवर कार्य सम्पन्न हुन्छ ।

## ५.२.१० बेलविवाह (इंहि)

बेल विवाह छोरी जन्मेको ३-६ वर्षको उमेर भएपछि गरिन्छ । जसलाई नेवारीमा 'इंही' भनिन्छ । यो कर्म गर्नको लागि धेरै विधि विधान गर्नुपर्ने हुनाले व्यक्तिगत रुपमाभन्दा पनि सामूहिक रुपमा सम्पन्न गरिन्छ । तसर्थ बेल विवाह गर्दा गुठीको धेरै भूमिका हुने गर्दछ । बेल विवाहमा गुठीको के कस्तो भूमिका रहन्छ भने प्रश्न गर्दा उत्तरदाताहरुको अनुसार बेल विवाहमा गुठीको भूमिकालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.२ : उत्तरदाताहरुका अनुसार बेल विवाहमा गुठीको भूमिका**

| **भूमिका/कार्यहरु** | **संख्या** | **प्रतिशत (%)** |
|---|---|---|
| बेल विवाहको लागि पैसा उठाउने | ११ | २१.१५ |
| खुला फराकिलो ठाउँ खोज्ने | ६ | ११. ५४ |
| तिथिमिति हेरेर दिन तोक्ने | ३ | ५.७७ |
| बेल विवाहको प्रचार प्रसार गर्ने | ४ | ७.७ |
| पण्डित बोलाउने र जग्गिया बनाउने | ५ | ९.६१ |
| माथिका सम्पूर्ण काम गर्ने | २३ | ४४.२३ |
| **जम्मा** | **५२** | **१००** |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०७५ ।

माथिको तालिका अनुसार बेल विवाह गर्नको लागि गुठीले पैसा उठाउने काम गर्छ भन्नेमा जम्मा उत्तरदातामध्ये ११ जना अर्थात् २१. १५ प्रतिशत, खुला फराकिलो ठाउँ खोज्ने भन्नेमा ६ जना अर्थात् ११.५४ प्रतिशत, तिथिमिति हेरेर दिन तोक्ने काम गर्छ भन्नेमा ३ जना अर्थात् ५.७७ प्रतिशत, बेल विवाहको प्रचारप्रचार गर्छ भन्नेमा ४ जना अर्थात् ७.७ प्रतिशत, पण्डित बोलाउने र जग्गिया बनाउने काम गर्छ भन्नेमा ५ जना अर्थात् ९.६१ प्रतिशत र माथिका सम्पूर्ण काम गर्छ भन्नेमा २३ जना अर्थात् ४४.२३ प्रतिशत रहेको पाइयो । समग्रमा हेर्दा बेल विवाह गर्दा गुठीको भूमिका बढी रहने कुरा माथिको तालिकाबाट प्रष्ट हुन आउँछ ।

उपर्युक्त तथ्यका आधारमा बेल विवाहका लागि बाहिरबाट ब्राह्मण बोलाएर संस्कार गर्नको लागि इहिं गर्ने प्रत्येक घरबाट पैसा उठाउने काम गुठीले गर्दछ । गुठीले फराकिलो ठाउँ खोजेर तिथिमिति हेरेर दिन तोक्ने काम गर्दछ । बेलविवाहको प्रचारप्रचार गर्ने, बाहिरबाट उत्कृष्ट नेवार पण्डित बोलाउने, जग्गिया बनाउने आदि सम्पूर्ण तयारी पूरा गर्न भूमिका खेल्छ । कम्तीमा तीन दिन लाग्ने यो कर्म गर्नका लीग केटीलाई नुहाई धुवाइ गराई नयाँ लुगा लगाइदिन्छन् । उक्त दिन ती कन्यालाई घर/छिमेक तथा आफन्तका घरमा खुवाउने चलन रहेको पाइन्छ । दोस्रो दिन पनि ती कन्यालाई नुवाई धुवाइ नयाँ सारी, गहना लगाई दुलही जस्तै सिंगार पटार गरी जग्गेमा सामग्री, सुकुण्डा, ज्वला न्हेकं (एक विशेष किसिमको

ऐना) सिन्नभु (विशेष किसिमको सिन्दुर राख्ने भाँडो) तयार गरी विधि पूर्वक होम पूजा हुन्छ ।

काँचो धागो पहेँलो रङले रंगाएर डल्लो पारी कन्यालाई १०८ पटक खुट्टाले पैतलादेखि शरीरसम्म घुमाउने, नायोले खुट्टाको नङ काटी रातो रङ लगाइदिने, कन्यालाई ढिकी कुट्न, आगो फुक्न, जाँतो पिस्न लगाउने जस्ता क्रियाहरु सम्पन्न हुन्छ । उक्त दिन कन्यालाई नुन खान दिइदैन । आफन्त, नातेदारहरुले खीर, मिठाइ, फलफूल, दुध दही ल्याएर खुवाउँछन् ।

तेस्रो दिनमा पनि पहिलो दिनहरु जस्तै कन्याहरुलाई नुवाइ धुवाइ गराई लुगा, गहना लगाई सिंगार पटार गराई जग्गियामा बसालिन्छ । तेस्रो दिनमा पनि गुठीद्वारा पूजा सामग्री तयार पार्ने काम गरिन्छ । पूजापाठ होम सामग्री तयार पार्ने काम हुन्छ । कन्यालाई ब्राह्मणको स्त्रीको देब्रे हातबाट सिन्दुर हालिन्छ र बेलको अनुहार (पति) भनेर देखाइन्छ र सिन्दुर, माटोको पालामा बेल राखी छोपेर प्रत्येक कन्यालाई कन्यादान दिइन्छ । जसलाई उनीहरु आफ्नो दुलाहाको रुपमा कुल मन्दिरमा सुरक्षित साथ राख्दछन् । कन्यादानको कार्य सकिएपछि कन्यालाई घरको परिवारकासाथ आफन्त, गुठीयार सदस्यहरुले टीका प्रसाद लगाउँदै तीन पसरी चामल, दक्षिणा, सगुन अनि नयाँ कपडा दिने चलन पाइन्छ ।

कन्याहरुलाई गुठी समितिद्वारा काँसको थालमा दाल, भात, अचार, मासु (बोकाको टाउको प्रमुख ९ अङ्गहरु पकाएको) खान दिइन्छ । खाना खुवाईसकेपछि नायोले नङ काटेर करुवाको पानी छर्कदै आई हातखुट्टा धोई कुल्ला गरेपछिमात्र बोलिन्छ । अन्तमा दहीको सगुन खुवाइ गुठीले बेल विवाह कार्य सम्पन्न गर्छ ।

## ५.२.११ गुफा

मुख्य जानकार व्यक्ति दशका अनुसार केटीको पहिलो महिनावारी हुनुभन्दा अगाडि ७-११ वर्ष अर्थात विजोर वर्ष पारी प्रायःजसो मंसिर, पौष महिनामा गुफा राखिन्छ । जसलाई नेवारीमा 'बाह्र' राख्ने पनि भनिन्छ । तर गुफा राख्नुभन्दा अगाडि नै महिनावारी भएमा तत्कालै गुफा राख्नुपर्ने हुन्छ । ब्राह्मणबाट साइत हेराई औंशी छली कन्यालाई नुवाइ धुवाइ गराई साँझपख अण्डाको सगुन खुवाई, चन्द्रमा दर्शन गरी, ढुङ्गालाई देवता मानी, सुकुण्डामा बत्ती बाली अध्यारो कोठामा राखिन्छ । घरका परिवारले गुफा राखेको थाहा पाएपछि सबैलाई खबर गर्दछन् र ती कन्याहरुलाई सहयोग गर्न गुठीयारहरु महिलाहरु

आउँछन्  र पालो अनुसार कुर्ने काम गर्छन् । यसरी गुफा राख्दा तिन दिनसम्म ती कन्याहरुलाई नुन खान दिइदैन । चार दिनमा नुवाइ धुवाइ गरी अण्डाको सगुन दिई नुन खान दिइन्छ । पहिलो दिनदेखि नै बाह्र दिनसम्म सूर्य भगवान्को र छोरा मान्छेको मुख हेर्नु हुँदैन । छैटौं, आठौं, दशौं, एघारौं र बाह्रौं दिनमा पनि नुहाइ दिनुपर्छ । छैटौं दिनमा कपासको ख्याक (बाह्र ख्या) बनाएर मह राखेर भित्तामा टाँसिन्छ । साथै कपासको चन्द्र, सूर्य, घण्टा एवम् तारा बनाई ख्याकको अगाडि टाँस्नुपर्छ । छैटौं दिन घरका मानिसहरुले, आफन्तहरुले र छिमेकी गुठीयार महिलाहरुले छुसेमुसे (बाह्र थरी गेडागुडी अन्न) भुटेर विभिन्न परिकारका रोटी, मिठाइ, खीर, तरकारी, अचार तथा सगुन बनाइ खुवाउछन् र उक्त दिन नखुवाउने आफन्तहरुले आठौं, दशौं र एघारौं दिनमा खुवाउन आउँछन् । ती खुवाउन आउनेहरुलाई गुफा राखेको घरका मानिसहरुले खुवाई पठाउनुपर्छ । बाह्र दिनसम्म नै कन्याका साथीहरु र गुठीयार महिलाहरु आई नाचगान गरी रमाइलो गर्छन् । गुफा राखेको दिनदेखि बाह्र दिनसम्म गुफा राखेको घर तथा सन्तानहरुको घरमा पूजापाठ केही पनि चल्दैन र बाह्रौ दिनमा घर लिपपोत गरी नुवाइ धुवाइ गरेपछि चोखो भई पूजा पाठ गर्छन् ।

बाह्रौ दिनमा बिहान सबेरै उठी घर लिपपोत गरी घरका परिवार साथै गुफा बसेका कन्याहरुलाई नुवाइधुवाइ गराइ (दुलही जस्तै) नयाँ चोलो, सारी, गहना लगाई सिँगारपटार गरी तयार पार्दछन् । सम्पूर्ण पूजा सामग्री तयार गरी सकेपछि फूपुले ती कन्याहरुको मुख छोपी बाहिर ल्याई तामाको भाँडामा गाईको दुध र पानी मिसाई त्यसैमा सूर्यको छाँया हेर्न लगाइन्छ । त्यसपछि  आँगनमा मण्डलाकार गरी गोबर माटाले लिपेको ठाउँमा पिर्का विछ्याई ती कन्याहरुलाई पूर्वतिर मुख फर्काइ बस्न लगाइन्छ र सूर्य भगवान्लाई पूजा गर्न लगाइन्छ र सूर्य भगवान्लाई पूजा गर्न लगाई सूर्य भगवान्को पूजा सकिएपनि कन्याहरुलाई कृस्ती (दुना या टपरीमा चामल, सिङ्गो सुपारी र दक्षिणा) लिन लगाई मन्दिरमा दर्शन गराउन लैजान्छन् । मन्दिरबाट फर्केपछि घरभित्र कलश, दियो स्थापना गरी पूजा गरिन्छ । यसदिन आफन्त, सन्तान, गुठी सदस्यहरुलाई निम्ता दिइन्छ । सबैले कन्यालाई टीका, प्रसाद, दक्षिणा, सगुन र कपडा दिन्छन् । गुठीयार सदस्यहरुद्वारा भोज तयार पार्ने काम गरिन्छ र निम्तालु सबैलाई टीका, प्रसाद, सगुन दिई भोज खाने खुवाउने गर्दछन् ।

भोजको कार्यक्रममा गुठी समितिले सहयोग गर्ने गर्दछन् । भोज सकिएपछि घरभित्र गोबर माटाले लिपपोत गरी बीचमा पिर्का बिछ्याई बाह्र बसेका कन्याहरुलाई बस्न लगाई सगुन

गरी उक्त ठाउँमा नै गुफा राखेका कन्याहरु र नायो दुवैथरी नबोली पूजा गर्ने पूजा सामग्रीमा केशरी, अक्षता, सेतो वा पहेँलो फूल, धुपदिप र रोटी, फलफूलको प्रसादका साथ ८ टुक्रा सिन्का, ८ टुक्रा सुपारी, ८ वटा भिजाएको केराउ पनि चाहिन्छ । नायो तथा कन्याहरु दुवैथरी नबोली यो कार्य सम्पन्न गर्नुपर्दछ । ८ मध्ये ४ केराउ ४ कुड्का सुपारी, चार टुक्रा सिन्का घरको सदस्यले एक-एक गरी नायोलाई दिन्छन् । नायोले कन्यालाई दिएपछि कन्याहरुले एक-एक गरी चपाउँदै थुक्छन् र प्रत्येक पटक सिन्कोले दाँत कोट्याउँदै पानीले थुक्ने चलन हुन्छ । यसरी विभिन्न विधि नायो तथा कन्याद्वारा सम्पन्न गरिन्छ । बाँकी चार कुड्का सुपारी, चारवटा केराउ र चारटुक्रा सिन्का पूजा गर्दै नायोले एक-एक गरी चढाउँछन् र नायोले हात खुट्टा, मुख धोई जल छर्कदै भित्र पसेपछि अन्य सदस्य पनि भित्र पस्छन् र नायोले धूपबत्ती बाली बाटा घोप्ट्याएर त्यसमाथि कन्याहरुलाई तीन पटक हात माथितिर फर्काएर ट्याङ्ग गर्न लगाएपछि मात्र नायो र कन्याहरु बोल्छन् र कार्य सकिन्छ । त्यस दिनको राती गुठीयार सदस्यहरु, आफन्तद्वारा नाँचगान कार्य गरिन्छ ।

यसरी गुफा राख्दा कन्यालाई कुर्ने, सबैलाई निम्ता दिने, भोज भतेर, परिकार पकाउने, खुवाउने, नाचगान गर्ने आदि विभिन्न काममा गुठीको भूमिका रहेको पाइयो ।

## ५.२.१२ विवाह संस्कार

नेवार समुदायमा विवाह एक अनिवार्य संस्कार मानिन्छ । नेवार समुदायमा मुख्यतया दुई किसिमको विवाह प्रचलनमा देखिन्छ । पहिलो परम्परागत विवाह जसमा सगुन, साइपाटा, लैजाने वा जन्त जाने कार्य हुन्छ भने दोस्रो विवाहमा केटा र केटी पहिलेदेखि नै प्रेम गरी भगाई विवाह गर्ने प्रचलन पाइन्छ । विवाह गर्नको लागि लमीले केटी माग्न गई ज्योतिषि राखी चिना मिलेमा विवाहको दिन तोक्ने काम गरिन्छ विवाहको दिन पक्का भएपनि गुठीलाई खबर गरिन्छ । मुख्य जानकार व्यक्ति एघारका अनुसार बिहेमा निम्ता बाँड्ने, दुलहा दुलहीको घरमा ध्वजा, पतकाले सिँगारेर केराको बोट गाडेर स्वागतद्वार बनाउने, जग्गिया बनाउने काम गुठीको सदस्यहरुको सहयोगले गर्ने गरिन्छ । त्यस्तै भोजभतेरका लागि भाँडाकुँडा, कुर्चीहरु, पाल आदि सरसामान गुठीबाट नै उपलब्ध गराउने गरिन्छ भने गुठीयार महिलाहरुले विवाह हुने घरमा गएर चामल हेर्ने, टपरी गाँस्ने, विभिन्न परिकारका रोटीहरु जस्तै फिनी, सेल, चिनी रोटी अर्सा, भिलिङ्गा रोटी तयार गर्ने गर्छन् । दुलहा

दुलहीको दुवै पक्षको घरमा विवाहको लागि सजावट तथा सामग्रीहरु तयार गर्न छोरीवेटी, आफन्त र गुठीयार सदस्य/छिमेकीहरुले सहयोग गर्दछन् । दुवै पक्षको भोज खुवाउनको लागि गुठी समाजले जम्मा गरेको भाँडाकुँडा प्रयोग गर्दछन् ।

## ५.२.१३ विवाहमा साइपाटा

विवाहको दिनमा नै दुलाहा पक्षबाट दुलहीको घरमा साइपाटा पठाइन्छ । पहिला पहिला साइपाटा कार्यक्रमबाट फर्केपछि मात्र साइतअनुसार दुलाहासहित जन्ती जाने चलन थियो, तर हिजोआज जन्ती र साइपाटामा सहभागीहरु सँगसँगै जाने चलन यस नेवार समुदायमा रहेको पाइयो । साइपाटा कार्यक्रमको लागि घरका परिवार तथा आफन्तका छोरी, बुहारी, साथीहरुलाई निम्ता गरेर उनीहरुको साथमा दुलाहाको घरबाट दुलहीको लागि गहना, लुगा, श्रृङ्गारको सामान, जुत्ता, खानेकुरा, पूजा सामान, सगुन, विभिन्न प्रकारको रोटी, मिठाइ, मसला, फलफूल, एउटा ठेकीमा दही, रायोको साग, उखुको बोट, जिउँदो माछा लिएर जाने चलन पाइन्छ । त्यस्तै आफ्नो औकात अनुसार दुलहीको घरमा पनि दुलहीको लागि केही सुनको गहनाहरु, नयाँ कपडा, छोरीको लागि गहना तयार पारिन्छ । गुठी संस्थामा रहेका भाँडाहरु ल्याएर आफन्त तथा गुठीयारहरु मिलेर भोज खुवाउनको लागि परिकारहरु तयार पार्ने गरेको पाइयो । मुख्य जानकार व्यक्ति बाह्रका अनुसार खुवाउनको लागि गुठीले जम्मा गरेको भाँडाकुडा प्रयोग गर्ने गरेको पाइयो ।

यस समुदायमा विवाहको दिनमा दुलहा, दुलहीको घरमा ध्वजा, पतकाले सिँगारेर केराको बोट गाडेर स्वागतद्वार बनाउने काम आफन्त तथा गुठीयारहरु मिलेर गर्ने गरेको पाइन्छ । दुईतिर तामाको गाग्रीमा पानी भरी अविरले रङ्ग्याई फूलमाला लगाई राखिएको हुन्छ । उक्त दिन बिहानै दुलहीलाई नुहाइ धुवाइ गरी एउटा कोठामा राखिन्छ र दुलही राखेको ठाउँमा दुईवटा टपरीमा चामल राखी एउटामा कलश र अर्कोमा सुकुण्डा स्थापना गरी अगाडि केराको पात विछ्याइ चन्दन, केशरी, सिन्दुर, धूप, दीयो, रोटी, फूलफूल, भेटी, अक्षता, सगुन (उसनेको अण्डा, अदुवा, लसुन, मासु, माछा, भट्टमास, चिउरा, रक्सी) आदि चढाई पूजाआजा गरिन्छ । नातेदार, आफन्तहरु, गुठीयारहरु र अन्य निम्तालुहरु आई उपहार दिने गर्दछन् र ती सबैलाई भोज खुवाई पठाउने काम गरिन्छ ।

### ५.२.१४ मृत्यु संस्कार

यहाँका नेवार जातिहरुमा अन्य संस्कार जस्तै मृत्यु संस्कारमा पनि विभिन्न विधिहरु पाइन्छ । मृत्यु संस्कारमा गुठीको भूमिका अनिवार्य हुन्छ । उत्तरदाताहरुका अनुसार मृत्यु संस्कारमा गुठीको भूमिकालाई तलको तालिकामा देखाउन खोजिएको छ ।

**तालिका ५.३ उत्तरदाताहरुका अनुसार मृत्यु संस्कारमा गुठीको भूमिका**

| **भूमिका** | **संख्या** | **प्रतिशत** (%) |
|---|---|---|
| मृत्युको बारेमा सबै गुठीयारहरुलाई खबर गर्ने | ७ | १३.४६ |
| गुठीयार जम्मा भई हरियो बाँस काटेर ल्याउने | ५ | ९.६१ |
| खट (घारो) तयार पार्ने | ४ | ७.७ |
| घाटमा लाश लैजाने | ४ | ७.७ |
| मृत्युसंस्कारका सम्पूर्ण कामहरु गर्ने | ३२ | ६१.५३ |
| **जम्मा** | **५२** | **१००** |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०७५ ।

तालिका अनुसार गुठीको भूमिकाको अध्ययन गर्दा मृत्युको बारेमा सबै गुठीयारहरुलाई खबर गर्ने भन्नेमा ७ जना अर्थात् १३.४६ प्रतिशत, गुठीयार जम्मा भई हरियो बाँस काटेर ल्याउने भन्नेमा ५ जना अर्थात ९.६१ प्रतिशत, खट (घारो) तयार पार्ने भन्नेमा ४ जना अर्थात् ७.७ प्रतिशत, घाटमा लास लैजाने ४ जना अर्थात् ७.७ प्रतिशत र मृत्युसंस्कारका सम्पूर्ण कामहरु गर्ने भन्नेमा कुल उत्तरदाताहरुमध्ये ३२ जना अर्थात् ६१.५३ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा मृत्युसंस्कारमा गुठीको भूमिका बढी रहन्छ भन्ने उत्तरदाताहरुको संख्याबढी रहेको पाइयो । उत्तरदाताका अनुसार यस संस्कार अनुरुप जब मानिसको मृत्यु हुन्छ उसलाई घरको आँगनको तुलसीको मठनिर गाईको गोबरले लिपेर जौ, तिल, गंगाजल छर्केर सुताउँछन् र मरिसकेपछि शिरनेर पैतलानिर पालामा बत्ती बालेर राखिदिन्छन् । गुठीयारहरु जम्मा भई लाशलाई घाटमा लाने तरखरमा जुट्छन् । कसैले हरियो बाँस काटेर ल्याउँछन्, कसैले बाँसलाई काटेर टुक्रा पारी धागोले वा चोयाले बाँधेर सात सिडीको खट (घारो) तयार पार्छन् । छोरा र गुठीयार दाजुभाइले बोकेर खटमा सुताई चारहातको सेतो कपडाले माथिबाट छोप्छन् र कपडाले छोपी धागो वा सोही कपडाले बाँध्छन् । कपडाले छोप्नु भन्दा

पहिले विवाहित छोरीले मुख धुवाई रातो टीका, अविर, माला लगाई दिन्छन् । मुखमा सुनको प्रतिमा अर्थात् सुन पानी राखिदिन्छन् । त्यसपछि फूलमालाले छोपी पैसाको मालाले पनि छोपिदिन्छन् । मृतकलाई छोरा भए छोराले, नभए गुठीयारका चार जनाले घाटमा लैजान्छन् । घाट लैजाने बेलामा तेल वा घिउमा कपडा भिजाई बालेर चिलिममा राखेर एकजना व्यक्तिले सो बोकेर मलामीको अगाडि लाग्छ भने, एक जना बुर्की (एकमाना चामल, एकमाना भुटेको धान, एकमाना मकै, पैसा) राखी बाटोमा छर्दै जान्छन् । गुठीयारहरुमध्ये कसैले घाटमा चाहिने सामानहरु लिन्छन्, कसैले मृतकलाई जलाउन दाउरा लिएर जान्छन् र साथमा ब्राह्मणलाई लिएर जान्छन् । नदीमा पुऱ्याएर नदीको छेउमा काठको सोला बनाइ नाङ्गै सुताइन्छ र गएका सबै गुठीयार मलामीहरुले उल्टो हात गरी पालैपालो पानी खुवाउँछन् । छोराहरुले लाशलाई घिउ तेल दल्ने काम गर्छन् । मलामीहरु सबैलाई लाशको वरिपरि जम्मा हुन लगाई एक जनाले मृतकको बारेमा जन्मदेखि मृत्युसम्मको राम्रो पक्षहरुको वर्णन गरेपछि एक मिनेट मौन धारण गरी श्रद्धाञ्जली अर्पण गर्दछन् । त्यसपछि बाँसको छडीमा घिउ वा तेलले भिजाएको कपडा बेरी बालेर छोराहरुले तीन पटक मृतकलाई परिक्रमा गरी पानी खुवाइदिन्छन् र खुट्टामा ढोगी मुखमा दागबत्ती दिन्छन् । त्यसपछि छोराहरुले कपाल खौरेर नुहाई सेतो बस्त्र धाराणा गर्दछन् र पिण्ड दिएर फर्कन्छन् ।

मृतकको घरमा मृतकलाई घाटमा लगिसकेपछि घरका बुहारीले माटाको हाँडीमा “गुता विह” पैसा, जौ, तिल, कालो सेतो भट्ट, मृतकको एक जोर कपडा, ओछ्यान, कुँचो, गुन्द्री वा मान्द्रो आदिलाई सिन्दुर छर्केर तीनबाटो पर्ने ठाउँमा जलाएर घर फर्कन्छन्, जसलाई नेवारीमा ‘छवासीवाय’ भनिन्छ । “छवासीवाय” गरी घर फर्केपछि मृतक राखेको ठाउँमा लिपपोत गरी धारामा गई नुहाई घर पस्दछन् । मलामीहरु (गुठीयारहरु) घाटबाट फर्केपछि घरअगाडि एउटा भाँडामा आगो राखी त्यसमा गाईको घिउ राखिदिन्छन् र बुहारीले एउटा पोकोमा राखिदिन्छन्, भूतप्रेत तथा मृतात्मादेखि सुरक्षित रहन क्रियापुत्रीहरुलाई हातमा हँसिया वा चक्कु राखिदिन्छन् । क्रियापुत्रीहरुले आगोमा हात सेकी घरभित्र मानिस मरेको ठाउँमा मान्द्रो वा गुन्द्रीले बारेर पराल/कम्बल बिछ्याएर कसैलाई नछोई १३ दिनसम्म बस्छन् । गुठीयारहरुले पनि उक्त आगोमा हात सेकी आ-आफ्नो घर फर्की सुनपानी खाई चोखिएर घरभित्र पस्दछन् । यदि लोग्ने मानिस छ भने स्वास्नी मानिसलाई पनि छुट्टै कोठामा काजकिया गराउँछन् । बुहारीलाई पनि छुट्टै कोठामा राखेर काजकिया गराउँछन् । छोरीलाई

पनि ५ दिनसम्म काजकिया गराउँछन् । मृतकको घरमा सन्तान र छोरीवेटीले चिउरा, मिठाइ, अदुवा, घिउ, मिश्रि, चिनी लिएर आउँछन् । जलाई नेवारीमा चिपन्हिकी भनिन्छ । सबै ठाउँबाट ल्याएका चीजबाट अलि अलि छुट्याएर मृतकको नाममा छुट्याई हाँडीमा राखेर क्रियापुत्री बस्ने ठाउँमा डोको वा डालोले छोपेर कसैले नछुने गरी राख्दछन्  र बाँकी रहेका सन्तानहरु तथा मलामीहरुले पातको दुनामा राखी खाने गर्दछन् । मानिस मरेको दिनदेखि कियापुत्रीलाई तथा घरका परिवारलाई साल या कटुसको पातका टपरी, दुनाको काम बढी पर्ने हुनाले छोरीवेटी तथा गुठीयार महिलाहरुले पात ल्याई दुना टपरी गाँस्ने काममा सहयोग गर्ने गर्दछन्  ।

गुठी सदस्यका अनुसार मानिस मरेको दिनदेखि नै माटोको पालामा तोरीको तेलमा बत्ती बालेर राख्नु पर्दछ । जुठो परेको बेला मृतकको घर तथा नजिकका १३ दिने दाजुभाइहरुले पूजापाठ गर्नु हुँदैन । गुठीका सदस्यहरु पालैपालो गरी प्रत्येक दिन चारजनाको दरले मृतकको घरमा सुत्न/कुर्न जाने चलन छ । दोस्रो दिनदेखि कियापुत्री, गुठीयार र ब्राह्मणसहित नजिकको खोलामा कर्मकाण्डलाई चाहिने सामाग्रीहरु (जौँ, तिल, भेडाको रौँ, श्रीखण्ड तथा कियापुत्रीलाई खाना पकाउने भाँडा) लिएर जान्छन् । पँधेरा या खोलामा गई कियापुत्रीहरुले कसैलाई नछोई पवित्र ठाउँबाट वा खोलाबाट ढुङ्गा ल्याई नुहाई जल चढाई जौँ, तिलको पूजा गरी फेरी नुहाउँछन् र अर्को ठाउँमा ब्राह्मण अनुसार पितृ पूजा गर्दछन् । त्यसपछि कियापुत्रीहरुले तामाको भाँडामा घिउमा चोखो चामलको भात पकाई अदुवा तथा फलफूलसँग केराको पातमा भात खान्छन् । कियापुत्रीहरु खोलामा गएपछि घरमा किया बसेका महिला कियापुत्रीहरुले नुहाई कियापुत्रीहरु फर्कनु अगाडि नै भात पकाइ खाई सक्नुपर्दछ । यो प्रक्रिया एवम् रितले दशौं दिनसम्म चल्दछ । मानिस मरेको छैटौं दिनमा चेलीवेटीहरुले रोटी, चिनी, चिउरा, साग, तरकारी, गेडागुडी पकाएर मृतकको घरमा लिएर आउनुपर्दछ । जसलाई नेवारीमा बेओर भनिन्छ । छोरीको घरबाट ल्याएको बेओर भित्र्याएपछि मात्र अरुको घरको भित्र्याइन्छ । यसरी भेटी भित्र्याउन गुठीयार महिलाहरुले सहयोग गर्ने गर्दछन् । नवौं दिनमा मृतकको घर, सन्तान अर्थात् जुठो परेका सबैले लुगा धुन्छन् । दशौं दिनमा घर लिपपोत गरी प्रत्येक आफ्ना नजिकका दाजुभाइहरुको घरबाट १/१ जना मुली लोग्ने मानिस पँधेरामा जम्मा हुन्छन् ।  मृतकको घरबाट तामाको बाटामा अमलाको पात, हर्रोबर्रो, पीना मिसाइ ल्याएको हुन्छ, छोरी भए छोरीले, नभए ज्वाइँले नुहाउने बेलामा सबैको टाउँकोमा राखिदिन्छन् र यस्तो कार्यलाई खौवाटा गर्ने भनिन्छ । सबै

नुहाएर ब्राह्मणले मन्त्रेको गाईको गहुँत खाई घरमा ल्याई घरको चारैतिर छर्की चोखो पारिन्छ । दशौँ दिनको साँझ क्रियापुत्री र गुठीयार जम्मा भई पँधेरामा गई पैयूको हाँगो काटेर सात सिँढी भएको उल्टो भऱ्याङ बनाई, नाथ्रो नभएको सियो र धागो दुईवटा बाँसको ढुङ्गामा, चामल बेसार राखी खरको बलियो पिँजडाजस्तो जाली बनाई क्रियापुत्रीहरुले त्यसभित्र टपरीमा राखिएको एक माना चामलमाथि पालामा तेल राखी बत्ती बाल्दछन् । बाँसको ढुङ्गामा ७ पटक पानीको अर्घ दिई नुहाई घर फर्कन्छन् । एघारौँ दिनमा क्रियापुत्रीहरु पँधेरामा गई ब्राह्मण विधि अनुसार ३६० दुनामा पर्ने गरी तितेपातीको ३६० दत्तिवन, जौँ, तिल, कुश राखेर बगाउँछन् । बाह्रौ दिनमा पनि विधिअनुसार नै कार्य गर्दछन् । तेह्रौ दिनमा ब्राह्मणका अनुसार विधिपूर्वक पूजा गरी चोखिने काम हुन्छ । उत्तरदाताका अनुसार तेह्रौ दिनमा छोरीवेटी, सन्तान, आफन्त, मलामीहरुलाई भोज खुवाउनका लागि आवश्यक सरसामान जुटाउन गुठीयारहरुले सहयोग गर्छन् । भोज तयार पार्ने, भोज खुवाउने, सम्पूर्ण काममा गुठीको भूमिका रहेको पाइन्छ । यसरी मृत्युसंस्कारका हरेक काममा गुठीको भूमिका रहने गरेको पाइन्छ ।

नेवार समुदायमा गुठीको महत्व तथा प्रभाव के-कस्तो छ भन्ने सन्दर्भमा प्रस्तुत शोध अध्ययन क्षेत्रमा सञ्चालित लामाचौर नेवाःखल गुठीका सामाजिक, आर्थिक, सांस्कृतिक फाइदाहरू रहेका, गुठीले नेवार समुदायका सदस्यहरूमा सामाजिक एकता, सहयोग र सद्भावको वातावरण, गुठीयारहरूको आफ्नै कोषको स्थापना, सोही कोषबाट सदस्यहरूलाई आवश्यक परेका बखतमा ऋण प्रवाह, अवस्था हेरी आर्थिक सहयोग गर्ने गर्दा गुठीयार सदस्यहरूमा आर्थिकताको अभावले समाजबाट उपेक्षित हुननपर्ने तथ्य उत्तरदाता गुठीयार सदस्यहरूबाट पाइयो । मिश्रित रुपमा गैर नेवार जातिको बढी बाहुल्यता रहेको यस क्षेत्रमा सञ्चालित गुठीको कार्यले अन्य समुदाय/जात जातिमा समेत यस संस्थाको कार्यहरूको प्रभाव परेको पाइयो । जातीय संस्कारहरूको लोपोन्मुख अवस्थामा रहेका यस क्षेत्रका नेवार समुदायहरू गुठी संस्थाको स्थापना गरी कार्यान्वयनमा आए पश्चात् नयाँ पुस्ताहरूलाई आफ्ना संस्कारहरूको उजागरण गर्दा पुस्ता हस्तान्तरणमा टेवा पुगी आफ्नो संस्कारको महत्व बारे जानकारी बोध हुँदै गएको पाइयो । नेवार समुदायमा मनाइने सम्पूर्ण संस्कारहरु तथा पर्वहरुमा गुठीको उल्लेखनीय भूमिका रहेको पाइयो ।

# अध्याय - छ

# सारांश, निष्कर्ष एवम् सुझाव

## ६.१ सारांश

नेवार समुदाय काठमाडौं उपत्यकाको सबैभन्दा पुरानो बासिन्दा हुन् । यिनीहरू संस्कृतिका धनी जाति मानिन्छन् । उनीहरूले आफ्नो समुदायमा अन्य समुदायको भन्दा छुट्टै खालको सांस्कृतिक तथा रीतिरिवाजका कार्यहरू सम्पादन गर्दै आएको पाइन्छ । लिच्छवी र किँरातीहरूको लामो सामाजिक अन्तरक्रिया पछि नेवार जनजातिको उत्पत्ति भएको उल्लेख छ । यिनिहरू तिब्बती वर्मन भाषिक समूहभित्र पर्दछन् । नेवार एउटा जाति भन्दा वृहत विभाजन हो । जस अन्तर्गत विभिन्न उपजातिहरू संलग्न रहेका छन् । जयस्थिति मल्लले नेवारी समाजको पुनर्गठन गरी जातीय विभाजन गरेपछि यस जातिमा सामाजिक विभेदहरू देखिन थालेका थिए । "गुठी" नेवार समुदायमा अति महत्वपूर्ण सङ्गठित संस्था हो । यसले विभिन्न कार्यमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । नेवार समुदायको धार्मिक, सामाजिक तथा आर्थिक संस्था हो । थकाली जातिको "ढिकुटी" गुरुङ जातिको "रोधी" भए जस्तै नेवार जातिको "गुठी" हुन्छ । "गुठी "भन्ने शब्द संस्कृतिको "गोष्ठी" बाट अपभ्रम्श भई बनेको पाइन्छ । गुठीको इतिहासलाई हेर्दा वि.स. ५२१ मा लिच्छवी राजा मानदेवले प्रथम चाँगुनारायणको अभिलेखमा पहिला गुठी शब्दको उल्लेख गरेको पाइन्छ ।

गुठी संगठनको अवस्था र प्रकृति कस्तो छ? नेवार समुदायमा गुठीको महत्व किन छ ? नेवार समुदायको गुठी व्यवस्थापन कसरी भएको छ ? नयाँ गुठीयारहरूलाई गुठीमा प्रवेश गर्दा के कस्ता समस्याहरू छन्? प्रवेश गरिसकेपछिका काम कर्तव्य र अधिकार के के हुन्? जस्तो समस्याहरूको पहिचानको लागि नेवार समुदायमा गुठी व्यवस्थापनको बारेमा अध्ययन गर्ने र नेवार समुदायमा गुठीको महत्व र भूमिकाको अध्ययन गर्ने उद्देश्य लिई नेवार समुदायको गुठी व्यवस्थापन पोखरा महानगरपालिका वडा नं. १६ लामाचौरको एक अध्ययन शीर्षकमा यो शोध अध्ययन गरिएको हो ।

मुख्य रुपमा शोध अध्ययनको उद्देश्य पूरा गर्नको लागि वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । लक्षित उद्देश्य हासिल गर्नको निम्ति तथ्याङ्को प्रकृति प्राथमिक तथ्याङ्कका

विधिहरू मध्येका प्रमुख विधि अन्तर्वार्ता अनुसूची, मुख्य जानकार व्यक्तिसँगको छलफल र वैयक्तिक अध्ययन प्रयोग गरिएको छ । समग्र अध्ययन विधिबाट अध्ययन गरिएको अध्ययन क्षेत्रमा अनुसन्धानकर्ता एक महिनासम्म नियमित रूपमा गई जम्मा ५२ घरमुलीबाट तथ्याङ्क सङ्कलन गरिएको र अध्ययनको उद्देश्य अनुरूप गुठी संस्थाका गुठीयार सदस्यहरूबाट प्राप्त कोरा तथ्याङ्कलाई व्यवस्थित गरी हातैले तालिकीकरण विधिको प्रयोग गरी तालिकीकरण एवम् व्याख्या र विश्लेषण गरिएको छ । तथ्यहरूको प्रकृति हेरी गुणात्मक तथ्यहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाइ विश्लेषण गरिएको छ । यस शोध अध्ययनका मुख्य प्राप्तिहरू यस प्रकार रहेका छन् :

**मुख्य प्राप्तिहरू**

लामाचौरका नेवारहरूको गुठीको विषयमा गरिएको यस अध्ययनबाट निम्नलिखित प्राप्तिहरु पाइयो ।

- गुठी नेवारहरूको जातीय संगठन हो र यो उनीहरूको जातीय पहिचान पनि हो । त्यसमा पनि लामाचौर नेवाःखल गुठीमा सबै घरपरिवार नेवार जाति र श्रेष्ठ थरका नेवारहरू रहेको पाइएको छ ।
- लामाचौरका सबै नेवारहरू अनिवार्य रुपमा गुठीमा आवद्ध भएको पाइएको छ ।
- लामाचौरका नेवार समुदायमा वर्तमान समयमा विश्वव्यापीकरणको प्रक्रियाले गर्दा एकात्मक परिवारमा बसोबास गर्ने चाहना देखिन्छ । त्यसैगरी गुठीमा आवद्ध नेवार समुदाय भित्रको सदस्यहरूको परिवारको स्वरुप हेर्दा एकात्मक परिवारमा बसोबास गर्ने संख्या बढी देखिन्छ ।
- यस समुदायका नेवारहरूले नेवारका विभिन्न गुठीहरूका प्रकारबारे खासै जानकारी राखेको पाइएन । उनीहरूले गुठी भनेकै मर्दापर्दा सहयोग गर्ने (सीं गुठी) हो भनेर लिएको पाइयो । देवाली गुठीलाई कुलदेवताको पूजा भनेर नै बढी प्रचलित भएको र अन्य भीमसेन गुठी, सरस्वती पूजा गुठी, नासःद्य गुठी आदिसँग सम्बन्धित कामहरू हुने गरेका छन् र तिनीहरूको नाममा छुट्टै गुठी गठन भएको पाइँदैन ।
- गुठीका नीतिनियमहरू वार्षिक भेलाको समयमा आवश्यकताअनुसार निर्माण र परिमार्जन गर्ने गरिएको पाइयो । तर यस गुठीको दर्ता भने भएको छैन र

दर्ता गर्ने प्रक्रियामा विधानहरू निमार्ण हुँदै गरेको कुरा गुठी समितिका सचिव अशोक श्रेष्ठबाट जानकारी प्राप्त भएको छ ।

- यस लामाचौर नेवाःखल गुठीको आर्थिक कोषको वृद्धि हुँदै गएको र त्यस रकमको सदुपयोग गुठीयारहरूलाई ऋण प्रदान, सामाजिक, सांस्कृतिक, धार्मिक क्षेत्रमा सहयोग गरेर गरिदै आएको पाइएको छ ।
- यस गुठीका गुठीयारहरू एउटै ठाउँमा भए पनि छिरलिएर बसोबास गरेको पाइयो तापनि गुठीलाई बोझ र झन्झटको रुपमा लिएको भने पाइएन ।
- प्रायजसो नयाँ युवाहरू रोजगारी र व्यापार व्यवसायको सिलसिलामा गाउँ बाहिर र कतिपय विदेशी रोजगारका लागि विदेश समेत गएकाले अधिकांश घरमूली तथा वृद्धहरू र स्थानीय ठाउँमा रोजगारी प्राप्त गरेका युवाहरू र स्थानीय व्यापारीहरूको गुठीमा सहभागिता बढी रहेको पाइयो ।
- गुठीमा गुठीयारहरूबीचमा मतमतान्तरको अवस्था नरहेको र सबैले सहकार्यात्मक र प्रकार्यात्मक सम्बन्धलाई कायम राखेको पाइयो । भित्रभित्र आपसमा अन्तरविरोध हुनसक्छन् तर कसैले पनि बाहिर व्यक्त गरेको पाइएन अर्थात् उत्तरदाताहरूमा आपसमा एकता भएको र मतभेद नभएको पाइयो ।
- यस समुदायका मानिसहरू केही व्यापार, उद्योग वैदेशिक रोजगारतर्फ लागे पनि धेरैजसो नोकरी पेशामा संलग्न रहेको पाइयो । बदलिदो समय आधुनिकीकरण आदि विभिन्न कारणले गुठी व्यवस्थापनमा परिवर्तन आएको र सबै एकजुट भएर सहकार्यात्मक ढंगले काम गर्नुपर्ने, आफ्नो संस्कृती बिर्सन नहुने कुरा यस समुदायका अगुवा व्यक्तिहरूद्वारा पाइयो ।
- सबैजसो उत्तरदाताहरूले गुठीसंगठनको अपरिहार्यतालाई व्यक्त गरेको र यसको प्रभाव अन्य समुदायमा पनि परेकोले र आफ्नो जातीय पहिचानको लागि गुठीको निरन्तरता हुनुपर्ने कुरा व्यक्त गरेको पाइयो ।
- आफ्नो लोप हुन लागेको जातीय भाषालाई संरक्षण र जगेर्ना गर्नमा लामाचौर नेवाःखल गुठीको भूमिका रहेको पाइयो ।
- नेवार समुदायमा मनाइने सम्पूर्ण संस्कारहरु तथा पर्वहरुमा गुठीको उल्लेखनीय भूमिका रहेको पाइयो ।

## ६.२ निष्कर्ष

यो अध्ययन पो.म.न.पा. १६ लामाचौरका नेवार समुदायको गुठी व्यवस्थापनमा गरिएको एक समाजशास्त्रीय अध्ययन हो । नेपाली समाज बहुजातीय, बहुभाषिक, बहुधार्मिक विविध रीतिरिवाज, संस्कार र संस्कृतिले भरिपूर्ण रहेको मानिस सामाजिक प्राणी भएको र समाज बिना मानिसको कुनै अस्तित्व नभएको हुनाले "गुठी" संस्थाले केही मानवीय झुण्डहरूलाई एकतामा बाध्नुको साथै एक अर्का बीच सहयोग र सद्भाव कार्य गर्ने गरेको पाइयो ।

निष्कर्षमा गुठी व्यवस्थापनको बारेमा अध्ययन गर्दा अध्ययन क्षेत्रमा लामाचौर नेवाः खल गुठी संचालनमा रहेको पाइयो । यस क्षेत्रका सबै नेवारहरू गुठीमा अनिवार्य रुपमा आवद्ध रहेका, गुठीले नेवार समुदायमा मर्दापर्दा, सामाजिक र आर्थिक सहयोग गर्ने गरेको, साथै आफ्नो धर्म संस्कार र संस्कृति जगेर्ना गर्ने खालका विभिन्न कार्यहरू गर्दै आएका, गुठीद्वारा नेवार समुदायको नेवारहरू बिचमा सहकार्यात्मक सम्बन्ध कायम गर्न सहयोग पुगेको पाइयो । गुठीले विभिन्न स्रोतबाट रकम संकलन गरेर आफ्नै गुठी कोषमा जम्मा गर्ने कार्य गर्दै आएको पाइयो । गुठीमा प्रत्येक घरका घरमुलिले प्रतिनिधित्व गर्ने गरेको, गुठीमा महिलाको भूमिका सामान्य रहेको, नेवार समुदायमा गुठीको महत्व हुँदाहुँदै पनि गुठी व्यवस्थापनमा विभिन्न समस्या तथा चुनौतिहरू देखिएको गुठी व्यवस्थापन गर्ने तरिकामा विभिन्न परिवर्तनहरू आएकोले र गुठी व्यवस्थापनका समस्या तथा चुनौतीहरू रहेकाले त्यस्ता समस्या तथा चुनौतिहरूलाई गुठीयारहरू भेला भई समाधान गर्ने गरेको पाइयो । अन्त्यमा 'सामूहिक एकता नै बल हो' भन्ने कुरालाई सबै गुठीयारहरूसमक्ष प्रवाह गर्दै सद्भाव र सहकार्यको अवस्था सिर्जना हुनुपर्दछ भन्ने भावनाको विकास भएको पाइयो ।

नेवार समुदायमा गुठीको महत्व तथा प्रभाव के-कस्तो छ भन्ने सन्दर्भमा प्रस्तुत शोध अध्ययन क्षेत्रमा सञ्चालित लामाचौर नेवाःखल गुठीका सामाजिक, आर्थिक, सांस्कृतिक फाइदाहरू रहेका, गुठीले नेवार समुदायका सदस्यहरूमा सामाजिक एकता, सहयोग र सद्भावको वातावरण, गुठीयारहरूको आफ्नै कोषको स्थापना, सोही कोषबाट सदस्यहरूलाई आवश्यक परेका बखतमा ऋण प्रवाह, अवस्था हेरी आर्थिक सहयोग गर्ने गर्दा गुठीयार सदस्यहरूमा आर्थिकताको अभावले समाजबाट उपेक्षित हुननपर्ने तथ्य उत्तरदाता

गुठीयार सदस्यहरूबाट पाइयो । मिश्रित रुपमा गैर नेवार जातीको बढी बाहुल्यता रहेको यस क्षेत्रमा सञ्चालित गुठीको कार्यले अन्य समुदाय/जात जातिमा समेत यस संस्थाको कार्यहरूको प्रभाव परेको पाइयो । जातीय संस्कारहरूको लोपोन्मुख अवस्थामा रहेका यस क्षेत्रका नेवार समुदायहरू गुठी संस्थाको स्थापना गरी कार्यान्वयनमा आए पश्चात् नयाँ पुस्ताहरूलाई आफ्ना संस्कारहरूको उजागरण गर्दा पुस्ता हस्तान्तरणमा टेवा पुगी आफ्नो संस्कारको महत्व बारे जानकारी बोध हुँदै गएको पाइयो ।

## ६.३ सुझावहरू

प्रस्तुत शोधपत्र नेवारको गुठी व्यवस्थापनमा सीमित छ । नेवारी समुदायमा गुठीले निरन्तरता पाउन निम्नलिखित सुझावहरू प्रस्तुत गरिन्छ ।

- नेवारी समुदायको गुठी व्यवस्थापन सम्बन्धी शोध अध्ययन गर्ने क्रममा शोध कर्ताले गुठीका हरेक पाटाहरूमा शोध अध्ययन गर्नका लागि विविध कारणले असमर्थ भएका कारण साथसाथै विश्वव्यापीकरण र आधुनिकीकरणको बढ्दो प्रभावले गर्दा यस्ता सामाजिक संघसंस्थाहरू धरापमा पर्ने खतरा यस शोधअध्ययनबाट पनि देखिन आएको छ । भावी अनुसन्धानकर्ताले आधुनिकीकरण प्रक्रियाले गुठी संगठनमा पारेको प्रभाव विषयमा गहिरो अध्ययन गर्न सके हालका गुठीको वास्तविक पहिचान पत्ता लगाउन सक्ने देखिन्छ ।
- त्यस्तैगरी केहीहदसम्म नेवारी समुदायमा प्रचलित गुठीले आफ्ना रीतिरिवाज, धर्म संस्कृति, चाडपर्व, मेला, उत्सव जस्ताको जर्गेर्ना गर्नमा सफल भएकाले यस्ता सामाजिक संघसंस्थालाई निरन्तरता दिनका लागि विभिन्न तह र तप्काबाट केकस्तो भूमिका निभाउनु पर्दछ भन्ने सन्दर्भको अध्ययन गरेमा प्राचिन संस्कृतिको जगेर्ना गर्नमा टेवा मिल्न सक्ने देखिन्छ ।

# सन्दर्भग्रन्थसूची


केन्द्रीय तथ्याङ विभाग (२०६८), नेपाल सरकार काठमाडौं, सूचना तथा तथ्याङ्क विभाग ।

खड्का, मोहन (२०५५), *जिरीका जिरेलहरूको सामाजिक सांस्कृतिक अध्ययन,* अप्रकाशित शोधपत्र, प्रस्तुत त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र विभाग, त्रि.वि.वि., किर्तिपुर, काठमाडौं ।

टण्डन, गोविन्द (२०५२), *नेपालमा गुठी व्यवस्था,* काठमाडौं : नेपाल अध्ययन समूह ।

टण्डन, गोविन्द (२०५३), *गुठीमा देखा परेका समस्याहरू,* कान्तिपुर दैनिक असोज - ६ ।

तामाङ, परशुराम (२०५१), *तामाङ जातिः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान कमलादी,* काठमाडौं ।

देवकोटा, पदमलाल र ओझा, नेत्रकुमार (२०६७), *समाजशास्त्रमा सैद्धान्तिक दृष्टिकोणहरु,* बागबजार, काठमाडौं : दिव्य देउराली प्रकाशन प्रा.लि. ।

पौड्याल, दामोदार (२०३६), *समाज र राष्ट्रको उत्थानमा गुठी व्यवस्था नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान,* काठमाडौं ।

बज्राचार्य, धनबज्र (२०३०), *लिच्छवीकालका अभिलेख,* कान्तिपुर त्रि.वि.वि.नेपाल एशियाली अनुसन्धान केन्द्र ।

राजभण्डारी, कुमुद (२०७२), *नेवार समुदायमा परिवार र गुठीबीचको सम्बन्ध,* अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृ.ना.क्या., पोखरा ।

विष्ट, डोरबहादुर (२०३०), *सवै जातको फूलबारी,* काठमाडौं : साझा प्रकाशन ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन,* ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, तुलसी नारायण (२०१०), *नेपालका नेवारहरूको पहिचान र पृष्ठभूमि,* कान्तिपथ, काठमाडौंः मोर्डन प्रिन्टिङ प्रेस ।

श्रेष्ठ, दिलकुमार (२०६६), *नेवार जनजीवनमा गुठीको भूमिका एक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय पृ.ना.क्या.पोखरा ।

श्रेष्ठ, अर्जुन (२०६०), "लामाचौरका नेवार समुदाय" *स्मारिका,* इन्द्रराज्य लक्ष्मी रजत जयन्ती समारोह, पोखरा उपमहानगरपालिका वडा नं. १६ ।

Bajracharya, P.R. (2008). *Newa Buddha Sanskriti Guthi,* Kathmandu : Lotus Research Center.

Bista, D. B. (2000). *People of Nepal.* Kathmandu: Ratna Pustak Bhandar.

Chattopadhya, K.P. (1980). *An Essay on the History of Newari Culture,* Educational Enterprises Pvt., Ltd. Nepal.

Dangol, N. (2010). *Sana Guthi and The Newars: Impact of Modernization on Traditional Social Organization,* An Unpublished Master Degree Thesis Submitted to the University of Tromso Norway.

Durkheim, E. (1858-1917). *The Rules of Sociological Method by Emile Durkheim.*Compendium Theoretical Perspectives in Sociology 2009, Vol.1, New York: The Free press, New work, Collier-Macmillan Limited .

Furer Haimendrof , C. V. (1956). *Elements of Newar Social Structure.* The Journal of Royal Anthropological Institute of Great Britain and Irelnd, Vol. 86, No. 2. pp 15-88

Nepali,Gopal Singh(1965). *The Newars. Bambai,* India: United Asia Publication.

Prabhawandnda, S. & Isherwood, C. Ed. (1944). *The Song of Bhagwat Geeta,* England : Phoenix House Ltd.

Regmi, M.C. (1976), *Land Wonership in Nepal,* New Delhi: Delhi Airport Publication.

Rajbhandari, B.M. (2008). *Garva Dekhi Marnoparanta Ko Sanskar.* (In Newari & Nepal) (Rituals from Birth Till Death & Afters), Kathmandu: Mal Printing Press).

Shrestha, B.G. (2002). *The Ritual Composition Sankhu: The Socio-religious Anthropology of Newar town in Nepal*, Ceiden, the Neatherlands.

# अनुसूची एक

## अन्तर्वार्ता अनुसूची

*शोधकर्ताः बबिता बानिया*
**पृथ्वीनारायण क्याम्पस, पोखरा**

१. **सामान्य परिचय**

**घरमुलीको नाम, थर** … … … … … … … … …

ठेगानाः… … … … … … … … … … उमेरः

पेशाः शिक्षाः

लिङ्गः धर्मः

भाषाः

२. तपाईको परिवारमा कतिजना सदस्य हुनुहुन्छ ?

| क्र. सं. | नामथर | उमेर | घरमुलीसँगको सम्बन्ध | लिङ्ग | शैक्षिक योग्यता | वैवाहिक सम्बन्ध | पेशा |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |

| प्र.नं | प्रश्न | उत्तरहरू |
|---|---|---|
| ३. | तपाइको पारिवारिक संरचना कस्तो छ ? | क) एकल (ख) संयुक्त |
| ४. | तपाईको घरको प्रकार कस्तो छ? | (क) माटोले बनेको खर या जस्ता पाताले छाएको<br>(ख) बालुवा, सिमेन्टले प्लास्टर गरेको<br>(ग) आर.सि.सि. |
| ५. | तपाईको आफ्नो जग्गा जमिन छ ? | (क) छ (ख) छैन |

| | | |
|---|---|---|
| ६. | यदि छ भने कति रोपनी जति आफ्नो जमिन छ ? | (क) बारी .......रो. (ख) खेत ....... रो |
| ७. | तपाईहरूको परम्परागत पेशा के हो ? | (क) व्यापार (ख) उद्योगधन्दा<br>(ग) नोकरी<br>(घ) कृषि (ङ) बैदेशिक रोजगारी |
| ८. | हाल कुन पेशामा संलग्न हुनुहुन्छ | (क) कृषि (ख) व्यापार<br>(ग) उद्योगधन्दा (घ) नोकरी<br>(ङ) बैदेशिक रोजगारी<br>(च) अन्य .... |
| ९ | तपाईका पुर्खाहरू कहाँबाट बसाई सरी आउनु भएको हो ? | (क) भक्तपुर (ख) ललितपुर<br>(ग) काठमाण्डौ (घ) अन्य ... |
| १०. | कहिलेदेखि बसाइसरी आउनुभएको हो? | |
| ११. | तपाई कुनै संघसंस्थामा आवद्ध हुनुहुन्छ? | (क) छु (ख) छैन |
| १२. | यदि हुनुहुन्छ भने कस्तो संस्थामा आवद्ध हुनुहुन्छ ? | |
| १३. | तपाईको समुदायमा कतिवटा गुठी सञ्चालित छन्? | |
| १४. | गुठीको नाम के के हुन्? | |
| १५. | तपाई सबै गुठीमा संलग्न हुनुहुन्छ ? | (क) छु (ख) छैन |
| १६. | यदि छैन भने किन हुनुहुन्न ? | |
| १७ | गुठी सञ्चालनको समिति छ ? | |
| १८. | गुठी सञ्चालन समितिमा कति जना सदस्य हुनुहुन्छ? | |
| १९. | गुठीयारहरूको समितिको समयावधि कति वर्षको हुन्छ ? | |
| २०. | गुठीभित्र कति सदस्यहरू आवद्ध छन्? | |
| २१. | तपाईको गुठी संस्थाको मुख्य काम के हो? | |
| २२. | तपाईको विचारमा गुठी कस्तो सङ्गठन हो ? | (क) आर्थिक (ख) धार्मिक<br>(ग) सामाजिक (घ)नेवारहरूको जातीय संगठन<br>(ङ) अन्य ... |
| २३ | गुठीमा तपाईको घरबाट प्रतिनिधित्व कसले गर्दछ? | (क) घरमुलीले (ख) श्रीमतीले<br>(ग) छोरा (घ) अन्य |

| | | |
|---|---|---|
| २४. | गुठीका कार्यहरू के के हुन् ? | (क) गुठीयारहरुको दु:खद् घटनाहरुमा संलग्नता<br>(ख) संस्कारगत कार्यहरुमा संलग्नता<br>(ग) सामाजिक (विवाह ब्रतबन्द ...) कार्यमा संलग्नता<br>(ग) माथिका सबै |
| २५. | गुठीको व्यवस्थापन कसरी गर्नुभएको छ ? | (क) कोष खडा गरेर<br>(ख) भाइखलक मिलेर<br>(ग) अन्य |
| २६. | पहिलेको तुलनामा गुठी व्यवस्थापन गर्ने तरिकामा परिवर्तन आएको छ ? | (क) छ (ख) छैन |
| २७. | यदि छ भने कस्तो खालको, के के परिवर्तन आएको छ ? | |
| २८. | गुठी पूजा हुन्छ कि हुँदैन ? | (क) हुन्छ (ख) हुँदैन |
| २९. | यदि हुन्छ भने कुन महिनामा कसरी पूजा गर्नुहुन्छ? | |
| ३०. | के समुदायका सबै व्यक्तिहरू गुठीमा संलग्न छन्? | (क) छन् (ख) छैनन् |
| ३१. | यदि छैनन् भने कस्ता व्यक्तिहरू किन हुँदैनन् ? | |
| ३२. | तपाईको गुठीमा प्रवेश गर्न चाहने नयाँ सदस्य -गुठीयार) हरूलाई कस्तो व्यवस्था छ ? | (क) नि:शुल्क (ख) न्यूनतम शुल्क लिइन्छ ?<br>(ग)गुठीले एक निश्चित रकम तोकेको आधारमा |
| ३३. | तपाईको गुठीमा सामूहिक कोष छ कि छैन ? | (क) छ (ख) छैन |
| ३४. | कोषको रकम परिचालन कसरी गर्नुहुन्छ? | (क) सामाजिक क्षेत्रमा लगानी<br>(ख) गुठीभित्र मात्र प्रयोग<br>(ग) गुठीयारहरूलाई ऋणको रुपमा प्रवाह |
| ३५. | यदि छ भने त्यसका स्रोतहरू के के हुन्? | (क) नयाँ सदस्यबाट प्राप्त रकम<br>(ख) दण्ड जरिवानाबाट प्राप्त रकम<br>(ग) स्वेच्छिक सहयोगबाट प्राप्त रकम<br>(घ) माथिका सबै |
| ३६. | गुठीको कोषबाट ऋण सापटी लिने व्यवस्था छ ? | (क) छ (ख) छैन |
| ३७. | यदि छ भने कसरी प्राप्त गर्ने व्यवस्था छ ? | (क) निवेदन दिएर |

| | | |
|---|---|---|
| | | (ख) वार्षिक भेलामा उपस्थित भई माग गर्ने<br>(ग) समितिलाई व्यक्तिगत रुपमा भेट्ने (घ) अन्य |
| ३८. | ऋण लिएवापत् व्याज तिर्नुपर्छ कि पर्दैन ? | (क) पर्छ (ख) पर्दैन |
| ३९. | यदि पर्छ भने कति प्रतिशत तिर्नुपर्छ ? | |
| ४०. | सदस्यहरूले कति समयका लागि ऋण प्राप्त गर्छन्? | (क) ३ महिना (ख) ६ महिना<br>(ग) १ वर्ष (घ) अन्य |
| ४१. | गुठीमा आवद्ध हुँदा आफूलाई सामाजिक रुपमा कत्तिको सुरक्षित ठान्नुहुन्छ? | (क) सुरक्षित भएको महसुस गरेको छु<br>(ख) केही पनि छैन<br>(ग) ठिकै छ |
| ४२. | गुठीयार सदस्यहरू बीचमा कुनै मतभेद वा विभेद छ कि छैन ? | (क) धेरै नै विभेद छ<br>(ख) समानता छ<br>(ग) थाहा छैन<br>(घ) अन्य |
| ४३ | गुठी सम्बन्धी महत्वपूर्ण निर्णय कसले गर्दछ ? | (क) पालेले<br>(ख) समितिले<br>(ग) साधारण वार्षिक भेलामा<br>(घ) व्यक्तिगत रुपमा |
| ४४ | गुठीमा पाले भन्नाले तपाई के बुझ्नुहुन्छ ? | (क) गुठी सम्बन्धी कामहरूको सूचना दिने व्यक्ति<br>(ख) वार्षिक भेला सम्बन्धी प्रबन्ध मिलाउने र सम्पन्न गर्ने व्यक्ति<br>(ग) गुठीका आर्थिक प्रयोजनका लागि खटाइएको व्यक्ति<br>(घ) गुठीद्वारा सामाजिक काममा खटाइएको व्यक्ति<br>(ङ) गुठी सम्बन्धी सूचना दिने, वार्षिक भेला सम्बन्धी सम्पूर्ण कार्य गर्ने व्यक्ति |
| ४५. | गुठीमा गुठीयार हुन के गर्नुपर्छ ? | (क) स्थानीय बासिन्दा हुनुपर्छ<br>(ख) तोकिएको सदस्यता शुल्क तिर्नुपर्छ<br>(ग) माथिका दुवै |
| ४६. | गुठीको नाममा कति जग्गा छ ? | (क) ……… आना/ रोपनी<br>(ख) दर्ता नै छैन<br>(ग) थाहा छैन |

| | | |
|---|---|---|
| | | (घ) सार्वजनिक जग्गाको प्रयोग भएको छ |
| ४७ | उक्त जग्गाको भोगचलन कसले गर्दछ ? | (क) गुठी समितिले<br>(ख) पुजारीले<br>(ग) सबै सदस्यले पालैपालो<br>(घ) भोगचलन नै गरिदैन |
| ४८ | गुठीमा महिलाहरूको सहभागिता कस्तो देखिन्छ ? | (क) गुठीमा महिलाहरुको सहभागिता नै छैन<br>(ख) गुठीमा महिलाहरुलाई सामान्य सदस्यमा मात्र राख्छन् ।<br>(ग) उच्च पदहरुमा पनि महिलाहरुको संलग्नता छ |
| ४९ | यस समुदायमा गुठीको निरन्तरता आवश्यक छ कि छैन ? | (क) छ (ख) छैन |
| ५०. | यदि छ भने कारणहरू के के हुन्? | |
| ५१. | यदि छैन भने कारणहरू के के हुन्? | |
| ५२ | तपाईको समुदायले मनाउने प्रमुख संस्कारहरु र पर्वहरु के के हुन् ? | |
| ५३. | बेल विवाहमा गुठीको भूमिका के के हुन्? | (क) बेल विवाहको लागि पैसा उठाउने<br>(ख) खुला फराकिलो ठाउँ खोज्ने<br>(ग) तिथिमिति हेरेर दिन तोक्ने<br>(घ) बेल विवाहको प्रचारप्रसार गर्ने<br>(ङ) पण्डित बनाउने र जग्गिया बनाउने<br>(च) माथिका सम्पूर्ण कार्यहरु गर्ने |
| ५४. | गाईजात्रामा गुठीको भूमिका के के हुन् ? | (क) मानिस मरेको १ वर्ष नपुगेको घर पत्ता लगाउनु<br>(ख) आवश्यक गरगहना र पोशाक व्यवस्थापन गर्नु<br>(ग) आवश्यक बाजागाजाको व्यवस्थापन गर्नु<br>(घ) माथिका सबै |

| | | |
|---|---|---|
| ५५. | मृत्यु संस्कारमा गुठीको भूमिकाहरु के के हुन्छन्? | (क) मृत्युको बारेमा सबै गुठीयारहरुलाई खवर गर्ने<br>(ख) गुठीयार सबै जम्मा भई बाँस काटेर ल्याउने<br>(ग) खट (घारो) तयार गर्ने<br>(घ) घाटमा लास लैजाने<br>(ङ) मृत्यु संस्कारका सम्पूर्ण कार्यहरु गर्ने |
| ५६. | अन्त्यमा गुठी सम्बन्धी केही भन्नुहुन्छ कि ? | |

*तपाईको अमुल्य समय दिनुभएकोमा धन्यवाद*

## अनुसूची २

वैयक्तिक अध्ययनका लागि अर्न्तवार्ता सूची

१. तपाईको गुठी संस्था सम्बन्धमा केही बताइदिनुहुन्छ कि?

२. गुठी व्यवस्थापनको बारेमा बताइदिनुहोस् ।

३. गुठीका मुख्य मुख्य कार्यहरू के के हुन्?

४. गुठीको सांस्कृतिक महत्व के कस्तो छ ?

५. तपाईको समुदायमा मनाउने संस्कार र चाडपर्वहरू बारे बताइदिनुहोस् ।

६. गुठीको आर्थिक महत्व एवम् प्रभाव के कस्तो छ ?

७. गुठी संस्था हुनु पूर्व र पश्चात् पछि गुठीयारहरूको अवस्था बारे बताइदिनुहुन्छ कि ?

८. गुठी पूजाको बारेमा केही बताईदिनुहुन्छ की ?

९. गुठी व्यवस्थापनमा समस्या तथा चुनौतिहरू के के छन्?

१०. गुठी व्यवस्थापनमा के कस्ता परिवर्तनहरू आएका छन्?

११. गुठी संस्थाका मुख्य मुख्य कार्यहरू के के हुन्?

## अनुसूची ३

मुख्य जानकार व्यक्तिहरुसँगको अर्न्तवार्ता सूची

१. तपाईको गुठी संस्था सम्बन्धमा केही बताइदिनुहुन्छ कि?

२. तपाईको क्षेत्रको जातजातीय अवस्था कस्तो रहेको छ ?

३. तपाईको समुदायमा शैक्षिक अवस्था कस्तो रहेको छ ?

४. तपाईको समुदायमा मनाउने संस्कार र चाडपर्वहरू बारे बताइदिनुहोस् ।

५. गुठी व्यवस्थापनको बारेमा बताइदिनुहोस् ।

६. तपाईको समुदायको जिविकोपार्जन गर्ने तौरतरिकाको लागि गुठीको महत्व सम्बन्धमा केही बताइदिनुहुन्छ की ?

७. गुठीमा पस्ने आधारहरू के के छन् ?

८. गुठीबाट छुट्न पाइने व्यवस्था छ कि छैन ?

९. गुठीमा रहेर पनि गुठीका ऐन नियम नमाने के हुन्छ ?

१०. गुठी सञ्चालन गर्नुपर्ने कारणहरू के के हुन् ?

११. गुठी व्यवस्थापनमा समस्या तथा चुनौतिहरू के के छन्?

१२. गुठी व्यवस्थापनमा के कस्ता परिवर्तनहरू आएका छन्?

१३. गुठी संस्थाका मुख्य मुख्य कार्यहरू के के हुन्?

१४. गुठी व्यवस्थापनमा आएका समस्या समाधानका उपायहरू के के हुन सक्छन्?

१५. तपाईको समुदायले मनाउने संस्कारहरु के के हुन्?

१६. तपाईहरुले मनाउने संस्कारहरुमा गुठीको के कस्तो भूमिका रहन्छ ?

१७. तपाईले मनाउने जात्रा पर्वहरुमा गुठीको के कस्तो भूमिका रहन्छ?

# अनुसूची ४

# वैयक्तिक अध्ययन

## वैयक्तिक अध्ययन १

*मेरो नाम रामप्रसाद श्रेष्ठ हो । म यस लामाचौर नेवाः खल गुठीको संस्थापक अध्यक्ष हुँ । नेवार समुदायमा मृत व्यक्तिको घरबाट अनिवार्य गाईजात्रा निकाल्ने परम्परा रहेपनि यस लामाचौरका नेवारले गुठी स्थापना हुनु पूर्व गाई लिएर अन्य नेवार समुदायमा गाईजात्रामा मिसिन जानु पर्थ्यो तर अहिले गुठी स्थापना भएपछि आफ्नै समुदायबाट गाईजात्रा निकाल्ने काम गरिन्छ । गाईजात्रा, भैरवजात्रा देखाउँदा आवश्यक पर्ने गरगहना, भेषभूषा, वाद्यवादनका सामग्री गुठी मार्फत् व्यवस्थापन गरिएको छ । पोखरा महानगरको नेवाः खल जिल्लाले आयोजना गर्ने तया माचा नृत्य (गाईजात्रा)मा यस लामाचौर नेवाः खल गुठीपनि प्रत्येक वर्ष सहभागी भई पुरस्कार प्राप्त गर्न समेत सफल भएको छ । हाल लामाचौर नेवार समुदायका गुठीयार सदस्यहरुको जन्मदेखि मृत्युसम्मका सम्पूर्ण संस्कारहरुको कार्यमा लामाचौर नेवाः खल गुठीको सहभागिता रहेको छ । अन्य संस्कारहरु निरन्तर गरिदै आएतापनि भैरव नृत्य भने लामाचौरमा नेवाःखल गुठीको स्थापना पछि मात्र देखाउन थालिएको हो । नेपाल सम्बत्को र्‍याली (भिन्तुना र्‍याली) पनि गुठी संस्था स्थापना भएपछि मात्र सञ्चालन गर्न थालिएको हो । यस लामाचौर नेवा ःखलले लामाचौर मिस खल पुच (महिला समाज) र ल्यामा पुच (युवा समाज) गठन गर्ने काम भयो । नेवाःखलका सम्पूर्ण गुठीयार महिनाको एक पटक पालो लगाएर प्रत्येकको घरघरमा भेट तथा अर्न्तक्रिया गर्ने गरिन्छ । नेवाःखल गुठीमा प्रत्येक वर्ष गठे मङ्गल अन्तर्गत घण्टा कर्ण पर्व पनि लामाचौर चोकमा राखी बेलुका ठुली पोखरीमा लगेर सेलाउने काम गरिन्छ । यस पर्व मनाउन हाडेको घाँसबाट मूर्ति बनाउने, चोकमा राख्ने, प्रदर्शन गर्ने र चोकको वरिपरिका पसल, व्यक्ति र यातायातबाट आर्थिक सहयोग सङ्कलन गर्ने काम गरिन्छ । यो पर्व साउन, भदौ महिनामा शुभ तिथि पारेर मनाइन्छ ।*

*लामाचौर नेवाः खल गुठीमा लामाचौरमा बसोबास गर्ने सम्पूर्ण नेवार समुदाय आबद्ध रहँदै आइरहेका छन् । तर हाल आएर लामाचौर भित्र बसोबास गर्ने पुराना बासिन्दासँगसँगै विभिन्न जिल्लाबाट आएका नेवार समुदायलाई पनि समेटेर संयुक्त रुपमा नेवाःखल गुठीको काम अगाडि बढिरहेको छ ।*

## वैयक्तिक अध्ययन २

*मेरो नाम अशोक श्रेष्ठ हो । म गुठी समितिको सचिव पदमा कार्यरत छु । गुठी पूजा गर्नका लागि समुदायका सम्पूर्ण गुठीयारहरुबाट आवश्यक रकम संकलन गरिन्छ साथै प्रत्येक घर घरबाट पनि आवश्यक पूजा सामग्री निकालिन्छ र मन्दिर परिसरमा भेला भइन्छ । गुठी पूजा समुदायको ज्येष्ठ सदस्यले गर्ने काम गर्दछन् । यदि समुदायको ज्येष्ठ सदस्य अशक्त वा पूजा गर्न नसक्ने भएमा उसको अनुमतिले उहाँ पछिको ज्येष्ठ सदस्यले गुठी पूजा गर्ने काम सम्पन्न गरिन्छ । पहिले राँगो काटेर गुठी पूजा गरिन्थ्यो तर अहिले बोका वा पाठो काटेर पूजा गर्ने गरिन्छ । महिलाहरुले पानी ल्याउने चिउरा, रोटी आदि खानेकुराहरु तयार पार्ने र मिलाइदिने, प्रसाद तयार पारेर बाड्ने काम गर्दछन् । नेवारहरुको कुल मन्दिरमा गुठी पूजा गरेपछि सम्पूर्ण गुठीयारहरु मिलेर त्यही भोज भतेर खाने काम गरिन्छ । हामी नेवारहरुले भीमसेनलाई इष्टदेवता मानेर भीमसेन पूजा पनि गर्दै आइरहेका छौं ।*

## वैयक्तिक अध्ययन ३

*मेरो नाम नरेश श्रेष्ठ हो । म लामाचौरको स्थानीय बासिन्दा हुँ । हाम्रो यस लामाचौर नेवाःखल गुठीमा सम्पूर्ण गुठीयारहरु आवद्ध रहेका छन् । समाजको अस्थित्वलाई यथावत् कायम राख्दै अघि बढ्न द्वन्दभन्दा समन्वयको मात्रा बढी हुनुपर्दछ भन्ने मान्यता अनुरुप नेवार समुदायमा पनि धार्मिक तथा सामाजिक द्वन्द ल्याउने व्यक्ति  वा नीतिनियम नमान्नेलाई दण्डसजाय दिइन्छ । गुठी संगठनमा आवश्यक नीतिनियम पालना नगर्नेलाई आर्थिक जरिवाना गरिने र सामाजिक रुपमा नै सजाय दिनुपर्ने भए गुठीसमिति र गुठीयारहरुबीचमा छलफल गरी दण्ड जरिवाना वा सजाय तोकिन्छ । नेवार समुदायमा सामाजिक क्रियाकलापालाई निरन्तरता दिन गुठीका गुठीयारहरुबीचमा पूजापाठ, भोजभतेर र संस्कारगत कार्यहरुमा समन्वय छ । जस्तैः देवाली पूजा, भीमसेन पूजा, गुठीको वार्षिक भोज, मृत्यु संस्कारमा गुठीयारहरुको सामुहिक संलग्नता हुन्छ । साथसाथै गुठीमा आफ्नो महत्वपूर्ण योगदान दिंदै आएका छन् ।*

## वैयक्तिक अध्ययन ४

*मेरो नाम बलबहादुर श्रेष्ठ हो । म लामाचौरको स्थायी बासिन्दा हुँ । म यस गुठीको उपाध्यक्ष पदमा कार्यरत छु । नेवार समुदाय भित्र पनि फरक फरक सोच र आस्था भएका नेवारहरुलाई एकताबद्ध भई सामाजिक, सांस्कृतिक कार्यहरु सम्पादन गर्ने गरी गुठीले अहम् भूमिका खेलेको छ । सबै घरपरिवारहरु गुठीमा प्रवेश गरेका छन् । गुठी नेवार समाजको एउटा पहिचान पनि हो । यसले नेवारहरुको संस्कार धान्न र गुठी सदस्यहरु एकजुट भई सामूहिक रूपमा काम गर्नको लागि निरन्तर सञ्चालन भएको छ । गुठीमा महिलाको भूमिका सामान्य र पुरुषको अधिक रहेको छ ।*

*गुठीमा गुठीयारहरुलाई नीतिनियम र निर्देशन अनुसार सञ्चालन गर्नुका साथै आर्थिक क्रियाकलापमा हिसावकिताब चुस्त दुरुस्त राखिन्छ । जिम्मेवार पद या सदस्यमा रहेका व्यक्तिहरुको काम कारवाही हेर्न र गुठीयारहरु बीच आपसी भाइचाराको सम्बन्ध कायम गर्न, गुठीयारहरुका पीरमर्का र समस्याहरुको समाधान गर्नको लागि महिनै पिच्छे गुठीयारहरु भेला भई छलफल हुन्छ । सबै गुठीयारहरुको राय नै सर्वोपरि मान्य हुन्छ । गुठीबाट स्थापित मठ–मन्दिर, धारा, पाटीपौवा जुनसुकै कार्यमा पनि गुठीको आयस्तरबाट अथवा व्याजबाट सञ्चालित छन् । त्यसैले सामाजिक रूपमा जग्गा जमिन राखिदिएर त्यसबाट प्राप्त हुने आयस्ताले लोककल्याणकारी कार्यहरु गर्नका लागि निरन्तरता दिन नै सामाजिक रूपमा गुठी राखिएको हो ।*

*गुठीको माध्यमबाट नेवारी समाजको एकता र सद्भावनाको अभिवृद्धिमा प्रशस्त सहयोग मिलेको छ । हाल आएर कमी हुँदै गएको देखिए तापनि व्यक्तिगत विभिन्नता र धार्मिक आस्थाको आधारमा पाप गर्नु हुँदैन र समाजमा सेवाको भावना राख्नुपर्छ भन्ने कुरा लोप भइसकेको छैन । गुठी व्यवस्थाका कारण नेपालमा जसोतसो अहिलेसम्म धार्मिक चहलपहल केही न केही भएका छन् । गुठी व्यवस्था नभइदिएको भए गाईजात्रा, रोपाइँजात्रा आदि जात्राहरु चल्ने थिएनन् । यस्ता चाडपर्व तथा उत्सव स्थापनासँगसँगै समाप्त हुने थिए । नेपालमा विद्यमान गुठी प्रथाले गैर नेवार समुदायहरुलाई पनि प्रभाव पारेको छ । त्यसैले उनीहरुले धार्मिक कार्य गरी गुठीयारहरुको स्थायित्वको निमित्त स्थायी आयआर्जनको बाटो नै गुठी संस्था रह्यो । विद्यमान अवस्थामा गुठीप्रति नेवारी समाजको विश्वास वा आस्था पुस्ता हस्तान्तरण सहज तवरबाट नभएको अर्थात् बढ्दो आधुनिकीकरण, व्यक्तिवादी समाजको विगविगी र अन्य गैर सामाजिक सञ्जालहरुले प्रभाव पारेतापनि गुठीको उद्देश्य अनुरुप निरन्तरता दिन भने खोजिएको छ ।*

## वैयक्तिक अध्ययन ५

*मेरो नाम राजेश श्रेष्ठ हो । म विगत २०७४ देखि लामाचौर नेवाःखल गुठी संस्थाको अध्यक्ष पदमा कार्यरत छु । नेवार समुदायमा अनिवार्य गुठी हुने हुनाले यस लामाचौरमा पनि लामाचौर नेवाःखल गुठीको स्थापना भएको हो । हाम्रो यस नेवाःखल गुठीमा सम्पूर्ण नेवार समुदाय नै आवद्ध रहेका छन् । गुठी समिति १५ जना सदस्यको रहेको छ । दुई दुई वर्षमा नयाँ समिति चयन गर्ने काम हुन्छ । गुठीको आफ्नै कोष रहेको छ । गुठीयार सदस्यसँग रकम संकलन, नयाँ सदस्यबाट प्राप्त रकम, दण्ड जरिवानाबाट प्राप्त रकम, जात्रा पर्वमा रकम संकलन आदि विभिन्न माध्यमबाट कोष खडा गरेका छौं र त्यस रकमलाई ऋणको रुपमा प्रवाह गर्दै पनि आइरहेका छौ । नेवार संस्कृति जगेर्ना गर्नको लागि गठीले विभिन्न कामहरु गर्दै आइरहेको छ । यस क्षेत्रमा बसोबास गर्ने नेवारी समुदायहरु बढी रुपमा अन्य जातजातिहरुबाट प्रभावित भएता पनि नेवारी समुदायका सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक निरन्तरताको लागि गुठी संस्था खोलिएको छ । गुठी संस्थामा केही सदस्यहरुको समिति बनाई आ-आफ्नो कामको बाँडफाँड गरिन्छ । समिति सदस्यहरु र गुठीयार सदस्यहरुसँगको छलफलबाट नै गुठीयारहरुलाई पर्ने पिरमर्काको समाधान गरिन्छ । हाम्रो गुठी संस्थाको कार्यको प्रभावबाट यहाँ बसोवास गर्ने ब्राह्मण क्षत्री जातिमा पनि मर्दापर्दाको लागि सरसहयोग गर्न, गाउँ वा टोलका घरपरिवारबाट छुट्टै कोष स्थापना गरेका छन् । गुरुङहरुको पनि आफ्नै गुरुङ समाज स्थापित गरेका छन् । नेवारहरुले जस्तै पिकनिक, भोजभतेर, विवाह, ब्रतबन्धका लागि चाहिने भाँडाकुँडा, कुर्ची आदि खरिद गरी अन्य समाजले पनि सहकार्यात्मक कार्य गर्न थालेका छन् । यस्ता सहकार्यात्मक कार्यहरु वास्तवददददमा नेवार समुदायबाट सुरु भएर अन्य जातजातिहरुमा पनि बिस्तारै प्रसारण भएको छ । नेवारी जन जीवनमा प्रचलनमा रहेको गुठीको निरन्तरताले अन्य जातिहरुमा पनि गहिरो प्रभाव पारेको मैले महशुस गरेको छु ।*

# अनुसूची ५

मुख्य जानकार व्यक्तिहरुको नामावली विवरण

१. शंकर श्रेष्ठ (संस्थापक अध्यक्ष)

२. दिनेश श्रेष्ठ

३. शुशिल श्रेष्ठ

४. सुरज श्रेष्ठ

५. नरबहादुर श्रेष्ठ

६. भीम बहादुर श्रेष्ठ

७. प्रेम बहादुर श्रेष्ठ

८. अशोक श्रेष्ठ

९. शान्ति श्रेष्ठ

१०. तारा श्रेष्ठ

११. दौलत श्रेष्ठ

१२. बल बहादुर श्रेष्ठ


## अनुसूची ६

गुठी समितिका पदाधिकारीहरूको नामावली

| | | | |
|---|---|---|---|
| १) | राजेन्द्र श्रेष्ठ | - | अध्यक्ष |
| २) | बल बहादुर श्रेष्ठ | - | उपाध्यक्ष |
| ३) | अशोक श्रेष्ठ | - | सचिव |
| ४) | नरेश श्रेष्ठ | - | सह सचिव |
| ५) | राजु श्रेष्ठ | - | कोषाध्यक्ष |
| ६) | कृष्ण श्रेष्ठ | - | सदस्य |
| ७) | मोहन श्रेष्ठ | - | " |
| ८) | दौलत श्रेष्ठ | - | " |
| ९) | भिम बहादुर श्रेष्ठ | - | " |
| १०) | यम कुमारी श्रेष्ठ | - | " |
| ११) | दयालक्ष्मी श्रेष्ठ | - | " |
| १२) | अरुनमान श्रेष्ठ | - | " |
| १३) | सुनिल श्रेष्ठ | - | " |
| १४) | रागिनी श्रेष्ठ | - | " |
| १५) | शान्ति श्रेष्ठ | - | " |

# अनुसूची ७

## अध्ययन क्षेत्रको नक्सा




अध्ययन क्षेत्र

# अनुसूची ८

## अध्ययन क्षेत्रमा लिइएका केही फोटोहरू



उत्तरदातासँग तथ्याङ्क लिदै अनुसन्धानकर्ता



उत्तरदातासँग तथ्याङ्क लिदै अनुसन्धानकर्ता